जनपक्षीय विचारप्रधान साप्ताहिक

# देशप्रेम

DESHPREM National Weekly

www. deshpremweekly .com

देशप्रेम प्रकाशन प्रा़लिद्वारा प्रकाशित

वर्ष २८ अंक ७ २०८३ जेठ १७ गते आइतबार (May. 31, 2026 ) जि.प्र.का.का.द.नं. १८७/०५६/५७ मूल्य रू. १० ।


## एमालेमा पार्टी पुनरगठन र महा एकता अभियान सञ्चालन

# गणतन्त्र बिरोधीलाई चुनौती दिने तयारी

काठमाडौं । अन्य पार्टीमा बिवाद बढिरहेकै बेला एमालेले पार्टी पुनरगठन र महाँएकता अभियान सञ्चालन गरेर पार्टीभित्रको बिवादलाई पूरै साम्य बनाउने भएको छ । एमालेले पार्टीको आन्तरिक सुदृढीकरण र वर्तमान राजनीतिक परिस्थितिबारे विशेष कार्ययोजनासहित अन्तरपार्टी निर्देशन-२ जारी गरेपछि उपरोक्त अवस्थाको सिर्जना भएको सो पार्टी निकटका समाचारसूत्रहरुले बताएका छन् । पार्टीका अध्यक्ष केपी ओलीको अध्यक्षतामा गतसाता बसेको सचिवालय बैठकका निर्णयहरु समेटेर जारीगरिएको भनिएको उक्त निर्देशनमा पार्टीलाई जगैदेखि मजबुत बनाउन मिशन पार्टी जागरण अभियान घोषणा गरिएको उल्लेख छ । सो निर्देशनमार्फत एमालेले सातै प्रदेशका ७५३ वटै स्थानीय तहमा केन्द्रीय नेताहरुलाई जिम्मेवारी तोकेर कार्यविभाजनसमेत गरेको छ ।



जसअन्तर्गत केन्द्रीय सदस्यहरुलाई बिभिन्न पालिकाको इञ्चार्ज र मिशन पार्टी जागरणको प्रतिनिधि बनाएर पठाइएको छ । सो पार्टीले आगामी जेठ मसान्तभित्र संगठित सदस्यता नवीकरण गरिसक्न र नयाँ सदस्य विस्तारलाई तीव्रता दिन मातहतका कमिटीलाई निर्देशनसमेत दिएको थाहा भएको छ । यसैक्रममा अध्यक्ष ओलीले पार्टीमा पुनर्गठन र पुनर्जागरण ल्याइनेभन्दै निराशा र पलायनको बाटो नरोज्न पार्टी पंक्तिलाई आग्रह गर्नुभएको छ । पार्टी छाडिरहेकाहरुलाई सम्बोधन गर्दै अध्यक्ष ओलीले अन्तरपार्टी निर्देशनमार्फत् इतिहासका बिभिन्न कालखण्डमा गम्भीरभन्दा गम्भीर चुनौतीलाई सामनागर्दै पार्टी राष्ट्रिय राजनीतिको केन्द्रीय भूमिकामा स्थापित भएको विगत सम्झाउने प्रयास गर्नुभएको छ । उहाँले पार्टी समीक्षाको चरणमा रहेकोहुँदा केन्द्रीय कमिटीको बैठकबाट पार्टी पुनर्गठन र पुनर्जागरणको कार्य योजना अघिबढाइने छ । पार्टी सदस्यता नवीकरणको प्रक्रियाबाट नै त्यो काम अघिबढाउने छ । जतिसुकै गम्भीर समस्या भए त्यसको समाधान सम्भव छ । चुनौती जतिसुकै जटिल भए पनि त्यसको पनि सामनागर्न सकिन्छ भन्नुभएको छ । अध्यक्ष ओलीले लामो बलिदानीपूर्ण संघर्षबाट प्राप्तभएको ०७२ को संविधान नै संकटमा रहेको चित्रणसमेत गर्नुभएको छ । उहाँले लोकतान्त्रिक गणतन्त्रको भविष्य संकटमा रहेकोसमेत दाबी गर्नुभएको छ । उहाँले बर्तमान सरकारबाट संसदीय लोकतन्त्रको हुर्मत लिने काम भइरहेको पनि **बाँकी ८ पेजमा**

## संघीय शासनको तत्काल अन्त्यगर्न माग

काठमाडौं । राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले संविधान संशोधन गर्दैगर्दा सबैभन्दा पहिला संघीयता फाल्नुपर्ने बताउनु भएको छ । राष्ट्रिय जनमोर्चाले बुटवलमा आयोजना गरेको गणतन्त्र र राष्ट्रियता विषयक अन्तरक्रिया कार्यक्रमलाई सम्बोधनगर्दै अध्यक्ष केसीले उपरोक्त कुरा बताउनुभएको हो । त्यसक्रममा उहाँले संविधानलाई गतिशील दस्तावेजकारुपमा व्याख्यागर्दै समयानुकूल संशोधन आवश्यक रहेको बताउनु भएको थियो । सो कार्यक्रममा प्रस्तुत एक अवधारणा पत्रमार्फत राजमोका अध्यक्ष केसीले राजमोको निष्कर्षअनुसार संघीयताले अपेक्षित राजनीतिक स्थायित्व, आर्थिक सुदृढीकरण र राष्ट्रिय एकता दिन नसकेको दाबीगर्नु भएको थियो । उहाँले प्रशासनिक खर्च वृद्धि, राज्य संयन्त्रको बोझिलो संरचना र केन्द्र र प्रदेशबीचको अधिकारको विवाद बढ्दो अवस्थामा रहेको बताउनु भएको थियो । राजमोले संघीयताको असफलताकोरुपमा लिएको अध्यक्ष केसीको भनाई थियो । उहाँले नेपालको संविधान निर्माण प्रक्रिया ऐतिहासिक राजनीतिक सहमतिबाट अघिबढेको भएपनि त्यसको कार्यान्वयनमा देखिएका चुनौतीहरु **बाँकी ८ पेजमा**

## सुकुम्बासीहरु सिंहदरबार घेराउको तयारीमा

काठमाडौं । काठमाडौं लगायत देशका बिभिन्न स्थानबाट बिस्थापित भएका सुकुम्बासीहरुले हालै काठमाडौंमा भेलाको आयोजना गरेर सिंहदरबार घेराउनको योजना बनाएको थाहाभएको छ । उनीहरुले काठमाडौंको माइतीघर मण्डलामा हालै बर्तमान सरकार बिरुद्ध सिट्ठी जुलुससहित प्रदर्शनसमेत गरेका थिए । बिभिन्न नागरिक संगठनहरुको संयुक्त आयोजनामा विशेष विरोध प्रदर्शन सम्पन्न भएको थियो । संयुक्त राष्ट्रिय सुकुम्बासी मोर्चा नेपाल, वृहत नागरिक आन्दोलन र जेनजेड मुभमेन्ट अलायन्सले गणतन्त्र जिन्दावाद, गुनतन्त्र मूर्दावादभन्ने नाराकासाथ संयुक्तरुपमा प्रदर्शन गरेका थिए । प्रदर्शनलाई सिर्जनात्मक र सांकेतिक बनाउन आन्दोलनकारीहरुले माइतीघर सडकमा कविता वाचन, सडक नाटक, विरोध वक्तव्यकासाथै सिट्ठी जुलुससहित प्रदर्शन गरेका थिए । बर्तमान सरकारका पछिल्ला कतिपय नीति र सुकुम्बासी बस्तीमाथिको प्रशासनिक बल प्रयोगको विरोधमा उनीहरुले सिट्ठी बजाएर आक्रोश पोखिएको **बाँकी ८ पेजमा**

## कम्युनिष्ट बिरुद्ध षडयन्त्र भैरहेको खुलाशा

काठमाडौं । क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपालका महासचिव सीपी गजुरेलले कम्युनिष्ट बिरुद्ध विश्वब्यापि षडयन्त्र भैरहेको खुलाशा गर्नुभएको छ । महासचिव गजुरेलले शहीद कृष्णसेन इच्छुकको २५ औं स्मृति दिवस तथा सांस्कृतिक बलिदान दिवसलाई सम्बोधनगर्ने क्रममा उपरोक्त कुरा बताउनु भएको हो । त्यसक्रममा उहाँले क्रान्तिको बत्ति कुनै पनि हालतमा निभ्न नदिने पनि बताउनु भएको थियो । उहाँले अहिले बत्तिमा तेल कम भएको भएपनि क्रान्तिको बत्ति कुनैपनि हातलमा निभ्न नदिने बताउनु भएको थियो । उहाँले क्रान्तिको कार्यभार पूरा गरेरमात्रै इच्छुकलगायतका हजारौं शहीदहरुको सपना साकार हुने र त्योनै शहीदहरुप्रतिको सच्चा श्रद्धाञ्जली हुने पनि बताउनु भएको थियो । उहाँले जेनजी परिघटना कुनै विद्रोह नभएर साम्राज्यवादी र विस्तारवादी शक्तिहरुको यहाँका सच्चा कम्युनिष्ट क्रान्तिकारीहरु र छिमेकी मुलुक चीनका विरुद्ध परिचालित एउटा परिघटनामात्र भएको खुलाशा पनि गर्नुभएको थियो । विकसित पछिल्लो स्थितिमा छरिएर रहेका क्रान्तिकारीहरु क्रान्तिप्रति अझै आशावादीहुँदै **बाँकी ८ पेजमा**

## काठमाडौंमा भूमिगत कम्युनिष्ट सम्मेलन

काठमाडौं । काठमाडौंमा हालै भूमिगतरुपमा अन्तराष्ट्रिय कम्युनिष्ट सम्मेलन भएको थाहाभएको छ । डेमोक्रेटिक फ्रन्ट अफ फिलिपिन्सको संयोजनमा भएको सो सम्मेलनमा नेपालका पूर्ब माओवादी समूहहरु सिपि गजुरेल नेतृत्वको क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपाल, पुष्पकमल दाहाल नेतृत्वको नेपाली कम्युनिष्ठ पार्टी र नेत्रबिक्रम चन्द नेतृत्वको नेकपा ( माओवमादी) का नेताहरु सहभागी हुनुभएको थियो । कार्यक्रममा फिलिपिन्स, केन्या, अफगानिस्तान, पाकिस्तान, टर्की, जर्मनी, जापान, जोर्डन, फ्रान्स लगायतका साम्राज्यवाद तथा फासिवादका विरुद्ध लडिरहेका बिभिन्न कम्युनिष्ट पार्टीका प्रतिनिधिहरुकोसमेत उपस्थिति रहेको थियो । डेमोक्रेटिक फ्रन्ट अफ फिलिपिन्सकै आयोजनामा काठमाडौंमै गत आठगते शुक्रबार र नौगते शनिबार साम्राज्यवाद र फासिवादका विरुद्ध अन्तर्राष्टिय सैद्धान्तिक सेमिनार सम्पन्न भएको हो । कार्यक्रममा साम्राज्यवाद र फासिवादका विरुद्ध अन्तर्राष्टिय ऐक्यबद्धता जाहेर **बाँकी ८ पेजमा**

## क्रान्तिकारी नेताको मुद्धाखारेजगर्न माग

काठमाडौं । नेपाल कम्युनिष्ट पार्टीका संयोजक लोकनारायण सुवेदीले एक बक्तब्य प्रकाशितगरी क्यूवाली बयोबृद्ध क्रान्तिकारी नेता राउल क्याष्ट्रोमाथिको अमेरिकी झूटा मुद्धाखारेज हुनुपर्ने माग गर्नुभएको छ । उहाँले बक्तब्यमा हालै संयुक्त राज्य अमेरिकाको न्याय विभागले क्यूबाली क्रान्तिको ऐतिहासिक सम्मानति नेता राउल क्याष्ट्रो रुज विरुद्ध घोषणा गरेका अत्यन्तै आशचर्यलाग्दो गैरकानुनी फत्तुर.( अभियोजन)को घोरनिन्दा भर्त्सना गर्दछ र यो झूटा मुद्धा खारेजगर्न जोडदार माग गर्दछ भन्नुभएको छ । उहाँले बक्तब्यमा क्यूवालाई हरतरहले बर्षौदेखि सकसमापार्ने किसिमले नाका वन्दी र घेराबन्दी अमेरिकी साम्राज्य वादले गर्दैआएको र थप झूटा मुद्धा चलाउन थालेको छ त्यस हर्कतको बिश्वब्यापीरुपमा **बाँकी ८ पेजमा**

## अमेरिकाको सुरक्षा सहकार्यगर्ने प्रस्ताव

काठमाडौं । अमेरिकी अधिकारीहरु नेपाल आउनेक्रम जारी रहेको छ । यसैक्रममा अमेरिकी विदेश मन्त्रालयको सार्वजनिक कूटनीतिसम्बन्धी उपविदेशमन्त्री सारा बी रोजर्स तीनदिने भ्रमणका लागि हिजो काठमाडौं आइपुग्नुभएको थाहाभएको छ । परराष्ट्र मन्त्रालय श्रोतका अनुसार साराले



परराष्ट्रमन्त्री शिशिर खनाल, अर्थमन्त्री डा.स्वर्णिम बाग्लेलगायतका अन्य उच्चस्तरी भेटघाटगर्ने बताइएको छ । नेपालमा रास्वपाका वालेन शाहको नेतृत्वमा सरकार गठनपछि नेपाल आउने रोजर्स अहिलेसम्मकै सबैभन्दा वरिष्ठ अमेरिकी कूटनीतिज्ञ भएको बताइन्छ । नेपालमा नयाँ सरकार गठनयता अमेरिकाबाट लगातार उच्चस्तरीय अधिकारीहरुको भ्रमण भैरहेको छ । यसअघि दक्षिण तथा मध्यएशिया मामिला हेर्ने अमेरिकी सहायक विदेशमन्त्री समीर पल कपुर र अमेरिकी राष्ट्रपति डोनल्ड **बाँकी ८ पेजमा**

## बिभिन्न बिद्यार्थी संगठनहरुबीच मोर्चा बन्ने

काठमाडौं । नेकां, एमाले र नेपाली कम्युनिष्ट पार्टी लगायतका बिभिन्न पार्टी सम्बद्ध बिद्यार्थी संगठनहरुबीच मोर्चा बनाउने र स्वबियूको पुनस्थापनाका लागि आन्दोलनगर्ने तयारी भैरहेको थाहा भएको छ । सरकारले बिभिन्न बिश्व बिद्यालयहरुमा रहेका स्वबियूमाथि रोक लगाएपछि बिभिन्न बिद्यार्थी संगठनहरुले बिद्यार्थी संगठन खारेजी विरुद्ध प्रदर्शन जारी राखेका छन् । यसैक्रममा नेकपा( मसाल) सम्बद्ध अखिल नेपाल स्वतन्त्र बिद्यार्थी यूनियन (छैठौं) ले बिद्यार्थी संगठन खारेजी विरुद्ध काठमाडौंको हालै माइतीघरमा विरोध प्रदर्शन गरेको छ । केन्द्रीय अध्यक्ष सुभाष जिसी, महासचिव पुरन पोखेलगायत केन्द्रीय पदाधिकारी तथा सदस्यको उपस्थितिमा सो कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा बिद्यार्थीले बिभिन्न विषयमा नाराबाजीसमेत गरेका थिए । बिद्यार्थी संगठन खारेजीको निर्णय तुरुन्त फिर्ता गर !, बढ्दो मूल्यवृद्धि नियन्त्रण गर !, भदौ २३ गतेको आपराधिक र भदौ २४ गते देश जलाउने दुवै **बाँकी ८ पेजमा**

## नेता पुष्पकमल दाहाल अस्पताल भर्ना

काठमाडौं । नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल ‘ अस्वस्थ्य हुनुभएको थाहाभएको छ । गत चार दिनदेखि अस्वस्थ रहँदै आउनु भएका संयोजक दाहाल हिजो शनिबार विहान ललितपुरस्थित मेडिसिटी अस्पतालमा भर्ना हुनुभएको हो । उहाँमा रुघा र ज्वरोकासाथै हल्का निमोनियाका देखिएको छ । उहाँलाई चिकित्सकहरुले अस्पतालमा भर्नागरेर उपचार गरिरहेको दाहालका स्वकीय सचिव गोविन्द आचार्यले जानकारी दिनुभएको हो । आचार्यका अनुसार दाहालको स्वास्थ्यमा क्रमशः सुधार भइरहेको छ । गत शुक्रबार दाहाललाई १०२ डिग्री ज्वरो आएपछि घरमै डाक्टर बोलाएर स्वास्थ्य जाँच गरिएको भनिएको थियो । उहाँको सबै उपचार सोही अस्पतालमा हुने गरेको जानकारहरुले बताएका छन् ।

## संसदमा २१ खर्बको बजेट ल्याएकोमा आलोचना

काठमाडौं,१६ जेठ । संसदमा २१ खर्बको बजेट ल्याएकोमा नेकां र एमाले लगायतका दलहरुले आलोचना गरेका छन् । आजबाट शुरुहुने बजेटमाथिको छलफलमा त्यसको चिरफार गरिने तयारी रहेको छ । अधिकांश दलहरुले श्रोत बिनाको ठूलो बजेट ल्याएकोभन्दै गत शुक्रबारबाटै बिरोध गरेका छन् । बर्तमान सरकारका अर्थमन्त्रि डा. स्वर्णिम वाग्लेले गत शुक्रबार संसदमा २१ खर्ब २४ अर्ब ३४ करोड रुपैयाँको बजेट पेश गर्नुभएको थियो । सो बजेट हालसम्मकै ठूलो मानिएको छ । यसअघि १८ खर्बको मात्र ल्याउने तयारी थियो । अर्थमन्त्री डा.वाग्लेले चालूतर्फ १२ खर्ब ७० अर्ब ५८ करोड अर्थात् ५९.८ प्रतिशत बजेट विनियोजन गर्नुभएको छ । त्यसैगरी पूँजीगततर्फ चारखर्ब ३१ अर्ब १० करोड अर्थात् कूल विनियोजनको २०.३

**समाचार विश्लेषण**

प्रतिशत तथा वित्तीय व्यवस्थापनतर्फ चारखर्ब २२ अर्ब ६४ करोड अर्थात् १९.९ प्रतिशत बजेट छुट्याउनुभएको छ । सो बजेट चालू आबको संशोधित अनुमानको २५ प्रतिशत बढी हो । चालू आबका लागि गत ०८२ जेठ १५ मा तत्कालीन अर्थमन्त्री विष्णुप्रसाद पौडेलले १९ खर्ब ६४ अर्ब ११ करोड रुपैयाँ बजेट ल्याउनु भएको थियो । जसमा चालू खर्चको लागि ११ अर्ब ८० अर्ब ९८ करोड अर्थात् ६०.१ प्रतिशत, पूँजीगततर्फ चारखर्ब सातअर्ब ८९ करोड अर्थात् २०.८ प्रतिशत, वित्तीय व्यवस्थापनतर्फ तीनखर्ब ७५ अर्ब २४ करोड अर्थात् १९.१ प्रतिशत विनियोजन गरिएको थियो । तर ०८२ को भदौ २३ र २४ को बिध्वंशपछि उक्त बजेट कार्यान्वयनभने सुशीला कार्की नेतृत्वमा बनेको सरकारले गरेको थियो । तत्कालीन कार्की सरकारका अर्थमन्त्री रामेश्वर खनालले उक्त बजेट पूरै खर्च नहुने अर्धवार्षिक समीक्षा मार्फत संशोधित अनुमान गर्नुभएको थियो । अर्धवार्षिक समीक्षाअनुसार शुरु विनियोजनको ८५.९६ प्रतिशतमात्रै खर्च हुने अनुमान छ । सोअनुसार चालू आबमा १६ खर्ब ८८ अर्ब ३२ करोड ६७ लाख रुपैयाँ **बाँकी ८ पेजमा**

## भारतीय सीमामा सुरक्षा सतर्कता बढाइयो

काठमाडौं । नेपालको सरकारले भारतीय सीमामा सुरक्षा सतर्कता बढाएको थाहा भएको छ । भारतसँग सीमा जोडिएका झापा लगायतका बिभिन्न जिल्लाका सीमा नाकामा रोहिंग्या शरणार्थीसहित विदेशी नागरिकको अनधिकृ[redacted] सुरक्षा सतर्कता उ[redacted] भनिएपनि त्यसबारे आधिकारिक कारण खुलाईएको छैन । प्रधानमन्त्रि वालेन्द्र शाहको नेतृत्वमा रहेको गृहमन्त्रालयको निर्देशनानुसार विदेशी नागरिकको अवैध प्रवेश नियन्त्रणगर्न सुरक्षा संयन्त्र सक्रियरुपमा परिचालन गरिएको भनिएको छ । झापाका सहायक प्रजिअ तेजप्रकाश प्रसाईंले काँकडभिट्टा, भद्रपुर, गौरीगञ्ज, टाघनडुब्बा, केचना र बाहुनडाँगीजस्ता संवेदनशील सीमावर्ती क्षेत्रमा अनधिकृत घुसपैठ हुनसक्ने सूचना प्राप्त भएपछि सुरक्षा व्यवस्था कडा पारिएको स्थानीय समाचारदाताहरुलाई जानकारी दिनुभएको छ । तर हालसम्म उक्त अभियानमा के कति विदेशी पक्राउ परे भन्ने खुलाईको छैन । छिमेकी मुलुक भारतका पश्चिम बंगाललगायत बिभिन्न प्रान्तमा अनधिकृत बसोबासगर्दै आएका आप्रवासीलाई स्वदेश फर्काउने अभियान शुरु हुनसक्ने चर्चासँगै उनीहरु नेपालतर्फ प्रवेश गर्नसक्ने आँकलन गरिएको भनिएको छ । यसैक्रममा सशस्त्र प्रहरी बलको २ नं गणले पूर्वी नाका काँकडभिट्टामा स्थानीय बासिन्दालाई सचेत गराउँदै कुनैपनि विदेशी नागरिकको शंकास्पद गति[redacted]ए तत्काल जानकारी गर[redacted] मार्फत आग्रह समेत[redacted] म्यान्माबाट विस्थापित[redacted] पुगेका रोहिंग्या समुदायका व्य[redacted]त आश्रयको खोजीमा बिभिन्न देशमा फैलिरहेका छन् । उनीहरु बंगलादेशहुँदै भारतीय सीमावर्ती क्षेत्रमा पुगेको र त्यहाँबाट लुकिछिपी नेपाल प्रवेश गर्नसक्ने सम्भावनालाई दृष्टिगतगरी झापा प्रशासनले सुरक्षा रणनीतिलाई थप सुदृढ बनाएको बताइएको छ । यसैक्रममा नेपाल-भारत सीमा सुरक्षा तथा समन्वय सम्बन्धी महत्वपूर्ण बैठक हालै भारतको सितामढीमा सम्पन्न भएको छ । सीमावर्ती **बाँकी ८ पेजमा**

## गणतन्त्र..

बताउनुभएको छ । अध्यक्ष ओलीले नयाँ र पुरानाको नाममा लोकतन्त्रका लागि लामो संघर्ष गरेका राजनीतिक दल र नेतृत्वलाई विस्थापितगर्ने षड्यन्त्र जारी छ । भूराजनीतिक द्वन्दमा नेपालीको भूमिलाई दुरुपयोगगर्न चाहने स्वार्थी तत्वहरुको चलखेल बढेको छ । नवगठित सरकारका काम र क्रियाकलापहरुले नेपालीको भौगोलिक अखण्डतानै संकटमा पर्ने होकि भन्ने गम्भीर आशंका पैदाभएको बताउनु भएको छ । उहाँले यस्तो अवस्थामा पार्टी आन्दोलनको मात्र होइन, लोकतान्त्रिक भविष्यको सुनिश्चिताका लागि संविधानको रक्षागर्ने अभिभारासमेत पार्टीसामू रहेको बताउनुभएको छ । उहाँले विश्व व्यवस्थामा भइरहेको हलचल र त्यसका प्रभावहरुबाट क्षेत्रीय अस्थिरता उत्पन्न नहोस् र नेपालको सार्वभौमसत्ता र अखण्डतामा समस्या नआओस् भन्नका लागि पनि हाम्रो पार्टी सबल र सुदृढ हुनु आवश्यक रहेको औंल्याउनुभएको छ । उहाँले गत भदौ २३ र २४ को घटनापछि उत्पन्न असहज परिस्थिति, पार्टीभित्र उत्पन्न अन्तरविरोध समेतका कारणले हामीले समयअगावै एघारौं राष्ट्रिय महाधिवेशन आयोजना गर्‍यौं । प्रतिगमनतर्फ अग्रसर भएको मुलुकलाई संविधान र लोकतन्त्रको बाटोमा फर्काउनका लागि प्रतिनिधिसभाको पुनर्स्थापना अपरिहार्य छभन्ने एमालेको विश्लेषणलाई नेपालका अन्य लोकतान्त्रिक दलहरुलेसाथ दिएनन् भन्नुभएको छ । एमाले निर्वाचन समीक्षा र पुनर्गठनबारे सुझाव प्रस्तुतगर्न रामबहादुर थापाको नेतृत्वमा १५ सदस्यीय कार्यदल समेत बनाएको छ । जसमा उपाध्यक्षहरु विष्णुप्रसाद पौडेल, पृथ्वीसुब्बा गुरुङ, महासचिव शंकर पोखरेल, उपमहासचिव लेखराज भट्ट, सचिवहरु छविलाल विश्वकर्मा, पद्मा अर्याल, भानुभक्त ढकाल र आठै प्रदेशका इन्चार्जहरु सदस्य रहनुभएको छ । आठ प्रदेशका इन्चार्जमा सुदूरपश्चिच दामोदर भण्डारी, कर्णाली प्रदेश यामलाल कँडेल, गण्डकी खगराज अधिकारी, बागमती महेश बस्नेत, राजधानी राजन भट्टराई, मधेस लीलानाथ श्रेष्ठ, कोशी शेरधन राई सदस्य रहनुभएको छ । एमालेले थालेको पार्टी पुनरगठन र पार्टी एकताको महाअभियानले अन्य पार्टीहरुमासमेत तरंको सिर्जना गरेको राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ ।

## काठमाडौंमा....

गरिएको थियो । कडा सुरक्षाबीच भएको सो सम्मेलनले साम्राज्यवाद र फासिवादका विरुद्ध नेपालमा आन्दोलन हुनुपर्ने कुरामा जोड दिएको थियो । कुनैपनि तस्वीर खिच्नसमेत रोक लगाइएको सो सम्मेलनकाबारेमा अन्य कुराहरु सार्बजनिक गरिएको छैन । सम्मेलन सम्पन्न भएपछि नेपालका तीनवटा कम्युनिष्ट पार्टीका साँस्कृतिक मोर्चाहरुले साँस्कृतिक कार्यक्रमसमेत प्रस्तुत गरेका थिए । काठमाडौंको बत्तिसपुतलीस्थित अनुपम फुडल्याण्डमा गत १० गते आइतबार साँझ सम्पन्न भएको साँस्कृतिक कार्यक्रममा क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल, नेपाली कम्युनिष्ट पार्टी र नेकपा (माओवादी) निकट सांस्कृतिक मोर्चाहरुमा आबद्ध जनकलाकारहरुले क्रान्तिकारी गीत तथा नृत्य प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल निकट रक्तिम साँस्कृतिक परिवार र सामाना सांस्कृति परिवारका कालाकारहरुले संयुक्तरुपमा प्रस्तुति दिएका थिए । लेकै फुल्यो लाली गुराँस, सागर तर्ने, प्रतिबन्ध, सानो सानो, क्रान्ति सम्भव छलगायत बोलका गीतमा सामना साँस्कृतिक परिवार र रक्तिम साँस्कृतिक परिवारका कलाकारहरुले नृत्य तथा अभिनय प्रस्तुत गरेका थिए । कार्यक्रममा बाल कलाकार हिमांशुले पनि नृत्य प्रस्तुत गर्नुभएको थियोभने चर्चित जनकलाकार नारायण शर्माले गीति अभिनय प्रस्तुत गर्नुभएको थियो । त्यसैगरी कार्यक्रममा नेपाली कम्युनिष्ट पार्टी निकट सामना सांस्कृतिक परिवारका जनकलाकारहरुले टुटफुट खण्डित कुरा नगर, निकैनै टाढा, सलाम तिमीलाई र कसले भन्छलगायत बोलको गीत प्रस्तुत गरेका थिए भने नेकपा (माओवादी) निकट सामनाका कलाकारहरुले सुन वालुवामा, एक जाति, मेचीकाली, जबसम्म लगायतका गीत तथा नृत्य प्रस्तुत गरेका थिए ।

## क्रान्तिकारी...

बिरोध भइरहेको छ त्यसप्रति नेपाल कम्युनिष्ट पार्टी दृढ ऐक्यबद्धता जनाउँदछ भन्नुभएको छ । यो राउल क्याष्ट्रोमाथि लगाउन थालिएको फत्तुर(झुट्ठा मुद्दा)का जुन छन् ती आरोपहरु सन् १९९६ मा क्यूबाली हवाई क्षेत्र, मियामीस्थित आतंकवादी संगठन 'ब्रदर्स टु द रेस्क्यु'को हल्का विमान गिरेको घटनासँग सम्बन्धित घटनाहरुको तोडमोडगरी खडा गरिएको झूटो हेरफेरमा आधारित छन् । संयुक्त राज्य अमेरिका न्याय विभाग अहिले ९४ बर्षका क्यूवाली क्रान्तिका सम्मानित बयोबृद्ध क्रान्तिकारी नत नेताहरुमध्येका एक राउल विरुद्ध झण्डै ३० वर्ष पुरानो यस मुद्धालाई किन सक्रिय पार्दैछ प्रश्न अनुत्तरित छ । यो कानूनी आधारविना गरिएको एक अत्यन्तै निन्दनीय राजनीतिक चाल हो भन्ने कुरा बिश्वब्यापीरुपमा मानै उदाङ्ग भइरहेको छ । संयुक्त राज्यका राष्ट्रपति डोनाल्ड ट्रम्पले गएको गएको २१ मईका दिन घोषणानै गरेका थिए कि उनीहरुको 'मनमा क्यूबा छ' र त्यो द्वीपमा आक्रमणगर्ने उद्देश्य राख्छन् । यसरी अमेरिकी साम्राज्यवादले खुलेआम भनिरहेको छकि उनीहरुक्यूबाको समाजवादी प्रणालीको बिरुद्ध छन् र त्यसैले अस्थिरता सिर्जनागर्न र शासन परिवर्तनगर्न अनेक निहु झिकेर उद्यत छन् । बक्तब्यमा नेपाल कम्युनिष्ट क्यूबामाथिको यो अमेरिकी साम्राज्यवादीका यस प्रकारका झूट फरेब र धम्कीको घोर निन्दागर्दैअत्यन्तै चूनौतिपूर्ण समयमा पनि क्यूवाली क्रान्ति र क्रान्तिकारी क्यूवाली नेतृत्वको रक्षाकाप्रति क्यूवाली जनताले देखाएको चट्टानी अडीगता र एकताप्रति पनि ऐक्यबद्धता जनाउँदछ र यस प्रकारको प्रतिकूल स्थितिमा पनिक्यूवा र क्यूवाली जनताको सार्बभौमिकतामाथिको यो नाङ्गो दबाब,अपमान र आक्रमणगर्न खोज्ने साम्राज्यवादी हर्कतको बिरुद्ध सहासी क्यूवाली जनताको पक्षमा आवाज उठाउन र खडा हुन सम्पूर्ण ब्रिश्वभरीका न्यायप्रमी जनता अग्रसर छन् र नेपाल कम्युनिष्ट पार्टी नेपाली सचेत जन समुदायमा पनि यस न्यायपूर्ण आन्दोलनमा सामेल हुन र ऐक्यबद्धता जनाउन्भन्ने जोडदार आग्रह गर्दछ भनिएको छ ।

## बिभिन्न...

अपराधीलाई कारवाही गर !, विद्यालय शिक्षा ऐन जारी गर !, टिओबीलाई प्रतिबन्ध गर !, सुकुम्वासीलाई होल्डिङ सेन्टरको नर्कबाट तुरुन्त व्यवस्थापन गर !, अमेरिकी युथ काउन्सिल तुरुन्त खारेज गर !, सहकारी ठगलाई कारवाही गर ! लगायतका नारा लगाएका थिए । प्रदर्शनमा मन्तव्य राख्दै कोषाध्यक्ष समष्टि बुढाले बिद्यार्थी संगठन नागरिकको वास्तविक आवाज भएको दावी गर्नुभएको थियो । सीमाविवाद र राष्ट्रियताको सवाल उठाउँदै उहाँले नेपाली भूमिमा रहेको कालापानी भारतीय तीर्थयात्री र व्यापारीका लागि खुलागरिने तर नेपाली जनता र नेपाल सरकारकै पहुँचबाट टाढा राखिनु लज्जास्पद छ भन्नुभएको थियो । उहाँले राजा महेन्द्रको पालादेखि बस्दैआएको भारतीय सेना हटाउन र सीमाविवाद हलगर्नेक्रममा सरकारले भारतीय साम्राज्यवादसामु घुँडा टेक्न नहुने आवश्यकतामा जोड दिनुभएको थियो । त्यसैगरी सचिवालय सदस्य सेवक भट्टराईले लामो इतिहास बोकेका बिद्यार्थी संगठनलाई सिध्याएर देशमा वैदेशिक हस्तक्षेप बढाउन खोजिएको आरोप लगाउनुभएको थियो । उहाँले साम्राज्यवादी शक्तिले नेपालमा युथ काउन्सिल र युथ पायोनियरजस्ता संगठन खडागरेर सांस्कृतिक हमला गरिरहेका छन् । तराईमा भारतीय सत्ता पक्षका संगठन विस्तार भइरहेका छन् । सरकार तिनलाई रोक्नुको साटो नेपालमा राणा शासन र पञ्चायत ढाल्न लडेका बिद्यार्थी संगठनलाई क्याम्पस छिर्न नदिएर प्रतिबन्ध लगाउन खोज्दैछ । यो सरासर निरंकुशता हो भन्नुभएको थियो ।

## संघीय..

भएको बताउनु भएको थियो । उहाँले यही सन्दर्भमा राजमोले संघीयताको पुनरावलोकनमात्र होइन, खारेजगर्नुपर्ने निष्कर्ष निकालेको दाबि पनि गर्नुभएको थियो । उहाँले संघीयता संविधानको आधारभूत संरचनामध्ये एक भएतापनि नेपालको परिवेशमा यो उपयुक्त छैन भन्नुभएको थियो । राजमोको सो कार्यक्रममा सहभागी कानूनविद् र सरोकारवालाहरुले पनि संविधानको संशोधनलाई राजनीतिक दलहरुको स्वार्थभन्दा माथि राख्नुपर्नेमा जोड दिनुभएको थियो । त्यसक्रममा उच्च अदालत बार एशोसिएशन बुटवलका अध्यक्ष गोविन्द मरासिनी र वरिष्ठ अधिवक्ता खुमाकान्त पौडेलले संविधान संशोधनगर्दा संवैधानिक सर्वोच्चता, अधिकारतयस्-कर्तव्य सन्तुलन तथा राष्ट्रियतालाई बलियो बनाउने कुरामा ध्यान दिनुपर्ने धारणा राख्नुभएको थियो । सो कार्यक्रममा अधिवक्ता पदम कार्की, उद्योग व्यापार संघका प्रकाश ढाकाल, राष्ट्रिय जनमोर्चाका पुरुषोत्तम कँडेल, क्रान्तिकारी कम्युनिष्ट पार्टीका प्रेम सुवेदी, नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का सरद ओली, नेपाली कम्युनिष्ट पार्टीका पशुपति भण्डारी, एमालेका बाबुराम पन्थी, नेपाली काँग्रेसका गोविन्द खनालले आआफ्ना पार्टीको धारणा प्रस्तुत गर्नुभएको थियो । राजमोले सरकारी समितिलाई आफ्नो लिखित सुझाव समेत दिइसकेको छ ।

## सुकुम्बासी..

थियो । प्रदर्शनमा सहभागी अधिकार कर्मी तथा सुकुम्बासीहरुले जनसरोकारका मुद्धाहरुलाई बेवास्ता गरेकोभन्दै सरकारविरुद्ध चर्को नाराबाजीसमेत गरेका थिए । यसैक्रममा सुकुम्बासीहरुले चरबद्ध आन्दोलनको घोषणागर्दै आगामी ३० र ३१ गते सिंहदरबार घेर्ने तयारी गरेको थाहाभएको छ । नेपाल भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासी संरक्षण समितिले काठमाडौंमा एक पत्रकार सम्मेलनगर्दै उपरोक्त घोषणा गरेको हो । पत्रकार सम्मेलनमा समितिले १५ बुँदे मागराख्दै सिंहदरबार घेराउदेखि नेपाल बन्दसम्मका कार्यक्रम सार्वजनिक गरेको छ । तर नेपाल बन्द कहिले हुने ? भन्ने खुलाइएको छैन । त्यसक्रममा समितिका संयोजक खगेन्द्र पौडेलले लाखौं भूमिहीन-सुकुम्बासी समुदायमाथि वैकल्पिक पुनर्स्थापना, उचित व्यवस्थापन बिना डोजर लगाइएकोले संघर्षमा उत्रिन बाध्य भएको जानकारी दिनुभएको थियो । उहाँले गत तीन र चारगते रुपन्देहीको बुटवलमा भएको विशाल जन प्रदर्शन सहित राष्ट्रिय भेलामार्फत सघर्षका कार्यक्रम तयगरेको र आफूहरुले उठाएका १५ बुँदे माग पूरानभए सोही अनुरुप संघर्ष चर्काउने चेतावनी पनि दिनुभएको थियो । सर्वोच्च अदालतको अल्पकालीन आदेशका समेत ठाडो उल्लंघन गरेर डोजर आतंक मच्चाएकोमा रोष व्यक्तगर्दै पौडेलले महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति तथा विपन्न परिवारमाथि गम्भीर अमानवीय हर्कतको प्रतिवादको लागि हामी तयार छौं भन्नुभएको थियो । संरक्षण समितिका सल्लाहकार संयोजक वीरेन्द्र विकले वर्षौंदेखि बसोबास गर्दैआएका भूमिहीन तथा सुकुम्बासीहरुलाई विना विकल्प डोजर लागाउने कार्यले वर्तमान सरकार हुनेखानेको मात्रै भएको आरोप लगाउनुभएको थियो । उहाँले सरकारले आफ्ना माग र भनाई नसुने आगामी ३० र ३१ गतेबाट सिंहदरवार घेराउ सहितको राजधानी केन्द्रित प्रदर्शनगर्ने बताउँदै सरकारलाई ध्यानाकर्षणले नपुग्ने देखिएकोले सिंहदरबार घेराउदेखि नेपाल बन्दसम्मको कार्यक्रम घोषणागर्न बाध्य भएका छौं भन्नुभएको थियो । समितिका सदस्य वीरमान लामाले सुकुम्बासी तथा पीडित भूमिहीनहरुलाई सरकारले लालपूर्जाको व्यवस्था गर्नुपर्ने, क्षतिपूतिसहित उचित व्यवस्थापन गर्नुपर्ने, अवैधानीक डोजर अभियान बन्द गर्नुपर्नेलगायतका १५ बुँदे मागहरु पूरानभए देशव्यापी आन्दोलन चर्काउने कार्ययोजना रहेको जानकारी दिनुभएको थियो ।

## कम्युनिष्ट..

हरेक प्रतिकूलताको समनागर्दै क्रान्तिको तयारीमा जुट्नुपर्ने आबश्यतामाथि जोड दिनुभएको थियो । उहाँले शहीद इच्छुकको बहुआयामिक व्यक्तित्व र कृत्तित्वबाट शिक्षा लिँदै नयाँ जनवादी क्रान्ति र वैज्ञानिक समाजवादी क्रान्तिको कार्यभार पूरागर्न अगाडि बढ्नुपर्ने पनि बताउनु भएको थियो । कार्यक्रमलाई सम्बोधनगर्दै पार्टीका प्रवक्ता हेमन्तप्रकाश ओलीले नयाँ जनवाद, वैज्ञानिक समाजवाद शहीद कृष्णसेन इच्छुकको सपना भएकोभन्दै त्यो सपना क्रान्तिकारीहरुले जसरी पनि पूरा गर्नुपर्ने विचार व्यक्त गर्नुभएको थियो । कृष्ण सेनको जनयुद्ध कालमा काठमाडौंको प्रदर्शनीमार्ग स्थित प्रहरी क्लवमा रहस्यमय हत्या गरिएको थियो ।

## अमेरिकाको...

ट्रम्पका दक्षिण तथा मध्य एशिया विशेषदूत सर्जियो गोरले नेपालको भ्रमण गर्नुभएको थियो । उपविदेशमन्त्री रोजर्स नेपालसहित भारत, उज्वेकिस्तान र तुर्कमेनिस्तानको आधिकारिक भ्रमणमा रहनुभएको छ । सूत्रहरुले रोजर्श काठमाडौंस्थित अमेरिकी दूतावासका जनसम्पर्क प्रमुख माइक हार्करले गतसाता सगरमाथा आरोहण गरेको उपलक्ष्यमा आज १७ गते आयोजना हुने कार्यक्रममा सहभागी हुने जनाएका छन् । हार्कर नेपालमा कार्यरत कूटनीतिज्ञहरुमध्ये सगरमाथा आरोहण गरेको पहिलो कीर्तिमान बनाउनुभएको छ । दूतावासले उहाँको सम्मानमा आज जेठ १७ गते आइतबार 'द एसेन्ट समिट' नामक विशेष समारोह आयोजना गर्दैछ । कार्यक्रममा सगरमाथा आरोही हार्करलाई सम्मान गरिनेअस् भएको छ । पर्वतारोहण र कूटनीतिको लागि अमेरिकी दूतावास नेपालका जनसम्पर्क प्रमुख माइक हार्करले मे २० (जेठ ६ गते) मा सफलतापूर्वक सगरमाथाको आरोहण गर्नुभएको बताइएको थियो । रोजर्स भोली सोमबारसम्म काठमाडौंमा रहनुहुने छ । रोजर्स गत शुक्रबार भारतको नयाँ दिल्ली पुग्नुभएको थियो । रोजर्सले नयाँ दिल्लीमा सार्वजनिक कूटनीति, रणनीतिक सञ्चार र जनता-जनताबीचको सम्बन्ध, नवप्रवर्तन, आर्थिक अवसर र क्षेत्रीय सुरक्षामा अमेरिका-भारत साझेदारीलाई कसरी अगाडि बढाउन मद्धत गर्छभन्ने विषयमा भारतीय अधिकारीहरुसँग छलफल गर्नुभएको बताइएको छ । उहाँले नेपालमा पनि सुरक्षा सहकार्यकाबारेमा बिभिन्न नेताहरुसँग वार्ता गर्नुहने बताइएको छ ।

## भारतीय...

क्षेत्रमा बढ्दो तस्करी, लागूऔषध कारोबार र सीमा अपराध नियन्त्रणलाई केन्द्रमा राखेर आयोजित भनिएको सो बैठकमा दुवै देशका सुरक्षा तथा प्रशासनिक अधिकारीहरुको उपस्थिति रहेको थियो । गत नौगते शनिबार सम्पन्न उक्त दुईदेशीय बैठकमा नेपालतर्फबाट इन्द्रदेव यादवको नेतृत्वमा प्रतिनिधिमण्डल सहभागी भएको थियोभने भारतीय उच्च सुरक्षा अधिकारीहरुको पनि उपस्थिति रहेको थियो । बैठकमा दिनेश सागर भुसाल, रामुराज कडरियासहित बिभिन्न सुरक्षा निकाय, भन्सार, वन तथा नापी कार्यालयका प्रमुखहरुको सहभागिता रहेको बताइएको छ । बैठकमा विशेषगरी भारततर्फबाट हुने मदिरा तस्करी नियन्त्रण र नेपालतर्फ हुने लागूऔषध ओसारपसार रोकथामका विषयमा गम्भीर छलफल भएको रौतहटका प्रमुख जिल्ला अधिकारी भुसालले जानकारी दिनुभएको छ । उहाँकाअनुसार सीमा क्षेत्रमा हुने आपराधिक गतिविधि नियन्त्रण, सुरक्षा निकायबीच सूचना आदान-प्रदानलाई प्रभावकारी बनाउने तथा संयुक्त समन्वय र सहकार्यलाई थप सुदृढगर्ने विषयमा दुवै पक्षबीच सहमति बनेको छ । बैठकमा रौतहटको डुबान समस्या पनि प्रमुख एजेण्डाकारुपमा उठाइएको थियो । भारतीय पक्षले सीमाक्षेत्र मिचेर निर्माण गरिरहेको बाँधका कारण गौरसहित करिब एकदर्जन सीमावर्ती गाउँ डुबानको उच्च जोखिममा परेकोभन्दै नेपाली पक्षले तत्काल समाधानको मागगरेको थियो । नेपाल-भारत सीमामा वर्षौंअघि निर्माण गरिएको बाँधमा रहेको स्लुइस गेट बन्दगरी पछिल्लो समय तटबन्ध विस्तारगर्ने क्रममा पानी निकाशको संरचनासमेत पुरिएकोभन्दै नेपाली अधिकारीहरुले चिन्ता व्यक्त गरेका थिए । त्यसैगरी बाँकेको नेपालगञ्ज क्षेत्रमा पनि सीमामा कडा सुरक्षा प्रबन्ध गरिएको बताइएको छ ।

## संसदमा..

कूलबजेट खर्च हुने अर्थमन्त्रालयको अनुमान रहेको पाइन्छ । सरकारले आगामी आब ०८३/०८४ मा सात प्रतिशत आर्थिक वृद्धिको लक्ष्य लिएको छ । चालू बजेटमा छप्रतिशत आर्थिक वृद्धिको लक्ष्य लिइएकोमा अर्थमन्त्री डा. वाग्लेले महत्वाक्यांक्षी वृद्धिदरको लक्ष्य लिनुभएको हो । राष्ट्रिय तथ्यांक कार्यालयले यसबर्ष ३.८५ प्रतिशतमात्रै आर्थिक वृद्धिहुने प्रक्षेपण पनि गरेको छ । सरकारले मदिरा र चुरोटको कर बढाएको छ । सरकारले चुरोटमा करिब १० प्रतिशतसम्म र मदिरा तथा बियरमा लाग्ने अन्तःशुल्क वृद्धिगरेको छ । अर्थमन्त्री डा. वाग्लेले आगामी आब ०८३/८४ देखि माइक्रो ब्रुअरीलाईसमेत मदिरा उद्योगकारुपमा दर्तागरेर अन्तःशुल्को दायरामा ल्याउने प्रस्ताव गर्नुभएको छ । सरकारले निजामती र सुरक्षा निकायसहित सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुको तलबमानमा २१ प्रतिशत वृद्धिगरेको छ । आगामी साउन एकगतेदेखि लागू हुनेगरी कर्मचारीहरुको शुरु तलब स्केलमा वृद्धि र अतिरिक्त प्रोत्साहन भत्ताको घोषणा गरिएको छ । नयाँ व्यवस्थाअनुसार तल्लो तहका कर्मचारीको न्यूनतम मासिक पारिश्रमिक ग्रेडसहित कम्तीमा ४० हजार रुपैयाँ पुग्नेछभने मुख्य सचिवको मासिक तलब एकलाख रुपैयाँभन्दा माथि हुनेछ । सरकारले कर्मचारीहरुले खाइपाइ आएको महँगी भत्तालाई यथावतराख्दै शुरु तलब स्केलमा १० प्रतिशत वृद्धिगरेको हो । प्रशासनिक सुधार र सार्वजनिक सेवा प्रवाहलाई थप चुस्त एवं नतिजामुखी बनाउन सरकारले यसपटक पारिश्रमिक लाई कार्यसम्पादनसँग जोड्ने नयाँ रणनीति अख्तियार गरेको छ । तलब वृद्धि र प्रोत्साहन भत्ताको नयाँ मोडालिटीबारे अर्थमन्त्री वाग्लेले कर्मचारीले हाल प्राप्त गरिरहेको महँगी भत्तालाई निरन्तरतादिँदै शुरु स्केलमा १० प्रतिशत तलब वृद्धि गरेको बताउनुभएको छ । अर्थमन्त्री डा. वाग्लेले कर प्रणालीका सुधारका विशेष घोषणा गर्नुभएको छ । उद्यम व्यवसायलाई राहत र मध्यम वर्गको विस्तारगरी समग्र अर्थतन्त्रलाई गतिशिल बनाउन करका दरका वृहत् पुनरावलोन गरेको अर्थमन्त्री डा. वाग्लेले संसदमा बताउनुभएको छ । करको बोझ आयकर छूटको सीमा दोब्बरगरी व्यक्तिका लागि १० लाख पुर्‍याइएको छ । व्यक्तिगत आयकर ३९ प्रतिशतबाट घटाएर २९ प्रतिशतमात्रै लाग्ने बनाइएको छ । नेपाली कांग्रेसले बजेटमा संशोधन प्रस्ताव पेशगर्न आवश्यक तयारी गरिरहेको बताइन्छ ।

बालबालिकाको खानपान र स्वास्थ्यमा ध्यान दिऔं ।

❖ सन्तुलित पौष्टिक आहार नियमित खुवाऔं,
❖ जंकफुड तथा अत्यधिक चिनी, नुन र तेलयुक्त खाने कुरा घटाऔं,
❖ नियमित खोप लगाऔं, स्वास्थ्य जाँच समयमै गराऔं,
❖ स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं,
❖ हात धुन र सफाइ गर्न सिकाऔं,
❖ पर्याप्त निन्द्रा र दैनिक खेलकुद/व्यायाममा प्रोत्साहन गरौं,
❖ मोवाइल/स्क्रिन समय सीमित गरौं,
❖ मानसिक स्वास्थ्य र सकारात्मक व्यवहारमा ध्यान दिऔं ।

स्वस्थ बालबालिका, उज्ज्वल भविष्यको आधार ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**डा.केशव देवकोटा**
**प्रधान सम्पादक**
E-mail: krdevkota@gmail.co
deshprem977@gmail.com
सम्पर्क : काठमाडौं–२८ बागबजार
प्रकाशक : देशप्रेम प्रकाशन प्रा.लि.भक्तपुर–१
फोन/फ्याक्स ६६१७७४०,मो.९८५१०९८७०३
फोन. : ५३३२८९०,पो.ब.नं. : १०७४२
मुद्रक : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं
कम्प्युटर : देशप्रेम कम्प्युटर्स, बागबजार, काठमाडौं ।

*सम्पादकीय*

# नेपालको आर्थिक अवस्था र बजेटले निर्धारण गरेको बाटो

**अर्थमन्त्रि डा. सर्णिम वाग्लेले गत शुक्रबार संसदमा आगामी आब ०८३/०८४ को बजेट सार्बजनिक गर्नुभएको छ। जसकाबारेमा संभवत आज आइतबारबाट संसदमा छलफल अगाडि बढ्ने छ। गत फागुन २१ को निर्वाचनबाट रास्वपाले संसदमा झण्डै दुई तिहाइमत हाँशिल गरेका कारण यसअघि सरकारको नीति तथा कार्यक्रम सहजै पारित भएको थियोभने अब नयाँ बजेटपनि संसदबाट सजिलै पारित हुने कुरामा शंकागर्ने ठाउँ छैन। तर राष्ट्रिय सभा, प्रदेश र स्थानीय तहमा नेपाली कांग्रेस र एमालेको बाहुल्यता रहेका कारण नयाँ बजेट सहजै कार्यान्वयन हुने संभावनाभने कमै छ। सरकारले बजेट सार्बजनिक गर्नुअघि चालू आर्थिक बर्ष ०८२/८३ को आर्थिक सर्वेक्षण सार्वजनिक गरेको थियो। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले संसदको बैठकमा गतसाता बुधबार चालू आर्थिक बर्ष ०८२/८३ को आर्थिक सर्वेक्षण सार्वजनिक गर्नुभएपछिदेखिनै बिभिन्न टिकाटिप्पणीहरु थालिएका छन्। आर्थिक सर्वेक्षणअनुसार चालू आर्थिक बर्षमा नेपालको अर्थतन्त्र ३.८५ प्रतिशतले विस्तार हुने अनुमान गरिएको छ। विश्व अर्थतन्त्र ३.१ प्रतिशतमा खुम्चने प्रक्षेपण भइरहेका बेला नेपालको यो वृद्धिदरलाई सकारात्मक पनि मानिएको छ। देशको अर्थतन्त्रको कूल आकार ६६ खर्ब रुपैयाँ पुग्ने र नेपालीको प्रतिव्यक्ति कूल राष्ट्रिय आय एक हजार ५३५ अमेरिकी डलर पुग्ने प्रक्षेपण गरिएको छ। प्रदेशगतरुपमा बागमती र गण्डकी प्रदेशको वृद्धिदर राष्ट्रिय औसतभन्दा माथि रहेपनि अन्य प्रदेशको वृद्धिदरभने औसतभन्दा न्यून रहने देखिएको छ। अर्थमन्त्री डा. वाग्लेले संसदमा पेश गरेको सर्वेक्षणअनुसार कूल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २४ प्रतिशत र गैरकृषि क्षेत्रको ७६ प्रतिशत रहने अनुमान रहेको देखिन्छ। आर्थिक गतिविधिमा बागमती प्रदेशको अग्रता कायमै देखिन्छ। जसले कूल गार्हस्थ्य उत्पादनमा ३६.७ प्रतिशत योगदान पुऱ्याएको देखिएको छ। तथापि प्रमुख खाद्यान्न बाली धानको उत्पादनमाभने ४.२० प्रतिशतले संकुचन आई ५७ लाख पाँच हजार मेट्रिक टनमा सीमित भएको सर्वेक्षणले देखाएको छ। अर्थमन्त्री डा.वाग्लेले गत बुधबार चालू आर्थिक बर्षको फागुनसम्ममा केन्द्रिय राजस्व ३.२ प्रतिशतले वृद्धिभएको जानकारी दिनुभएको थियो। सरकारी खर्च १०.४ प्रतिशतले बढे पनि पूँजीगत (विकास) खर्चमाभने उल्लेख्य सुधार हुननसकेको कुरालाई पनि स्वीकार गरिएको छ। सरकारको कूल सार्वजनिक ऋण २८ खर्ब ७८ अर्ब रुपैयाँ पुगेको छ।**

**जुन कूल गार्हस्थ्य उत्पादनको ४३.६ प्रतिशत हो। यसैबर्ष सरकारले तीन खर्ब रुपैयाँ सार्वजनिक ऋणसमेत परिचालन गरेको छ। अर्थमन्त्रीले सर्वेक्षण प्रस्तुतगर्दा देशको बाह्य क्षेत्र निकै बलियो देखिएको भनेपनि यथार्थता त्यस्तो देखिएको छैन। सर्वेक्षणअनुसार विप्रेषण आप्रवाह (रेमिट्यान्स) ३७.७ प्रतिशतले बढेर १४ खर्ब ५० अर्ब रुपैयाँ पुगेको देखिन्छ। त्यसैगरी विदेशी विनिमय सञ्चिति ३४ खर्ब १४ अर्ब रुपैयाँ पुग्दै ऐतिहासिक उचाइमा पुगेको पाइन्छ। जसले १८.५ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुन्छभन्ने सरकारी जुन धारणा आएको छ, त्यो पनि आफैमा बिवादास्पद रहेको छ। व्यापार घाटा ११.२ प्रतिशतले बढेर १० खर्ब ९८ अर्ब रुपैयाँ पुग्नु अर्थतन्त्रका लागि चुनौतीकै कुरा हो। आर्थिक सर्वेक्षणमा उल्लेख गरिएअनुसार प्रविधिमैत्री भुक्तानीमा उल्लेख्य प्रगति भएको भनिएको छ। गत फागुन महिनासम्म क्यूआर कोडमार्फत हुने कारोबार एकखर्ब २५ अर्ब रुपैयाँ नाघेको सरकारी तथ्यांक रहेको छ। त्यसैगरी सन् २०२५ को सार्वभौम क्रेडिट रेटिङमा नेपालले 'बीबी' स्टेबल आउटलुक प्राप्तगरेको भनिएको छ। जसले अन्तर्राष्ट्रियस्तरमा नेपालको साख सुध्रिएको संकेत गर्छ। सरकारी तथ्यांकले मुद्रास्फीतिभने नियन्त्रणमै रहेको देखाएको छ। जुन औसत २.१३ प्रतिशत छ। मानव विकासका सूचकमा पनि नेपालले प्रगति गरेको देखिन्छ। मानव विकास सूचकांक ०.६२२ र नेपालीको औसत आयु ७१.३ बर्ष पुगेको पाइन्छ। स्वास्थ्य क्षेत्रमा मातृ मृत्युदर प्रतिलाख १५१ र ५ बर्षमुनिको बाल मृत्युदर प्रतिहजार ३३ मा झरेको देखिएको छ। शिक्षातर्फ आधारभूत तहको खुद भर्नादर ९७.८ प्रतिशत पुगेको देखिएको छभने स्वास्थ्य बीमा र सामाजिक सुरक्षा कोषमा नागरिकको आबद्धता बढ्दोक्रममा रहेको आर्थिक सर्वेक्षणमा उल्लेख छ। उपरोक्त अवस्था हुँदाहुँदै पनि गत शुक्रबार प्रस्तुत गरिएको बजेटले खासै राम्रो संकेत गरेको छैन। त्यसैले संसदमा उठेका प्रश्न र प्रशंगअनुसार बजेटमा नीतिगत सुधारगरेर कार्यान्वयन तहमा आम सहमति सिर्जना गराउने प्रयासगर्नु जरुरी देखिएको छ। समाजवादको लक्षबाट निजीकरणतिर ओरालो लागेको बजेटले अब के कस्ता समस्याहरुको सिर्जना गर्दछ ? त्योभने सबैले चनाखो भएर हुनुपर्ने अवस्था छ।**

# नेपालमा देखिएको अन्तराष्ट्रिय चासो र सुरक्षा चुनौती

**देश/परिवेश** — डा. केशव देवकोटा

नेपालको राजनीतिक अवस्था दिनप्रतिदिन असहज बन्दैगएको देखिएको छ। गत भदौ २३ र २४ को बिध्वंश र गत फागुन २१ को निर्वाचनपछि पनि नेपालको राष्ट्रिय राजनीतिमा लागेको कालो वादल फाट्न नसक्नु आफैमा आश्चर्यको बिषय छ। हाल आएर एकातिर सात समुन्द्र पारीको मुलुक अमेरिकाले नेपालको सरकारसँग सुरक्षा सहकार्यको प्रस्तावगर्न थालेको छ। नेपालका कतिपय शासकहरुले पाकिस्तानसँग सहकार्यगर्न इच्छुक रहेको बक्तब्य सार्बजनिक गरेका छन्भने सत्तारुढ दलकै कतिपय नेताहरुले नेपालको राजनीति पाकिस्तानी मोडलमा जान लागेको खुलेयाम बताउन थालेका छन्। नेपालमा बढ्दो अन्तराष्ट्रिय चासो र सुरक्षा चुनौती उक्त असहजता र अन्योलको प्रमुख कारण हो। अझ गतसाता अमेरिकी विदेशमन्त्रिको भारत भ्रमण, त्यसक्रममा भएको भारतीय प्रधानमन्त्रिसँगको वार्ता, क्वाडको सम्मेलन र चीनले गरेको क्वाडको बिरोधलगायतले नेपाल त्रिदेशीय चेपुवामा परेको देखिएको छ। आश्चर्यको बिषय त के छभने जुन, जुन देशबाट नेपालमाथि खतराको सम्भावना बढेको छ, त्यो देशसँगै नेपालको सरकारमा रहेकाहरु प्रतिवाद नभएर झुक्ने गरेको देखिन्छ। अमेरिकाको राष्ट्रपतिमा डोनाल्ड ट्रम्प दोश्रो पटक आएपछि अमेरिकाले चीन र रुस आफ्ना लागि खतरा भएको औल्याएको थियो। उसको परिचालन हालसम्म सोहीअनुसार भैरहेको देखिएको छ। यस्तो अवस्थामा नेपाल समेत भारत र चीनबाट अलग्गिएको देखिनु आश्चर्यको बिषय छ।

नेपालको सुरक्षा चुनौतीबारे चर्चागर्दा विचार गर्नुपर्ने सबैभन्दा महत्वपूर्ण कुरा राष्ट्रको सार्वभौमसत्तादेखि क्षेत्रीय सीमा लगायतका कुराहरु हुन्। जसका लागि कुन ठाउँबाट कसरी खतरा आएको छ ? भन्नेबारे खासगरी सरकारी पक्षले ब्याख्या र बिश्लेषण गरेर दीर्घकालीन रणनीति बनाउनुपर्नेमा नेपालका सरकारहरुनै विदेशी प्रभावित देखिन थालेका छन्।

नेपालका उच्चस्तरका नेताहरुलाई आफ्नो देशको सीमा कहाँसम्म छ ? अन्तर्राष्ट्रिय सीमाको अवस्था के छभन्ने लगायतका कुरामा खासै चासो देखिने गरेको छैन। जसलेगर्दा नेपालको उत्तर पश्चिमको सीमा रेखा र देशको नक्सासमेत पनि अधुरो र अपूर्ण रहेका चर्चाहरु हुनथालेका छन्। नेपालमा हाल देखिएका अन्तर्राष्ट्रिय सुरक्षा चासोहरु मुख्यत: सीमा सुरक्षा, भूराजनीतिक प्रतिश्पर्धा, साइबर सुरक्षा, मानव तस्करी, संगठित अपराध, तथा क्षेत्रीय शक्ति सन्तुलनसँग सम्बन्धित छन्। नेपाल भारत र चीनजस्ता दुई ठूला शक्ति राष्ट्रकाबीचमा रहेकाले यसको सुरक्षा अवस्थालाई दक्षिण एशियाली रणनीतिक सन्तुलनसँगसमेत जोडेर हेर्ने गरिन्छ। नेपालमाथि छिमेकी भारत र चीन दुवैको रणनीतिक चासो बढिरहेको देखिएको छ। छिमेकी हुनुका नाताले यो स्वाभाबिक पनि हो। तर त्यसमा अमेरिकी चासोले समस्याको सिर्जना गरेको छ। चीनले सीमा व्यापार, पूर्वाधार तथा कनेक्टिभिटी परियोजनाहरु विस्तार गरिरहेको छभने भारतले सुरक्षा तथा कानूनी सहकार्य बढाइरहेको देखिन्छ। खासगरी हिमाली सीमा क्षेत्रमा पूर्वाधार विस्तार व्यापारिक नाका र यातायात पहुँच रणनीतिक प्रभाव विस्तार कूटनीतिक सन्तुलन कायमगर्ने चुनौती नेपालले सन्तुलित विदेश नीति अपनाउन खोजे पनि भारत र चीन बीचको प्रतिश्पर्धालेगर्दा सुरक्षा संवेदनशीलता बढाएको छ। नेपाल र भारतबीचको खुला सीमाका कारण अवैध आवत-जावत, मानव तस्करी लागूऔषध कारोबार र हातहतियार तस्करीसमेत बढिरहेको छ। वित्तीय अपराधजस्ता समस्या पनि अन्तर्राष्ट्रिय सुरक्षा चासोका विषय हुनेगरेका छन्। हालै दुवै देशले सीमा सुरक्षा मजबुत बनाउन उच्चस्तरीय सहकार्य तथा निगरानीसमेत बढाएका छन्। भारतले एआईमा आधारित फेस स्क्यानिङ र स्मार्ट निगरानी प्रणाली प्रयोग गर्ने योजना अघिबढाएको समाचार बाहिर आएको छ। नेपालमा डिजिटल बैंकिङ, सरकारी सूचना प्रणाली तथा सामाजिक सञ्जालको प्रयोग बढेसँगै साइबर जोखिम पनि बढेको छ। नेपालको सरकारले राष्ट्रिय साइबर सुरक्षा नीति लागूगरेपनि त्यसको प्रभावकारी अनुगमन र कार्यान्वयन हुनसकिरहेको छैन। विश्वव्यापीरुपमै एआईमा आधारित साइबर आक्रमणको जोखिम बढिरहेको चेतावनी पनि नेपालसम्म आउन थालेको छ। नेपाल, भारत र चीनका बीचमा मानव तस्करी र संगठित अपराध बढिरहेको छ। नेपाललाई ट्रान्जिट र श्रोत दुबैरुपमा प्रयोगगर्ने गरिएको छ। भारतसँग हालै भएको कानूनी सहकार्यसम्बन्धी सम्झौताले मानव तस्करी आतंकवाद सम्बन्धी अपराध साइबर अपराध वित्तीय अपराध विरुद्ध संयुक्त अनुसन्धान र कानूनी सहकार्य सुदृढगर्ने लक्ष्य राखेको देखिन्छ। तर त्यसले अन्य क्षेत्रमा नकारात्मक प्रभाव पार्ने देखिएको छ। नेपाल प्रत्यक्ष युद्ध वा आतंकवादी गतिविधिको केन्द्र नभए पनि दक्षिण एशियाली अस्थिरता सीमा प्रयोग गरेर हुने अपराध नक्कली कागजात प्रयोग अन्तर्राष्ट्रिय आपराधिक नेटवर्कजस्ता विषयले नेपाललाई संवेदनशील बनाएको अवस्था छ। खासगरी क्वार्ड र इन्डोप्यासिफिक रणनीति, तथा चीन र भारतबीचको बेलाबखत देखिने तनावले क्षेत्रीय सुरक्षा वातावरणलाई असर पारिरहेको छ।

डिजिटल प्लेटफर्ममार्फत हुने गलत सूचना प्रवाहलाई नेपालले रोक्न/रोकाउन सकेको छैन। जसले राजनीतिक ध्रुवीकरण, सामाजिक अशान्ति र बाह्य प्रभाव बढ्नसक्ने संभावना रहेको छ। यो चिन्ता पनि अन्तर्राष्ट्रिय सुरक्षासँग जोडिएको बिषय हो। समग्रमा भन्नुपर्दा नेपालमा देखिएका अन्तर्राष्ट्रिय सुरक्षा चासोहरु परम्परागत सैनिक खतराभन्दा बढी सीमा व्यवस्थापन, साइबर सुरक्षा, संगठित अपराध, भूराजनीतिक दबाब, डिजिटल सूचना युद्धजस्ता कुराहरुमा केन्द्रित छन्। नेपालको मुख्य चुनौतीभनेको भारत र चीनबीच सन्तुलन कायमगर्दै राष्ट्रिय सार्वभौमिकता, आन्तरिक स्थिरता र डिजिटल सुरक्षा मजबुत बनाउनु हो। चीनले पनि उसको राष्ट्रिय स्वार्थ अनुकुलनै अन्य मुलुकसँग सम्बन्ध राख्ने गरेको स्पष्ट छ। त्यसमा खलल हुनासाथ उसले आफ्नो कदम चाल्ने गरेको छ। चीनले सन् २०१५ मा भारतसँग नेपाली भूमी लिपुलेकहुँदै व्यापारगर्ने जुन सन्धी गऱ्यो, त्यसले पनि उसको नेपालप्रतिको ब्यवहारलाई स्पष्ट गरेको छ। त्यो संझौता नेपालको हितका लागि गरेको होइन। नेपालका शासकहरुले पनि सो भूभाग आफ्नो भएको भरपर्दो दाबि र लबिङ समेत गर्न सकिरहेका छैनन्। नेपालबाट भारतीय क्षेत्रमा प्रवेशगर्न धेरै सजिलो हुने भएकाले पनि चिनियाँहरुले नेपालमा चासो बढाएको देखिएको छ। नेपालसँग साँध जोडिएको तिब्बतको सुरक्षा संवेदनशीलता अहिले पनि चिनियाँहरुका लागि त्यति धेरै महत्वपूर्ण रहने गरेको छ।

तिब्बतकै कारण नेपालमा अमेरिकी गतिबिधि बढिरहेको छभने नेपालमा अमेरिकी गतिबिधि बढिरहेकै कारण चीन सशंकित हुने गरेको देखिएको छ। नेपालको साँध तिब्बतसँग जोडिएको हुनाले तिब्बतमा हुनेगरेका गतिविधिले नेपालमा प्रभाव पार्नु स्वाभाबिक पनि छ। त्यसैगरी नेपालमा हुने गतिविधिले तिब्बतमा पनि प्रभाव पारिहेका हुन्छन्। भारतले नेपालमा आफ्नो गुप्तचर संस्था रअलाई छ्यापछ्याप्ती बनाएको छ। तर उसको नजर पाकिस्तानी आइएसआइमा केन्द्रित रहनेगरेको छ। भारतले नेपालमा हुने हरेक भारत बिरोधी गतिबिधिमा आइएसआई देख्ने गरेको छ। पाकिस्तान सार्कको सदस्य राष्ट्र पनि होभने नेपालसँग धेरै पुरानो दौत्य सम्बन्ध पनि रहेको छ। नेपालको पाकिस्तानसँग सुमधुर सम्बन्ध भयोभन्दैमा भारतलाई सुरक्षा चुनौती भयोभनेर शोचनु भारतीयहरुको गलत शोच हो। तर उनीहरुमा त्यही गलत शोचले घर गरिरहेको छ। खासमा नेपाल र पाकिस्ता **बाँकी ५ पेजमा**

# नेपालका कम्युनिष्ट पार्टीहरुमा बढ्दै गएको दुर्दशाको अवस्था

काठमाडौं। नेपालका कम्युनिष्ट पार्टीहरुमा बढ्दैगएको दुर्दशाको अवस्थाकाबारेमा पछिल्लो समयमा धेरैनै चर्चाहरु हुनेगरेका छन्। नेपालमा कतिवटा कम्युनिष्ट पार्टी र समूहहरु कुन अवस्थामा रहेका छन् भन्नेबारे पनि एकिन तथ्यांक छैन। अनुमानअनुसार करिव २० वटा कम्युनिष्ट पार्टी रहेको मानिन्छभने एकदर्जन पार्टी र समूहहरु क्रियाशील अवस्थामा रहेका छन्।

कतिसम्मभने हरेक बर्षको बैशाखमा पार्टी स्थापना दिवसका अवसरमासमेत छुट्टाछुट्टै कार्यक्रम आयोजना हुनेगरेका छन्। लेनिन जयन्तीको अवसर पारेर ७७ वर्षअघि २२ अप्रिलमा पुष्पलाल श्रेष्ठको नेतृत्वमा भारतको कोलकातामा नेपाल कम्युनिष्ट पार्टी स्थापना भएको थियो। ००६ सालमा स्थापित पार्टीले ०८३ सम्म आइपुग्दा निकै उतार-चढाव बेहोर्न पुगेको देखिएको छ। पञ्चायतकालमा जनपक्षीय उम्मेदवार भएरसमेत जितेका कम्युनिष्टहरुसमेत गत २१ फागुनको निर्वाचनबाट प्रतिनिधि सभामा १५.२७ प्रतिशतमा खुम्चिएको तथ्यांक रहेको । दर्जनौं कम्युनिष्ट पार्टीमध्ये प्रतिनिधिसभामा एमाले र नेकपाको मात्र प्रतिनिधित्व रहन पुगेको छ। एमालेले प्रत्यक्षमा नौ र समानुपातिकमा १६ गरी २५ सिट जितेको छ। नेकपाले प्रत्यक्षमा आठ र समानुपातिकमा नौ गरी १७ सिट जितेको छ। २७५ सदस्यीय प्रतिनिधिसभामा कम्युनिष्ट सांसद जम्मा ४२ जना रहेका छन्। ०४८ देखि निरन्तर प्रतिनिधित्व गर्दैआएको नेमकिपा यसपालि संसदमा सुन्यको अवस्थामा पुगेको छ। राष्ट्रिय जनमोर्चा पनि प्रतिनिधिसभामा शुन्य अवस्थामा पुगेको छ। समानुपातिकमा एमालेले १३.४४, नेकपाले ७.४९, नेमपिकाले ०.३९, जनमोर्चाले ०.२७, माओवादीले ०.२२, मालेले ०.०६, नेकपा पुष्पलालले ०.०४, नेकपा संयुक्तले ०.०४ गरी जम्मा २१.९५ प्रतिशत मत ल्याएको तथ्यांक छ। ०४८ साल को निर्वाचनपछि संसदमा ३९.०२ प्रतिशत हिस्सा ओगटेका कम्युनिष्ट ०७४ सालमा पुग्दा प्रतिनिधिसभामा ६४.३६ प्रतिशतमा फैलिएको देखिएको थियो। तर, जनमतअनुसार कामगर्न नसक्दा र टुटफुटमा रुमलिँदा कम्युनिष्ट आन्दोलन नै नेपालको इतिहासकै रक्षात्मक अवस्थामा पुगेको ब्याख्या र बिश्लेषण हुन थालेको छ। कम्युनिष्ट पार्टी र राजनीति दुबै छाडेर छाडेर प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) गठन गरेका डा. बाबुराम भट्टराई र जनार्दन शर्माको पनि बेहाल भएको देखिन्छ। उनीहरुलेसमेत आफ्ना कमी कमजोरी कमजोरी सच्याउनेगरी आत्मसमीक्षा गरेका छैनन्।

जसले उनीहरु सच्चिएर अगाडि बढ्न तयार छैनन्भन्ने देखाएको छ। सामाजिक न्याय, समानता र श्रमिक वर्गका अधिकारको पक्षमा काम गर्नुपर्ने कम्युनिष्टहरु मूल लक्ष्यबाट विचलितहुँदा रक्षात्मक अवस्थामा पुगेको धेरैको ब्याख्या र विश्लेषण रहेको छ। सामाजिक, सांस्कृतिक रुपान्तरण र समानताको सवालमा काम हुननसकेको कम्युनिष्ट नेताहरुले नै स्वीकारेका छन्। परिष्कृतगर्दै रुपान्तरित भएर अगाडि नबढे आगामी दिन अझ कठीन रहने संकेतहरु पनि देखिएका छन्। जनअपेक्षा पूरागर्न नसक्नु नै नेपालका कम्युनिष्टहरु कमजोर हुनुको मूलकारण भएकोमा धेरैको समान मत रहेको छ। नेपाली जनताले पटक, पटक अवसर दिए पनि सदुपयोगगर्न नसकेकाले रक्षात्मक अवस्थामा पुगेको भन्ने कुरामा पनि दुईमतगर्ने ठाउँ छैन। नेपालका कम्युनिष्टहरु मुख्य उद्देश्यमै चुकेको धेरैको ठहर रहने गरेको छ। कम्युनिष्ट भनेकै गरिखाने वर्गको राजनीति हो। तर वर्ग परिवर्तन भएपछि आजको स्थिति आएको देखिएको छ। नयाँ ढंगले नशोचने होभने नेपालको कम्युनिष्ट आन्दोलन अघिबढ्न गाह्रो हुने देखिएको छ। नेपालको विशिष्ट राजनीतिक परिस्थितिको पहिचानगरी समस्या समाधानको पक्षमा डटेर अगाडि बढ्नुपर्ने धेरैको ठहर रहेको छ।

पछिल्ला दिनमा बामपन्थ र कम्युनिष्टका बीचमा पनि भेदगर्न लागिएको छ। सामान्यतया नेपालका सन्दर्भमा वामपन्थी भनेको साम्यवादी भन्ने बुझिन्छ। कतिपयले प्रतिपक्षीलाई पनि वामपन्थीका रुपमा टिप्पणीगर्ने गरेका छन्। वामपन्थ आफैमा प्रगतिशील चरित्र हो। तर नेपालमा त्यस्तो नभएकाले यसबारे अलग ढंगले ब्याख्या र बिश्लेषण गर्नुपर्ने देखिएको छ। गत भदौ २३ र २४ गतेको रहस्यमय घटनाले अपदस्थ गरिएको नेपालको पुरानो संसदवादी व्यवस्थाका सञ्चालकहरुलाई गत फागुन २१ गते हठात गरिएको निर्वाचनले अस्तित्व रक्षाको महासंकटमा पुऱ्याइदिएको छ। पुराना र नयाँ रास्वपाको गठबन्धनमा यस्तो नतिजा आएको हो र यस्तो नतिजा आउनुमा मुख्यरुपमा पुराना संसदवादी दलहरुनै जिम्मेवार थिए। यसो हुनुमा आन्तरिक कारण रहेको छ। उनीहरुको समाज र नागरिकहरुप्रतिको अपहेलना र रुखो व्यवहारकै कारण यो परिस्थिति बनेको हो। जहिले पनि बाह्य कारण सहयोगी हुने हुन्छनै। पुरानो सदनभित्र पनि सरकार पक्ष र प्रतिपक्ष देखाउने दाँतजस्ता मात्र थिए, गर्ने कामकुरा एकै थिए। कुन विषय राष्ट्रिय हितका हुन् र कुन,कुन विषय राष्ट्रिय हित विपरीतका हुन्भन्ने विषय छुट्टिएर आब ाज घन्किएको देख्न र सुन्न पाइएन। बरु राष्ट्रिय स्वाधीनता र अस्मितालाई कहाँ,कहाँ ककसलाई कसरी बन्धकमा राख्ने, कस-कसको व्यक्तिगत हितलाई सम्बोधनगर्दा के कति फाइदा हुने हो भन्ने आधारमा नीति तथा कार्यक्रम बन्ने अनि सत्तापक्ष र प्रतिपक्षले मिलाएर व्यवहारगर्ने परिपाटी भएको स्थानमा वामपन्थको अवस्था दुर्दशानै हुनेहुन्छ। अपदस्थ भएको सरकार र व्यवस्थामा रहेकाहरुले ०७२ को संविधानको फेरो समातेरगर्ने भनिएको निर्वाचनको विपक्षमा हुनुपर्दथ्यो। तत्कालै हाम्रा प्रतिक्रिया र सुझाव यसै अनुरुपका रहेका थिए। लेख, रचना, सामाजिक सञ्जालमार्फत विषयहरु धेरै आएकै थिए। तर वामपन्थी चरित्रसमेत गुमाइ सकेकाहरुले यो स्तर र यो उचाइको राजनीतिक निर्णयगर्ने हैसियत राख्न नसक्नु पनि स्वाभाविकनै हुन्थ्यो। नत्रभने **बाँकी ७ पेजमा**

# खतराको घण्टी बजेको नेपालको गणतन्त्र र नेताहरुको चिन्ता

**यो साताको बिशेष**

**संसारकै उत्कृष्ठ ब्यवस्था :** राष्ट्रपति रामचन्द्र पौडेलले १९ औँ गणतन्त्र दिवस-०८३ का अवसरमा गत शुक्रबार सैनिक मञ्च टुँडिखेलमा आयोजित समारोहलाई सम्बोधनगर्दै गणतन्त्रले सम्पूर्ण राजनीतिक अधिकारको ग्यारेन्टी दिएको र यो हाम्रा लागि राष्ट्र निर्माणको एक महान प्रेरणा र अभिभारा भएको बताउनुभएको छ। राष्ट्रपति पौडेलले गणतन्त्रले हामीलाई सम्पूर्ण राजनीतिक अधिकारको ग्यारेन्टी दिएको छ, यसले हामीलाई समुन्नत भविष्यका लागि एकतावद्ध भएर अगाडि जाने अवसर पनि दिएको छ, यसले देशवासीलाई जोडेको छ र एक साझा राष्ट्र बनाउने संकल्पका लागि अभिप्रेरित गरेको छ, किनभने यसले हामीलाई आफ्नो जाति, भाषा, धर्म, सम्प्रदाय, सभ्यता र भूमीको स्वामित्व दिएको छ, त्यसैले यो हाम्रा लागि राष्ट्र निर्माणको एक महान प्रेरणा र अभिभारा हो भन्नुभएको छ। उहाँले गणतन्त्रको मर्यादालाई बचाउन र यसलाई अझ सम्बृद्ध बनाउन हामी सबै राजनीतिक निष्ठा, मूल्यमान्यता एवं आचरणमा परिवर्तनसहित एकतावद्ध भएर लाग्ने पनि बताउनु भएको छ। राष्ट्रपति पौडेलले गणतन्त्र फगत एक व्यवस्था होइन, यो आचरणशील राजनीतिक, आर्थिक र सामाजिक जीवन पद्धति पनि हो। यसका आफ्नै मूल्यमान्यता र नैतिक दायराहरु हुन्छन्, त्यसलाई विर्सिएर हामीले इतिहासको अभिभारा पूरागर्न सक्दैनौं, आजको दिनले हामीलाई सामाजिक न्याय, विकास र सम्वृद्धिसहित लोकतान्त्रिक गणतन्त्रको उच्चतम् र सार्थक अभ्यासमा अगाडि बढ्न तथा राजनीति, राज्य र राजकाजलाई नैतिकता, निष्ठा र मूल्यमान्यताको सीमाभित्र आवद्धगर्न प्रेरणा देओस् भन्नुभयो। उहाँले मुलुकमा उत्पन्न विषम परिस्थितिको निकासका लागि भएको प्रतिनिधिसभा निर्वाचन सफलतापूर्वक सम्पन्न भएर बलियो जनादेशसहितको सरकार बनेको र यसले जनताको चाहनाअनुसार समृद्धिका लागि सुशासन, सार्वजनिक सेवा प्रवाहमा सुधार, आर्थिक पुनरुत्थान, भ्रष्टाचारविरुद्ध शुन्य सहनशीलता र सामाजिक उन्नतिलाई आफ्नो आधारभूत मार्गदर्शनकारुपमा अगाडि बढाउने निर्णय गरेको बताउनुभयो। उहाँले शासकीय सुधारका १०० कार्यसूचिलाई पूर्ण कार्यान्वयनगर्दै सीमारहित अर्थतन्त्र, तौलरहित व्यापारको निमित्त संरचनागत र कानूनी सुधारगर्ने सरकारको निर्णय कार्यान्वयनभई जनतामा आशा जागृत हुने विश्वास व्यक्त गर्नुभयो। हामी सबैले बुझ्नुपर्छ, राजनीतिक व्यवस्था र शासकीय संरचनामा आउने परिवर्तनहरुले मात्र युगका अपेक्षाहरु पूरा हुँदैनन्। यसका लागि हाम्रो राज्यसत्ताको चरित्र, आचरण, राजनीतिक निष्ठा र मूल्यमान्यतामा पनि परिवर्तन ल्याउन आवश्यक हुन्छ। अन्यथा व्यवहारले राजनीतिक परिवर्तनलाई पुष्टि गर्दैन भन्नुभयो। उहाँले आज हाम्रो सबैभन्दा ठूलो शत्रु अरु कोही होइन, ढिलासुस्ती, अनियमितता र वेथिति भएको बताउनु भयो। उहाँले लोकतान्त्रिक गणतन्त्रको सुन्दर सपना बोकेका नागरिकहरुलाई यिनै वेथितिहरुले निराश नबनाओस्भन्ने हाम्रो चिन्ता हुनुपर्दछ भन्नुभयो। उहाँले जबसम्म हाम्रा प्रत्येक नागरिकको जीवनमा आशाको दियो बल्नेछैन, त्यो बेलासम्म हामीले रगत र पसिनासँग साटेको संघीय लोकतान्त्रिक गणतन्त्रको लक्ष्य पूरा हुँदैन भन्नुभयो। उहाँले आज नागरिकले सुशासन सहितको सम्बृद्धि खोजेका छन्भन्दै यसका लागि हाम्रा स्रोतहरुको उच्चतम् प्रयोगगर्न आवश्यक भएको बताउनु भयो। उहाँले अनिमात्र हामी हाम्रो कृषि, पर्यटन, उर्जालगायत औद्योगिक र सेवा क्षेत्रलाई बलियो बनाउन सक्छौं भन्नुभयो। उहाँले अनि मात्र आर्थिक विकास र सम्बृद्धिबाट शासन




व्यवस्थालाई हामी नागरिकको जीवनसँग जोड्न सक्छौं, योनै आजका लागि हाम्रो ऐतिहासिक अभिभारा हो, यो अर्थमा आजको दिनले हामीलाई आफ्नो ऐतिहासिक दायित्व सम्झाएको छ, म आशा गर्छु हामी यो दायित्वलाई बिर्सने छैनौं भन्नुभयो। उहाँले राजनीतिक उपलब्धिहरुमात्र परिवर्तनलाई नागरिकको जीवनसँग जोड्न पर्याप्त हुँदैनभन्दै हामीले हाम्रो शासकीय चरित्रलाई बदल्नुपर्ने हुन्छ र हामीले राजनीति, पार्टी र नेताको चरित्रलाई बदल्नुपर्ने धारणा व्यक्त गर्नुभयो। उहाँले गणतन्त्रको उत्कृष्टताको सार्थकता प्राप्तगर्न हाम्रो राजनीति, हाम्रो शासकीय शैली, राजनीतिक दल र जनप्रतिनिधिमूलक संस्थाहरुलाई पूर्ण लोकतान्त्रिक, निष्पक्ष, प्रतिश्पर्धात्मक, न्यायपूर्ण र प्रभावकारी बनाउन ढिलोगर्न हुन्नभन्ने म ठान्दछु भन्नुभयो। राष्ट्रपति पौडेलले अब हामीले प्राप्त उपलब्धीलाई सबल बनाउन सम्पूर्ण त्याग र विनयशीलताकासाथ प्रयत्न गर्नुपर्दछ भन्नुभयो। उहाँले प्राप्त राजनीतिक अधिकारको जगमा सामाजिक न्यायसहितको आर्थिक र सामाजिक सम्बृद्धि सुनिश्चित गर्नुपर्नेमा जोड दिनुभएको छ। उहाँले हाम्रा राजनीतिक दल, हाम्रो सरकार, हाम्रो नेतृत्व सृजनशील, विनयशील र जनउत्तरदायी तथा चरित्रवान र आचरणशील हुनैपर्दछ, हाम्रा शासकीय संरचना र राज्यअंगहरुलाई गतिशील र परिणाममुखी बनाउनै पर्दछ। हामीले सशासनको प्रत्याभूति दिनैपर्दछ भन्नुभएको छ। राष्ट्रपति पौडेलले हाम्रो संविधानले निर्दिष्ट गरेको लोकतान्त्रिक गणतन्त्रले नागरिकको राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक र सांस्कृतिक स्वतन्त्रतासहित निमुखालाई न्याय र विपन्नलाई आयको परिलक्ष्य राखेको सन्दर्भ उल्लेखगर्दै अधिकारका बिभिन्न प्रकार उल्लेख गरेपनि ति सबै अधिकारले निमुखा जनतालाई निर्वाध स्वतन्त्रता उपभोगगर्ने र उनीहरुको जीवनस्तर उकास्ने अवसर प्रदानगर्ने विषयनै लोकतान्त्रिक गणतन्त्रले बोकेको दर्शनभित्रको अन्तर्य भएको बताउनुभएको छ। उहाँले हामी सबैलाई थाहा छ, लोकतान्त्रिक गणतन्त्र संसारकै एक उत्कृष्ट राजनीतिक व्यवस्था हो, जनता आफैंले बनाएको संविधानमार्फत यसलाई हामीले संघीयता, समावेशिता, सामाजिक न्याय र लोकतन्त्रमा आधारित समाजवादको सारगर्वित मान्यताहरुले सिञ्चित गरेर थप सर्वोत्कृष्ट बनाएका छौं, अतः संसारमै योभन्दा उन्नत अर्को कुनै व्यवस्था छैन भन्नुभएको छ। उहाँले यो यसकारण पनि कि, यो व्यवस्थाले नागरिकलाई सार्वभौम बनाएको छ, राज्य सत्ता र शक्तिको स्रोत पूर्णतः नागरिकलाई मानेको छ, हाम्रो संविधानले नागरिक सर्वोच्चतालाई महान उपलब्धिका रुपमा अभिलेखन गरेको छ र हामी त्यसैको अभ्यासमा जुटेका छौं, यही अभ्यासले सिंहदरबारको अधिकार गाउँ,गाउँसम्म पुऱ्याएको छ भन्नुभयो। राष्ट्रपति पौडेलले स्थानीय र प्रदेश सरकारहरुले संविधान बमोजिमको जिम्मेवारी निर्वाह गरिरहेका छन्भन्दै यस शासकीय व्यवस्थामा जनताको घरआँगनबाटै सार्वभौमिकताको अभ्यास भइरहेको बताउनुभएको छ। उहाँले नागरिकको गुनासो भए शासकीय संरचनाबाटै सम्बोधनगर्न सकिने उदार, उन्नत लोकतान्त्रिक अभ्यास भैरहेको छ, यसले लोकतन्त्रको जरा बलियो बनाउँछ, लोकतन्त्रमा अन्तिम मालिक जनता नै हुन्भन्ने मान्यता स्थापित भएको छ भन्नुमयो। उहाँले आजको दिन हाम्रा लागि विशेष भएको र यो दिनमात्र एक साधारण दिन हैन, यो हाम्रा लागि एक ऐतिहासिक दिन हो भन्नुभएको छ। राष्ट्रपति पौडेलले यस ऐतिहासिक अवसरमा बहुलवादमा आधारित लोकतन्त्र, जनअधिकार, नागरिक स्वतन्त्रता, सुशासनसहित लोकतान्त्रिक गणतन्त्र स्थापनागर्न इतिहासका बिभिन्न कालखण्डमा भएका ऐतिहासिक जनआन्दोलन तथा बिभिन्न आन्दोलन र संघर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण शहीदहरुप्रति म हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु भन्नुभएको छ। उहाँले आन्दोलनकाक्रममा जेल, नेल, निर्वासनसहित अनेकौं यातना सहने र जस्तैकष्टमा पनि अविचलितभई परिवर्तनको पक्षमा क्रियाशील हुने लोकतन्त्रका योद्धाहरुलाई सम्मानसहित हृदयबाटनै धन्यवाद र आभार व्यक्तगर्न चाहन्छु भन्नुभएको छ। लोकतान्त्रिक गणतन्त्रसम्म आइपुग्न ठूलो त्याग र परिश्रम गर्नुहुने अग्रज नेताहरु तथा परिवर्तनका सारथी नागरिक समाज र राजनीतिक दल सबैलाई यो अवसरमा सम्मान पूर्वक स्मरण गरेको उहाँको भनाइ छ। समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री वालेन्द्र शाह, प्रधान न्यायाधीश, सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, मन्त्रीहरु,संवैधानिक निकायका प्रमुख, नेपालस्थित कुटनीतिक नियोगका प्रमुख एवं प्रतिनिधि, उच्चपदस्थ सरकारी अधिकारी र समाजका बिभिन्न क्षेत्रका लब्धप्रतिष्ठित महानुभावहरुको सहभागिता रहेको थियो।

**मसालको चिन्ता :** नेकपा (मसाल) का महामन्त्रि मोहन बिक्रम सिंहले एक बक्तब्य प्रकाशितगरी बर्तमान सरकारकै कारण गणतन्त्र संकटमा पर्नसक्ने भन्दै चिन्ता ब्यक्त गर्नुभएको छ। उहाँले बक्तब्यमा भन्नुभएको छ - जेठ १५ गते गणतन्त्र दिवस हो। त्यो नेपालमा करिब एक शताब्दी लामो जनताको संघर्ष तथा त्याग र बलिदानद्वारा प्राप्त महान् ऐतिहासिक उपलब्धि हो तर गणतन्त्र दिवसलाई मनाउने सन्दर्भमा त्यसप्रति पैदाभएको खतराप्रति पनि हाम्रो ध्यान जानुपर्ने आवश्यकता छ। राजावादीले त त्यसलाई समाप्त गर्नका लागि योजनाबद्ध र संगठितरुपले प्रयत्नगरी नै रहेका छन्। त्यसकासाथै जेनजी आन्दोलनपछिको निर्वाचनद्वारा बनेको सरकारका गतिविधिबाट पनि गणतन्त्र समाप्त हुने त होइन ? त्यो आशंका देखापर्दै गइरहेको छ। एकातिर नयाँ निर्वाचित प्रधानमन्त्रीले संसदको लगातार बहिष्कारगर्ने र गणतन्त्र दिवसको कार्यक्रममा सम्बोधन नगर्नेभनेर अवमूल्यनगर्दै गइरहेका छन्भने अर्कातिर विभिन्न स्ट्याटसमा प्रधानमन्त्रीले प्रकट गरेका अभिव्यक्तिबाट गणतन्त्रलाई खारेजगरेर राजतन्त्रको पुनर्स्थापना गर्ने उनको अभिप्राय रहेको ता छैन ? त्यो पनि प्रश्न उठाउने ठाउँ छ। संविधानमा संशोधनको लागि छलफलगर्न उनले बनाएको कार्यदलमा राजा आऊ देश बचाऊभन्ने व्यक्तिलाई संयोजक बनाएको तथा उनका मुख्य सल्लाहकारमा भारतको राष्ट्रिय स्वयम्सेवक संघसित नजिकको सम्बन्ध भएका व्यक्तिलाई राखेकोबाट उनीप्रति त्यस प्रकारको शंकागर्ने ठाउँ छ। नेपालका गणतन्त्र र बहुदलीय व्यवस्था पक्षधर राजनीतिक शक्तिको भ्रष्टाचार र कुशासनबाट जनता धेरैनै असन्तोष र निराश भएकाले पनि दलीय प्रणाली र गणतन्त्रप्रतिको जनताको समर्थन धेरै नै कम भएर गएको छ। त्यो अवस्थामा गणतन्त्रको रक्षाको प्रश्न अत्यन्त गम्भीर भएको छ। त्यस प्रकारको पृष्ठभूमिमा एकातिर गणतन्त्रको विरुद्धमा देखापरेका सबै शक्तिको विरोध र अर्कातिर गणतन्त्र र बहुदलीय व्यवस्थाको रक्षा तथा भ्रष्टाचार र कुशासन समेतका विरुद्ध शक्तिशाली जनआन्दोलन उठाउनुपर्ने आवश्यकतामा नेकपा (मसाल) ले सम्पूर्ण जनताको ध्यान आकर्षितगर्न चाहन्छ। गत सालको भदौ २३ र २४ गतेका घटनाप्रति राष्ट्रिय मानवअधिकार आयोगले जारीगरेको प्रतिवेदनप्रति पनि हाम्रो पार्टीको गम्भीर ध्यान आकर्षित भएको छ। कार्की आयोगले भदौ २३ गतेको घटनाबारेनै छानबिन गरेर प्रतिवेदन दिएको थियो। त्यो प्रतिवेदनमा भदौ २४ गतेको घटनाका लागि जिम्मेवार व्यक्तिबारे कुनै छानबिन गरेको थिएन। त्यसरी त्यो आयोगको मुख्य जोड भदौ २४ गतेको तोडफोड, आगलागी वा ध्वंसात्मक कार्यका लागि जिम्मेवार व्यक्तिलाई बचाउनेतर्फ नै रहेको कुरा प्रष्ट छ। अहिले मानवअधिकार आयोगले भदौ २४ गतेका घटनाबारे पनि छानबिन गरेर दोषीमाथि कारवाहीको लागि सुझाव दिएको छ। भदौ २३ गतेको घटनाका लागि ओली सरकार जिम्मेवार भएको कुरा प्रष्ट छ। त्यसकारण त्यसका विरुद्ध कारवाहीको सुझाव दिने कुरालाई हामीले सही नै मान्दछौं। त्यसका साथै मानवअधिकार आयोगले २४ गतेका अपराधजन्य कार्यका लागि जिम्मेवार व्यक्तिका विरुद्ध कारवाहीका लागि जुन सुझाव दिएको छ, त्यसलाई पनि हामीले समर्थन गर्दछौं तर त्यो दिनको घटनाका लागि त्यो बेलाका काठमाडौंका मेयर वा अहिलेका प्रधानमन्त्रीले पनि छद्मरुपले महत्वपूर्ण भूमिका खेलेको आम रुपमा थाहाभएको कुरा हो तर त्यसबारे मानवअधिकार आयोग पूरै चुप छ र उनलाई पूरै सफाइ दिने काम गरेको छ। त्यसकारण मानवअधिकार आयोगको प्रतिवेदन पनि निष्पक्ष नभएको कुरा प्रष्ट छ। भदौ २३ गतेको जेनजीको शान्तिपूर्ण आन्दोलनलाई हिंसात्मक रुप दिने तथा २४ गतेको अपराधजन्य कार्यका लागि जिम्मेवार व्यक्तिमाथि कारवाहीको लागि मानवअधिकार आयोगले जुन सुझाव दिएको छ, उनीहरुमध्ये धेरैजसो वर्तमान सरकारमा छन् वा संसद् पनि बनेका छन्। गहिराइमा गएर निष्पक्ष तरिकाले वा निर्भीकतापूर्वक छानबिनगर्ने होभने त्यो दायरा अरु ठूलो पनि हुन सक्दछ तर त्यस प्रकारका तत्वनै सरकारमा वा ठूलो संख्यामा सांसद पनि भएको हुनाले मानवअधिकार आयोगले दिएको सुझावअनुसार कहाँसम्म न्यायोचित कारवाही हुनेछ ? त्यसमा शंका नै छ। त्यसकारण भदौ २३ र २४ गतेका मानवअधिकारको उल्लंघन वा अपराधजन्य कार्यको लागि दृढतापूर्वक आवाज उठाउन हामीले न्यायप्रेमी जनतासित अपिल गर्दछौं। मानवअधिकार आयोगको प्रतिवेदनबाट यो कुरामा कुनै शंका रहन्नकि पहिलेको ओली सरकारजस्तै वर्तमान सरकार पनि न्यायपूर्ण जगमा उभिएको छैन। त्यो सरकारले आफ्ना शुरुका दिनमा नै जसरी फासिवादी प्रकारका कारवाही बढाउँदै लगेको छ, त्यसबाट आउने दिनमा त्यो सरकारबाट देशमा अरु दुर्गतिहुँदै जाने कुरा स्पष्ट छ। त्यो सरकारले नेपालमा पहिलेका सबै सरकारले अस्वीकारगर्दै आएको भारतसित सुपुर्दगी सन्धि गरेर पनि आफ्नो राष्ट्रघाती चरित्रको परिचय दिएको छ। हाम्रो पार्टीले सरकारका त्यस प्रकारका सबै गलत कार्यका विरुद्ध आवाज उठाउन जनतासित अपिल गर्दछ। देशको अहिलेको स्थितिमा गणतन्त्र तथा राष्ट्रियता र सार्वभौमिकतासमेतको रक्षाका लागि व्यापक आन्दोलनको राष्ट्रिय आवश्यकता छ तर पहिले गणतन्त्र वा बहुदलीय व्यवस्थाका पक्षमा भएका राजनीतिक शक्तिको भ्रष्ट र कुशासनको पृष्ठभूमि तथा देशको राष्ट्रियताको प्रश्नमा पनि उनीहरुको सही र स्पष्ट समझदारी नभएको हुनाले शक्तिशाली संयुक्त आन्दोलन निर्माणको लागि गम्भीर समस्या छन् तैपनि हामीले गणतन्त्र र बहुदलीय व्यवस्था वा देशको राष्ट्रियता र सार्वभौमिकतासमेतको लागि सबै सम्भव तरिकाले व्यापक ऐक्यबद्धता कायमगर्न, जनचेतना उठाउन र संघर्षलाई अगाडि बढाउन पहलकदमी गर्नुपर्ने आवश्यकतामा जोड दिन्छौं तर अहिले देशमा जुन प्रकारको अवस्था छ, त्यो अवस्थामा त्यस प्रकारको आन्दोलन कठिन र दीर्घकालीन प्रकृतिको हुने कुरा पनि प्रष्ट छ। उहाँले बक्तब्यको अन्त्यमा गत कालमा संयुक्त आन्दोलनमा कैयौं कमजोरी रहेको भएतापनि गणतन्त्र र राष्ट्रियता पक्षधर सबै राजनीतिक शक्ति, □ऽस्संघसंस्था र जनतासित बलियो ऐक्यबद्धता कायम गर्ने कुरामा हाम्रो पार्टीले जोड दिन्छ तर जतिसुकै कडा र प्रतिकूल परिस्थितिका विरुद्ध पनि संघर्ष गरेर सफलता प्राप्त गरेको जनताको गौरवपूर्ण इतिहास रहँदै आएको छ। त्यसकारण अहिले विद्यमान गणतन्त्र र बहुदलीय व्यवस्थाका विरुद्ध देखा परिरहेका सबै प्रतिगामी प्रयासमाथि जनताले विजय प्राप्त गर्नेछन् र लोकतन्त्रलाई अझ उच्च स्तरमा अगाडि बढाउनछन् भन्ने कुरामाथि हामीलाई विश्वास छ भन्नुभएको छ।

**जनताको दुर्दशा हुने :** एमालेका अध्यक्ष केपी ओलीले गणतन्त्रका उपलब्धिहरुको संस्थागत संरक्षणमा जोड दिनुभएको छ।१९ औं गणतन्त्र दिवसको अवसरमा गत शुक्रबार देशवासीका नाममा एक शुभकामना बक्तब्यदिँदै उहाँले उपरोक्त कुरा बताउनु भएको हो। उहाँले बक्तब्यमा भन्नुभएको छ- व्यक्तिको इच्छाबाट चल्ने शासनको सट्टा लोकतान्त्रिक अंग र संरचनामार्फत राज्य सञ्चालन हुने व्यवस्था शुरुहुनु गणतन्त्रको महत्वपूर्ण हो। गाउँगाउँमा स्थानीय सरकारको उपस्थिति, राज्यका साधनस्रोतमा नागरिक पहुँच विस्तार, महिला, दलित, जनजाति, मधेशी तथा पिछडिएका समुदायको प्रतिनिधित्व वृद्धि, नागरिक स्वतन्त्रता, खुला अभिव्यक्ति, सेवामा डिजिटल पहुँच तथा सडक-सञ्चार विस्तारलाई गणतन्त्रका उपलब्धिहरु हुन्। अध्यक्ष ओलीले लोकतन्त्र प्राप्तिका लागि गरिएका कठोर संघर्ष सम्झन आह्वान गर्नुभएको छ। ओलीले गणतन्त्र नेपाली जनताको सात दशकभन्दा लामो संघर्ष, बलिदान र त्यागबाट प्राप्त उपलब्धि भएको उल्लेखगर्दै जनताले आफ्नै प्रतिनिधिमार्फत शासन प्रणाली निर्धारणगर्ने अधिकार प्राप्तगर्न हजारौं अग्रजले जीवन बलिदान दिएको तथा धेरैले जेल, यातना र निर्वासन भोग्नुपरेको स्मरण गर्नुभएको छ। उहाँले जनताले आफ्ना लागि आफैंले शासनप्रणाली निर्धारणगर्ने गणतान्त्रिक अधिकार प्राप्तगर्न सात दशकभन्दा लामो संघर्ष गर्नुपऱ्यो। बोल्ने, लेख्ने, संगठित हुने र राजनीतिक विचार राख्ने अधिकार प्राप्तगर्ने क्रममा हजारौं अग्रजहरुले जीउज्यान अर्पण गर्नुपऱ्यो। कैयौंले दशकौं लामो जेलनेल, यातना र निर्वासनसमेत भोग्नु पऱ्यो। जनताको धेरै ठूलो संघर्ष र बलिदानपछि हुकुमबाट चल्ने प्रणाली फ्याँकियो, कानूनबाट चल्ने प्रणाली स्थापना भयो। व्यक्तिको इच्छाबाट चल्ने शासनको सट्टा, लोकतान्त्रिक अंग र संरचनाहरुबाट सञ्चालन हुने पद्धति शुरु भयो। जनताको **बाँकी ६ पेजमा**

# प्रलेसको वर्तमान अवस्था र भावी कार्यदिशाबारे

**मातृका पोखरेल**



पृष्ठभूमि : नेपालमा प्रगतिशील लेखक संघको स्थापना हुनुको पृष्ठभूमिमा केही महत्वपूर्ण कारण बिद्यमान थिए। मूलरुपमा नेपाली समाजमा आएको वैचारिक परिवर्तननै यस संस्थाको स्थापनाको महत्वपूर्ण कारण थियो। विश्वव्यापीरुपमा विस्तार हुँदैगएको मार्क्सवादी दर्शनको प्रभावले नेपालमामात्र नभएर अन्तर्राष्ट्रिय रुपमै यस प्रकारका संस्था निर्माण भएको इतिहास हामी भेट्टाउँछौं। सन् १९२९ सोभियत संघमा गठन भएको 'सर्वहारा लेखकको एशियाली संघ' साम्राज्यवादका विरुद्धमा जुर्मुराएका संस्कृतिकर्मीको संगठित पहल थियो। त्यसैगरी सन् १९३४ मा महान् साहित्यकार म्याक्सिम गोर्कीको अध्यक्षतामा गठित रसियाली लेखकको साहित्यिक संघलाई प्रगतिवादी साहित्यकारहरु संगठित हुने अभियानको रुपमा महत्वपूर्ण आरम्भ मानिन्छ। सन् १९३४ को म्याक्सिम गोर्की, रोमा ऐला आदिको उपस्थितिमा फ्रान्सको पेरिसमा भएको भेलाले प्रगतिशील लेखक संघ नामको अन्तर्राष्ट्रिय संगठन गठन गरेको थियो। त्यसैको प्रभावस्वरुप सन् १९३५ मा लण्डनमा अध्ययनगर्ने भारतीय बिद्यार्थीको पहलमा भारतमा प्रगतिशील लेखक संघ गठन भयो। अन्तर्राष्ट्रिय रुपमा खुलेका यी संगठनको प्रेरणा कुनै न कुनै ब्यास्रुपमा नेपालमा २००९ सालमा गठन गरिएको प्रगतिशील लेखक संघमा परेको देखिन्छ। यस संघको स्थापनाको भ्रुण राणाशासनको उत्तरार्द्धदेखिनै बिद्यमान थियो। त्यस बेलाको चर्चित पत्रिका शारदामा प्रकाशित सम्पादकीय एवं समाचारले यो तथ्यलाई प्रष्ट बनाउँछन्।

मूलतः यस संस्थाको आवश्यक ता राणा शासनकालमैं देखिएको थियो। प्रगतिशील लेखक संघको स्थापना हुनुभन्दा अघि पनि प्रगतिशील प्रकाशन मण्डल, नेपाल जनवादी लेखक संघ, जनसांस्कृतिक सभा र नेपाली साहित्य सदनजस्ता प्रगतिशील संस्थाहरु खुलेको चर्चा हामी इतिहासमा भेट्टाउँछौं तर ती संस्थाले निरन्तरता दिन सकेनन्। ००७ सालको क्रान्तिको पृष्ठभूमि र आलोकमा वर्गीय तथा पेशागत हकहितगर्ने उद्देश्यले मुलुकमा बिभिन्न संघसंस्था खुलिसकेका थिए। अखिल नेपाल किसान संघ, मजदुर संघ, महिला संघ, नेपाल राष्ट्रिय बिद्यार्थी फेडरेसन, अखिल नेपाल न्यूनवैतनिक कर्मचारी संघ (००७ फागुन ९) जस्ता जनवर्गीय र पेशागत संगठन बनिसकेका थिए। समग्रमा प्रगतिशील लेखक संघको स्थापना हुनुका पछाडि यी सबै घटनाको प्रभाव पर्नु स्वाभाविक देखिन्छ। प्रगतिशील लेखक आन्दोलन विश्वव्यापी प्रगतिशील साहित्यिक धारासँगै जोडिएको छ, जसले साहित्यलाई केवल सौन्दर्यबोधको साधनमात्र नभई सामाजिक परिवर्तनको औजारको रुपमा व्याख्या गर्छ। नेपालमा पनि यस आन्दोलनले वर्गीय असमानता, शोषण र उत्पीडन विरुद्ध जनस्तरले बोध गर्ने गरी आब ाज उठायो। श्रमिक, किसान, महिला, दलित, आदिवासी समुदायका जीवन अनुभवलाई साहित्यको केन्द्रमा ल्याउने प्रयत्न गरिरह्यो। साहित्यलाई जनताको पक्षमा उभ्याउने प्रयास गऱ्यो। समाज परिवर्तनको अभियानमा यो संस्थाको भूमिका इतिहासमा स्पष्ट रुपमा लिपिबद्ध भएको हामी पाउँछौं।

**उपलब्धिको यात्रा :** प्रगतिशील लेखक संघको स्थापनाकालमा नेपालको कम्युनिस्ट आन्दोलन अविभाजित अवस्थामा थियो। त्यसैले पनि संघको परिकल्पना त्यसैअनुरुप गरियो। समयक्रमसँगै नेपालको वामपन्थी आन्दोलन टुटफुटबाट गुज्रिन थाल्यो। त्यसपछि प्रगतिशील लेखक संघलाई संयुक्त मोर्चाको अवधारणा अनुसार चलाउनुपर्ने अवस्था आइपरह्यो। नेपालका वामपन्थी पार्टीले २०४६ सालको जनआन्दोलन, संसदीय वा स्थानीय निर्वाचनको बेलामामात्र अल्पकालीन सहकार्य गरे पनि दीर्घकालीनरुपमा संयुक्त मोर्चा बनाएर काम अघि बढाउन सकिरहेका छैनन्। प्रगतिशील लेखक संघभित्र विविध वैचारिक चिन्तनको उपस्थिति छ। नेपालका वामपार्टीमा संयुक्त मोर्चाको लामो अभ्यास नभएका कारण प्रगतिशील लेखक संघले कहिलेकाहीँ साझा मत बनाउन निकै सकस परेको हाम्रो अनुभव छँदैछ। अहिलेको हाम्रो परिवेश भनेको सामन्तवाद र विकृत पूँजीवादको नवीन समीकरणको परिवेश हो। सामन्तवादी र साम्राज्यवादी सांस्कृतिक चेतना परस्पर एकअर्काका उपकारी भएर समष्टि रुपमा अघिबढेका छन्। यो संस्कृति जीवन विरोधी र मानवता विरोधी संस्कृति हो। यो संस्कृति राष्ट्रवादी चेतनाका विरुद्ध छ र समग्रमा भन्नुपर्दा लोकतान्त्रिक चेतनाको विरुद्धमा छ। जुन संस्कृति समग्र राष्ट्र, जाति र जनताको हितमा छैन, त्यसका विरुद्धको आन्दोलन प्रगतिशील सांस्कृतिक चेतनाका पक्षधर सिर्जनकर्मीका लागि साझा चासोको विषय हो। प्रगतिशील लेखक संघको वर्तमान अवस्थासँग त्यही चासो जोडिएको छ र जोडिनुपर्छ। यसको साझा चरित्रको सौन्दर्य पनि यही सामूहिक चासोको परिणाम हो। प्रगतिशील लेखक संघ नेपालको सबैभन्दा पुरानो साहित्यिक संस्था हो। २००९ सालमा स्थापना भएको यस संस्थासँग यसै वर्षसम्म आइपुग्दा ७४ वर्ष दीर्घयात्रा गरेको गौरवपूर्ण इतिहास छ। यो संस्थाको स्थापनापश्चात् नेपालको प्रगतिवादी/प्रगतिशील साहित्यको विस्तार र विकासमा अभूतपूर्व योगदान प्राप्त भयो। यस संस्थासँग विगतमा अति सामान्य आलोचना पनि खप्न नसक्ने निरंकुश सत्ताको आततायी चरित्रका विरुद्धमा लडेको गौरवमय इतिहास छ। नेपालको प्रगतिवादी/प्रगतिशील साहित्यको विकास र कालखण्डको चर्चागर्दा प्रगतिशील लेखक संघ कतैनकतै जोडिएर आइपुग्छ। प्रलेसले राजनीतिक परिवर्तनका कालखण्डमा सक्रिय सांस्कृतिक हस्तक्षेप गरेको छ। यसले साहित्यलाई जनआन्दोलनसँग जोड्ने काम पनि गरेको छ। विगतमा भएका जनआन्दोलनमा प्रगतिशील लेखक संघले वा प्रगतिशील लेखकले अग्रिम मोर्चामा रहेर भूमिका खेलेका थुप्रै उदाहरण हामी दिन सक्छौं। त्यो भूमिका २०३६ सालको आन्दोलन ताकाको सडक कविता क्रान्तिको होस् वा २०४६ सालको जनआन्दोलनको समयको चैत तीनगतेको कालोपट्टी अभियान होस्। ०६२/६३ सालको आन्दोलनताका बनेको प्रतिगमन विरोधी श्रष्टाका संयुक्त समिति, गणतन्त्र कविता आन्दोलन वा लोकतान्त्रिक श्रष्टाको संयुक्त मञ्चजस्ता आन्दोलनकारी संस्थाको निर्माण मा प्रगतिशील लेखक संघ वा प्रगतिशील लेखकको अगुवाइ अग्रिम पङ्क्तिमा रहेको भेटिन्छ। प्रगतिशील लेखक संघको संगठन विस्तार अहिले करिबकरिब देशव्यापी भएको छ। प्रगतिशील लेखक संगठित भएर धेरै प्रतिष्ठान, स्मृतिकेन्द्र, मञ्च खुलेका छन्। प्रगतिशील साहित्यिक आन्दोलनको निम्ति यो अत्यन्तै सकारात्मक अवस्था हो। यो शक्तिलाई नेपाली समाज रुपान्तरणको अभीष्ट उद्देश्यतर्फ जोड्दै प्रगतिवादी साहित्यको विकासलाई प्राथमिकतामा राखेर अघि बढ्नु अहिलेको समयको माग हो।

भावी कार्यदिशा : प्रलेसको भावी कार्यदिशा मुख्यतया निम्न विषयमा केन्द्रितगर्नु आवश्यक ता छ।

**वैचारिक सुदृढीकरण :** प्रगतिवादी विचारधाराको रक्षागर्दै पछिल्लो समय देखा परेका वैचारिक विचलन र विसंगति विरुद्ध बौद्धिक बहस तथा सिर्जनात्मक हस्तक्षेपगर्ने कार्य अहिलेको पहिलो प्राथमिकता हो। प्रगतिवादी दृष्टिकोण र ध्येयलाई ठीकढंगले अँगाल्ने प्रयत्न गरिनुपर्दछ। पछिल्लो चरणमा वैचारिक कार्यले कम तर अन्य कामहरुले प्राथमिकता पाइरहेका छन्। यसका लागि यी विषयमा ध्यान पुऱ्याउनुपर्ने देखिन्छ। वैचारिक बहस र विमर्शको निरन्तरता :केही वर्षदेखि मार्क्सवादी कला साहित्यको विषयमा प्रशिक्षणात्मक गोष्ठी कम भएर गएका छन्, भएकै छैनन् भनेपनि हुन्छ। त्यस्ता प्रशिक्षणमूलक गोष्ठी सञ्चालन गरिनपर्दछ। पहिलेको तुलनामा अहिले प्रलेसका सदस्यको लेखनमा वर्गप्रतिबद्धताको अभिव्यक्ति कमजोर रहनुको एउटा मूलकारण मार्क्सवादी कलासाहित्यको विषयमा प्रशिक्षणात्मक कार्यक्रम नहुनु पनि एक हो। हजारौं वर्षदेखि चल्दैआएको रुढिग्रस्त समाजलाई बदल्न निश्चितै रुपमा सहज छैन। सहज नभए पनि हामीले यो कदम उठाउनैपर्छ। अन्धविश्वास, कुरीति, भाग्यवाद, परलोकवादजस्ता सामन्ती दर्शनलाई प्रश्रय दिने व्यक्तिवाद, अराजकतावादजस्ता प्रवृत्तिको विरुद्धमा प्रगतिशील लेखक संघका सदस्यले आफ्ना लेखनमार्फत चेतना प्रवाहित गर्नुपर्छ। मार्क्सवादका विरुद्ध उत्तरआधुनिकता, नववामपन्थजस्ता विचार योजनाबद्धरुपमा अघि सारिएका छन्। ड्यानियल बेलको 'वर्गसंघर्षको अन्त्य', फुकियामाको 'इतिहासको अन्त्य', रोलाँ बार्थको 'लेखकको मृत्यु', डेरिडाको विनिर्माणवादजस्ता धारणाको प्रभाव साहित्यकारमा बढ्दैगएको छ। यी दृष्टिकोण किन गलत हुन् भनेर मानिसलाई सचेत बनाउने कार्यक्रम अघि सार्नुपर्दछ। प्रगतिशील साहित्य लेखनमा स्थापित अग्रजका रचना पढ्न उत्प्रेरित गर्ने त्यस प्रकारका रचना वा कृतिमाथि बेलाबेलामा समीक्षागोष्ठी गर्ने कार्यक्रम अघिबढाइनुपर्दछ, जसले गर्दा नयाँ पुस्ता प्रगतिवादका सैद्धान्तिक परम्पराबाट दीक्षित र प्रशिक्षित हुन सकुन्।

**सिर्जना र समीक्षा :** नेपालको साहित्यिक आन्दोलनको इतिहास केवल कलात्मक अभिव्यक्तिको यात्रामात्र होइन, यो समाज परिवर्तनको चेतनासँग गाँसिएको वैचारिक संघर्षको इतिहास पनि हो। यसै परम्परामा उभिएको प्रगतिशील लेखक संघ, नेपालले वर्गीय चेतना, सामाजिक न्याय, समानता र जनपक्षीय मूल्यको प्रबर्द्धनमा महत्वपूर्ण भूमिका खेलेको छ तर बदलिँदो सामाजिक, राजनीतिक, सांस्कृतिक र आर्थिक सन्दर्भमा यसको अवस्था र कार्यदिशालाई पुनः विमर्शको विषय बनाउन आवश्यक छ। श्रमजीवी वर्ग, उत्पीडित समुदाय र राष्ट्रियताका पक्षमा कलम चलाउन श्रष्टालाई प्रोत्साहन गर्नुपर्छ। प्रगतिशील/प्रगतिवादी समालोचना अत्यन्तै कमजोर **बाँकी ७ पेजमा**

# औषधि उद्योगीहरुद्वारा बाह्य प्रतिश्पर्धा रोक्न माग

काठमाडौं। औषधि उद्योगीहरुद्वारा बाह्य प्रतिश्पर्धा रोक्न माग भएको छ। नेपाली औषधि उत्पादकहरुले नेपाली उद्योग आयातको दबाबमा परेको जनाउँदै बाह्य प्रतिश्पर्धा रोक्न सरकारसँग माग गरेका छन्। उनीहरुले आन्तरिक प्रतिश्पर्धा गरेर नेपालमा औषधि उपलब्ध गराउनेभन्दै आयातमा कड्याइँगर्न आग्रह गरेका हुन्। नेपालमा आत्मनिर्भर रहेका औषधिको कच्चा पदार्थमात्रै आयातगर्ने नीति सरकारले लिनुपर्नेमा उनीहरुको जोड रहेको छ। नेपालमा १०० हाराहारी औषधि उद्योग छन्।

तीमध्ये १० बन्द भइसकेको र बाँकी ५० बन्द हुने अवस्थामा रहेको उद्योगीहरुले जनाएका छन्। सञ्चालनमा रहेका उद्योगसमेत ३० देखि ४० प्रतिशत क्षमतामा मात्रै सञ्चालनमा आएको जनाउँदै सरकारलाई उद्योग बचाउन आग्रह गरेका छन्। नेपाल औषधि उत्पादक संघ (एपोन) का पूर्वकेन्द्रीय अध्यक्ष जीनारायणबहादुर क्षेत्री नेपाली औषधि उत्पादक कम्पनीको मुख्य समस्या भनेको विदेशी आयातित औषधिसँग प्रतिश्पर्धागर्न गाह्रो भएको बताउनुहुन्छ। नेपालमा करिब तीन दशकदेखि औषधि उद्योगको विकास क्रमशः हुँदैआएकोभन्दै उहाँले शुरुका वर्षहरुमा तीन/चार वटाबाट शुरुभएको भएको बताउनुभएको छ। भएका उद्योगहरु पनि पूर्ण क्षमतामा सञ्चालन हुन नसकेको भन्दै उहाँले अहिले उद्योगको क्षमताको ३० प्रतिशत मात्रै सञ्चालन भईरहेका छन्। यसको मुख्य कारण भनेको आयातित औषधिसँग प्रतिश्पर्धागर्न नसक्नु हो भन्नुभयो। भारतलगायत अन्य विदेशी करिब २०० उद्योगका औषधि नेपालमा आयात हुने गरेको उहाँको भनाइ छ। भारतमा ठूलो मात्रामा औषधि उत्पादन हुने जनाउँदै उहाँले जसका कारण लागत कम पर्नजान्छ। हामीले नेपाली बजारका लागि मात्रै उत्पादन गर्दा थोरै मात्रै उत्पादन गर्दा लागत बढी हुन आउँछ भन्नुभयो। त्यस्तै तयारी औषधि आयातमा न्यून भन्सार रहेकोभन्दै उहाँले नेपाली औषधि उद्योगको प्याकेजिङ, सिसालगायत कतिपय सामान आयात गर्दा भन्सार र भ्याट तिर्नुपर्ने बताउनुभयो। उहाँले यसलेगर्दा नेपाली उद्योगको उत्पादन लागत बढी हुन आउँछ भन्नुभएको छ। नेपालमा जुन जुन औषधि पर्याप्त मात्रामा उत्पादन हुन्छ, ती औषधिहरुको आयातलाई निरुत्साहित गर्नुपर्नेभन्दै उहाँले जुन औषधि नेपालमा प्रशस्त उत्पादन हुन्छ, ती औषधिहरुको कच्चा पदार्थमात्रै आयातगर्नेभन्ने सरकारी नीति हुनुपर्छ भन्नुभयो। नेपाली औषधि उद्योगले ल्याउने प्याकेजिङ, उपकरण लगायत उद्योग स्थापनागर्दा आवश्यकपर्ने सामानमा भन्सार छुटको व्यवस्था राज्यले गर्नुपर्ने उहाँको माग छ। त्यस्तै औषधि उद्योगमा ल्याइने नयाँ नयाँ प्रविधिमा भन्सार छुटको व्यवस्था **बाँकी ७ पेजमा**

# अन्तराष्ट्रिय

## अन्तर्राष्ट्रिय कूटनीतिको केन्द्र बन्दैगएको चीनमा देखिएको चासो

**कर्तव्य**


काठमाडौं। समसामयिक विश्व राजनीतिमा नेपालको छिमेकी चीन अन्तर्राष्ट्रिय कूटनीतिको केन्द्र बन्दैगएको देखिएको छ। त्यसमा पनि गतसाता केही दिनकै अन्तरालमा अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प, रुसमा राष्ट्रपति भ्लादिमिर पुटिन र पाकिस्तानका प्रधानमन्त्री सहबाज सरिफले गरेको भ्रमणले बेइजिङलाई सर्वाधिक चर्चाको केन्द्र बनाएका छन्। त्यतिमात्र नभएर विश्व शक्ति राष्ट्रका सैन्य अधिकारीहरुको चीन भ्रमण पनि महत्वपूर्ण रहँदै आएको छ। पछिल्ला भेटघाटहरुमा राजनीति, प्रविधि, आपसी व्यापार र लगानीले प्राथमिकता पाएको देखिन्छ। सरकारका प्रतिनिधिमात्रै नभएर व्यावसायिक घरानाका मानिसहरुको बढ्दो उपस्थितिले बेइजिङसँग लगानी र व्यापार सहकार्यमा बढ्दो बाँकी विश्वको इच्छाशक्ति दर्शाएको छ। गत अप्रिल महिनामा केवल १० दिनको अवधिमा थाइल्यान्डकी राजकुमारी महाचक्री सिरिन्धोर्न, स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेज, आबुधाबीका युवराज शेख खालिद बिन मोहम्मद बिन जायेद अल नह्यान, भियतनामका राष्ट्रपति तो लाम, रुसी विदेशमन्त्री सर्गेई लाभारोभलगायतले चीन भ्रमण गरेको देखिएको थियो। पछिल्ला भ्रमणहरुले विश्वले चीनप्रति आफ्नो ठूलो विश्वास प्रकटगरेको देखिएको छ। चीनका स्थानीय सञ्चारमाध्यमहरुले यी भ्रमणहरुको व्याख्यागर्ने क्रममा बैठक कोठा, बेइजिङको समयजस्ता शब्द प्रयोगगरेको पाइएको छ। अन्तर्राष्ट्रिय समाचार एजेन्सीका समाचार बिवरणहरु अनुसार भविष्यमा चीनले विश्वमा महत्वपूर्ण भूमिका खेल्ने निश्चित छ। स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजले गत अप्रिलमा चीन भ्रमणका क्रममा सिङहुआ विश्वविद्यालयमा आयोजित कार्यक्रममा बहुध्रुवीकृत विश्व आजको आवश्यकता भएकाले यसलाई नजरअन्दाज गरेर अघिबढ्न नसकिने बताउनुभएको थियो। पछिल्लो समय पश्चिमा गठबन्धनका क्यानडा र स्पेनजस्ता देशहरुनै चीनसँग सहकार्य गहिरो बनाउने प्रयासमा रहेका देखिछन्। क्यानडाका प्रधानमन्त्री मार्क कार्नीले गत जनवरीमा बेइजिङ



भ्रमण गरेर चिनियाँ राष्ट्रपतिसँग भेट्नु भएको थियो। सन् २०१७ पछि क्यानडाका कार्यकारी प्रमुखले गरेको योनै पहिलो भ्रमण थियो। दुई देशबीच नवीकरणीय ऊर्जा, कृषि, अपराध नियन्त्रणलगायत विषयमा छलफल भएको थियो। जनवरीमै कोरियाका राष्ट्रपति ली जे म्योङ, आयरल्यान्डका प्रधानमन्त्री माइकल मार्टिन, फिनल्यान्डका प्रधानमन्त्री पिट्टेरी ओर्पो, बेलायतका प्रधानमन्त्री केर स्टार्मर लगायतले सीसँग भेट्नु भएको थियो। त्यसैगरी गत फेब्रुअरीमा उरुग्वेका राष्ट्रपति यामान्डु ओर्सी र जर्मन चान्सेलर फ्रेडरिच मर्ज बेइजिङ पुग्नुभएको थियो। चीनको स्थिर नीति र हाईटेक उद्योगमा बढ्दो प्रभावले अन्य देशहरु आर्थिक सहकार्यका लागि इच्छुक देखिएको कतिपयको बिश्लेषण छ। फाइटर जेटदेखि स्मार्टफोन र कम्प्युटरको निर्माणमा आवश्यकपर्ने दुर्लभ खनिज धातुको ९० प्रतिशत प्रशोधित हिस्सा चीनसँग छ। ट्रम्पकै शब्दमा कार्ड अब चीनसँग छ। गतबर्ष अमेरिकाले शुरुगरेको भन्सार युद्ध असफल बनाउन चीनले यही कार्ड खेलेको थियो भनिन्छ। अमेरिकासँग आफ्नो उपभोक्ता बजार छ। जसले धेरैलाई आकर्षित गर्छ। तर, यसका बाबजुद अहिले अमेरिकी बजार अनिश्चित भएकाले मानिसहरु त्यहाँ लगानीगर्ने जोखिम लिइरहेका छैनन्। साना-ठूला शक्तिहरुले आफ्नो अर्थतन्त्रलाई जोगाउन चीनसँग व्यापार र लगानी वृद्धिगर्न चाहेका छन्। जहाँ स्थिरता हुन्छ, लगानीकर्ता त्यतै आकर्षित हुन्छन्। अमेरिकामा कृषि प्रवर्द्धनगर्ने ट्रम्पको योजना रहेको छ। त्यसलाई ध्यानमा राखेर चीनले बिफ, सोयाबिन र मकैजस्ता अमेरिकी उत्पादनमा यसअघि लगाइएको प्रतिबन्ध खुकुलो गरिदिने भएको छ। अमेरिकाले पनि एआईका लागि चीनलाई चिप्सहरु दिने सहमति गरेको छ। यसले विश्व व्यापारमा केही स्थिरता देखिन सक्छ। विशेषगरी डोनाल्ड ट्रम्प दोश्रोपटक राष्ट्रपति निर्वाचित भएयता अमेरिकाको विदेश सम्बन्ध र नीति अस्थिर देखिँदै आएको छ। ट्रम्पको मेक अमेरिका ग्रेट अगेन नीतिले घरेलु मुद्दाहरुलाई प्राथमिकतामा राख्ने दाबी गरेपनि विश्वव्यापी सहकार्यलाई निरुत्साहितगर्दै राखेको देखिन्छ। जसले उसका पश्चिमा सहयोगीहरुमा आशंका बढाएको छ। ठीक विपरीत, चीनले नीतिगत निरन्तरता, बहुपक्षीयताप्रतिको प्रतिबद्धता र वैश्विक सहकार्यका पक्षमा जोड दिइरहेको छ। चीनले नयाँ अवधारणा र नयाँ अभ्यासहरुको प्रतिनिधित्वगर्दै विश्वलाई शान्ति, समृद्धि र स्थिरताको रुपान्तरणतर्फ डोऱ्याउन सक्छभनेर विश्वले स्वीकारिसकेको अवस्था छ। यसविरुद्ध गुटबन्दी र एकपक्षीयताको पुरानो मानसिकता उभिएको देखिन्छ। चीनसँग विश्वका बिभिन्न देशले आफ्नो सन्दर्भअनुरुप सहकार्य खोजिरहेको देखिएको छ। भियतनामजस्ता छिमेकी देशले साझा भविष्यसहितको बलियो जग बनाउन चाहेका छन्। स्पेनजस्ता युरोपेली देशहरुले हरित ऊर्जा र प्रविधिको नवप्रवर्तनमा सहकार्य खोजिरहेका छन्। पश्चिम एशियाका देशहरुले क्षेत्रीय शान्तिमा चीनको मध्यस्थता र साथ खोजेको देखिन्छ। रुस रणनीतिक साझेदारी चाहन्छभने अमेरिकाले व्यापार र प्रविधिमा ध्यान केन्द्रित गरेको छ। केही समयअघि सम्पन्न चीनको राष्ट्रिय जनकंग्रेसले १५ औं पञ्चवर्षीय योजना पारित गरेको थियो। विकास र समृद्धिका लागि बाँकी विश्वसँग हातेमालो गरेर अघिबढ्ने नीति **बाँकी ७ पेजमा**

# आजको बित्तीय साम्राज्यवाद र गणतन्त्रमा देखिएको गडबडी

लोकनारायण सुवेदी



आज पनि विश्व अशान्त रहेको छ। खासगरी विश्व साम्राज्यवादका कारण यो अवस्था सिर्जना भएको हो। विश्वमा सामन्तवाद बिरोधी पुराना क्रान्तिहरुमा फ्रान्सेली क्रान्तिलाई विश्वको सबभन्दा महत्वपूर्ण र प्रेरणादायी पूँजीवादी क्रान्ति मानिन्छ। जसले समानता, स्वतन्त्रता र भाइचारको नारा अघिसारेर सामन्तवादी निरंकुशताका बिरुद्ध क्रान्तिको बिगुल फुकेको थियो र विश्व राजनीतिलाईनै ठूलो प्रभाव पारेको र आकर्षण गरेको थियो। त्यहाँ १७८९ को जनक्रान्तिदेखि लिएर अहिलेसम्म फ्रान्सले एउटा लामो राजनीतिक यात्रा गरिसकेको छ। १७९२ मा त्यहा पहिलो गणतन्त्र आयो। त्यसपछि पनि त्यहाँ दुइ दुइ पटक गणतन्त्रलाई मूलबाटोबाट किनारा लगाइयो। त्यहाँ राजतन्त्र तथा एकाधिकारवाद पटक पटक आफ्नो बर्चश्व र बैभबकासाथ फर्कियो। तर फ्रान्सेली जनताभित्र जनतन्त्रलाई लिएर प्रतिबद्धता यति बिघ्न गहिरो किसिमको थियो कि त्यसले अन्ततः राजतन्त्रलाई टिक्न दिएन। गणतन्त्र त्यहाँ प्रत्येक पटक अझ परिमार्जित र प्रष्ट भएर आयो। त्यसका साथै त्यसलाई परिष्कार गर्ने प्रकृया पनि जारी रह्यो। त्यसलाई बढीभन्दा बढी थप स्वीकार्य बनाउने प्रयत्न पनि जारी रह्यो।

शायद त्यसै कारणले त्यहाँ आज पाँचौ गणतन्त्र छ र ठूलो बिचार बिमर्श र संघर्षका बीचबाट नयाँ संविधानको माध्यमबाट गणतन्त्रलाई बढीभन्दा बढी उदार, समावेशी र पारदर्शी बनाउने अभियान त्यहाँ चल्दै आएको छ र चलिरहेको छ। हाम्रो देशमा पनि बितेको झण्डै डेढ दशकभन्दा बढी समयदेखि संविधानलाई लिएर बहस, बिचार बिमर्श र संघर्ष जारी रहेको र समाजका कतिपय बिरोध र असहमत बिचारका बीच अहिले संबिधान सभाबाट संविधान घोषणा भएको पनि ११ बर्ष बित्न लागिसकेपछि पनि असन्तोष र संघर्ष जारी रहेको छ। वितेका स्थानीय र संघीय चुनावकै बेलामा पनि यो असन्तुष्टी र बिमति देखिएको हो। अहिलेको अप्रत्याशितरुपमा आइलागेको चुनावपछि पनि यो बिवाद सुल्झिएको छैन। वास्तवमा एक त यो संविधान निर्माणको प्रकृया र बहसले शुरुदेखि नै सही दिशा र गति पाएन। अनि अन्तिम परिणतिमा अझै पनि पाइनसकेकै स्थितिको परिचायक बनेर रहेको छ। हुन पनि देशमा एक किसिमको कोलाहल, अनिश्चितता, आशंका र अन्योलपूर्ण अवस्था अद्यापि जारी छ। यसमा कतिपय जन समुदायका जायज गुनासाहरु छन् भने कतिपय मूल्य-मान्यताका कुराहरु पनि समस्याका रुपमा छन्। कतिपय ससाना संकीर्ण स्वार्थमै हाम्रो संविधान सभाको निर्माण र अहिलेको कार्यान्वयनको क्षणमा समेत बहुमूल्य लामो समय खेर गयो र गइरहेको छ। यथास्थितिवादी आधार, त्यसको आधेय र परम्परागत प्रणालीलाई बदल्ने जन उत्थानकारी सार्थक बहस हुन अझैसम्म पनि सकिरहेको छैन वरु प्रतिगमन देखि प्रतिगमन सम्मकै गोल चक्करका वीचबाट गणतन्त्र गुज्रिरहेको छ।

संयुक्त जनआन्दोलनले दिएको दिशा निर्देश, जनताले दिएको मतादेश र परिवर्तनले खोजेको मूलभूत आवश्यकता अनुरुप व्यवस्थित शोच बिचार हुन अझै नसकेकै अल्मलको अबस्थाबाटै देश गुज्रिरहेका छ। यस प्रकारको अबाञ्छित स्थिति बिकासलेगर्दा मुलक र मुलुकबासीको भबिष्य र अस्तित्वको संकटमा परिरहेको प्रतीत हुन्छ भने एक पछि अर्को परिबर्तन 'तावाबाट उम्केर भुँग्रोमा' परेको जस्तोमात्रै हुने गर्दैआएको छ। हिजो एकातिर यो घोषित संविधानलाई विश्वकै उत्कृष्टतम् र पवित्र संविधान मानेर त्यसमा जनताका अधिकारहरुलाई सुनिश्तिगर्ने ठोस, बस्तुगत र आधारभूत बहसलाई नै गलत बताउन पनि पछि नपरेको देखिन्छभने अर्कोतिर संबिधानलाई नै समान्य चिट्ठाको टिकटजस्तो हलुका रुपमा लिएर यसलाई भजाउने प्रयत्न सत्ता र यसको सेरोफेरोमा रहे भएका शक्तिबाट भइरहेको गम्भीर आरोप पनि लाग्ने गरेकै छ। यस स्थितिले हाम्रो गणतन्त्रलाई कहा लिएर जान्छ र के परिणाम ल्याउँछ भन्न सकिने अबस्था छैन।पछिल्लो स्थिति हेर्दा कतै बाह्य र आन्तरिक प्रतिकृयावादी शक्तिहरुकै चेपुवामा परेर निरर्थक बन्ने त होइन भन्ने सन्देह पनि अहिले उठिरहेको छ। यस प्रकारको स्थितिले नेपाली जनताले लडेर ल्याएको परिबर्तनका सीमित उपलब्धीहरुलाई पनि कसरी जोगाउने, बचाउने र अघि बढाउने भन्ने ठूलो प्रश्न चिन्ह र गम्भीर सन्देह परिबर्तनका सम्बाहक अगुवा र आम जनसमुदायका समक्ष खडा भएको छ। अहिलेको पछिल्लो चुनावी परिबर्तनपछि पनि एउटा सानो तप्काले सत्तामा खुरी खेल्ने र मोजमस्ती लिने पुरानै अबाञ्छित बिकृति र र बिसंगतिहरु नयाँ कलेरमा दोहोर्‍याउने बाहेक अरु केही हुने देखिदैन। जनताले पाएका हक अकिारको नियमन र प्रभावकारी कार्यान्यनगर्ने दिशा लिनुका ती अधिकारहरु खोस्ने र दुइ तिहाईको दम्भ देखाउदै जनअधिकारहरु खोस्न उद्यत हुने खालका जुन हर्कतहरु देखाइदैछ त्यसले गणतन्त्रको गौरब र गरीमालाई निषेधगर्न खोजेकै प्रतीत हुन्छ। त्यसोगर्नु नै सशासन हो भन्ने गलत भाष्य तयार गर्न थालेको देखिदैछ। अनि परिवर्तनका सबै कुरा बोल्ने त्यही सानो तप्काको मात्र एकाधिकार त्यसै तप्कालाई मात्र छ भन्ने कुरा परोक्ष प्रत्यक्ष रुपमा धकेल्न सबैलाई त्यतैतिर ढाल्न खोजिरहे जस्तो देखिन्छ। गणतन्त्र, राष्ट्रियता र स्वाधीनताको लागि लामो समयदेखि संघर्षगर्दै आएका राजनीतिक दल र जनसमुदायहरुको बिचारलाई नियन्त्रणगर्न खोजिरहेको जस्तो तिनको कुटीलताको प्रतीति पनि भइरहेको छ। वास्तवमा अहिले नेपाली समाजमा जारी रहेको असन्तुष्टी र संघर्षको एउटा महत्वपूर्ण र सारपूर्ण कुरा यो नै हो। यसबाट के पनि प्रष्ट हुन्छभने देशका सबै तह, तप्का र समुदायले गणतन्त्रमा आआफ्नो स्थानको खोजी गरिरहेका छन्। यो स्वभाबिक नै हो। परिवर्तित प्रणाली आफ्नो पनि हो भन्ने महसुश गर्न यो समाजको ठूलो हिस्साले अझै पनि नपाएको यो अभिब्यक्ति पनि हो। त्यसमा खेलेर उन्नत,बैज्ञानिक शोचको खोज र समानतामा आधारित समृद्धिबाटो लिनुको साटो पछिल्तिर फर्कन कुनै पनि चालबाजीले काम गर्दैन भन्ने कुरा बुझपचाउनु देश र जनतालाई फेरि धोका र भ्रममै राख्ने कुरा मा ठहरिनेछ। तर के पनि बिर्सनु हुन्नभने लामो समयको समर्पण, त्याग, संघर्ष र बलिदानपछि पनि परिवर्तनका सम्बाहक मानिएका शक्तिहरुको प्रबृत्ति, मनोबृत्ति, आचारण र ब्यवहारले समग्र आन्दोलन, गणतन्त्रात्मक लोकतन्त्र, संघीयता, धर्म निरपेक्षता, समानुपातिक तथा समावेशी पद्धतिकाप्रतिनै एक वा अर्को किसिमले ठूलो प्रश्नचिन्ह लागेको छ।

यसबाट जनताको संघर्षबाट बिस्थापित शक्ति तथा बाह्य प्रतिकृयावादी शक्ति समेतको सहयोगमा एक वा अर्को किसिमले नयाँ कलेबरमा पुनर्स्थापित हुन खोजिरहेको आभास पनि दिन खोजेको देखिदै आएको छ। त्यसलाई डेढ दशकयता खाशगरी ०६३ सालपछि सत्ता केन्द्रमा रहे/बसेका दलहरुले कुशासन,भ्रष्टाचार, कमिशनखोरी, करछली र संगठित मानव वेचविखनका प्रकरणहरु र तस्करी लगायतका बिकृत गतिबिधि अबलम्बन गरेर कुनै न कुनैरुपमा योगदान गरैकै स्थिति हो। ०७२ को ठूलो भूकम्पको बेलामा होस् या कोरोना महामारीका बेलामा होस् ब्यापक भ्रष्टाचार र तज्जन्य कृयाकलापहरुले समेत यो कुरा अझ प्रष्ट पारेका हुन्। त्यसको एक मात्र परिणति जनतामा राजनीति, राजनीतिक परिवर्तन र राजनीतिक दलहरुप्रति नै बितृष्णा, अविश्वास र सन्देह पैदाहुन र बढ्न थालेको हो र अहिलको पछिल्लो स्थिति पैदा भएको हो। परिवर्तनकामी निष्ठाबान शक्ति र दलहरुले यो गम्भीरतम बिसंगतिलाई चिर्न नसकेसम्म राजनीतिक परिवर्तनबाट जनताले बोधगर्न सक्ने र गर्नुपर्ने महत्वपूर्ण कुरा नै गुम हुनपुग्ने छ। वास्तवमा यी सबै गणतन्त्रात्मक लोकतन्त्रबमा गडबडी ल्याउने गतिबिधि नै हुन्। बित्तीय **बाँकी ७ पेजमा**

# वैदेशिक रोजगारी र शिक्षाको नाममा भएका ठगीधन्दा

काठमाडौं। नेपालमा वैदेशिक रोजगारी र शिक्षाको नाममा ठगीधन्दा बढ्न थालेको देखिएको छ। नक्कली कागजात, ठगी र वित्तीय हिनामिनाजस्ता फौजदारी प्रकृतिका कार्यमा संलग्न व्यक्ति वा संस्थामाथि प्रचलित कानूनबमोजिम कडा कारवाहीगर्न वैदेशिक अध्ययन परामर्श सेवामा संलग्न बिभिन्न चार संस्थाले माग गरेका छन्।

वैदेशिक अध्ययन परामर्श सेवाको व्यवस्थित विकास, व्यावसायिक मर्यादा, बिद्यार्थी हित संरक्षण तथा अन्तरराष्ट्रिय शिक्षा क्षेत्रमा विश्वसनीय उपस्थिति कायम आफूहरु स्थापित भएकाले कानूनी कारवाहीको नेपाल सरकारको पहलप्रति ती संस्थाले चासो दिएका हुन्। स्वतन्त्र शैक्षिक परामर्श संघ, नेपाल (फेकोन) का अध्यक्ष उमेश कुश्वार, राष्ट्रिय शैक्षिक परामर्श संघ (नेका) का अध्यक्ष भूपेन्द्र सिटौला, नेपाल शैक्षिक परामर्श सेवा संघ (नेस्का) का अध्यक्ष सन्तोष खनाल र ऐरी नेपालका अध्यक्ष द्विराज शर्मा शिवाकोटीले संयुक्त प्रेस विज्ञप्ति जारीगरेर शैक्षिक परामर्श क्षेत्रलाई व्यवस्थित, मर्यादित तथा उत्तरदायी बनाउन प्रतिबद्धता जनाउनुभएको छ। शिक्षा ऐन-०२८ को दफा १६ (ढ) अनुसार अनुमति नलिई शैक्षिक परामर्श सेवा सञ्चालनगर्न नपाइने स्पष्ट कानूनी व्यवस्था छ। साथै सोही ऐनको दफा १७ (१क) अनुसार अनुमतिविना सञ्चालन गर्ने व्यक्तिलाई कसुरको मात्रा हेरी एक लाख रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुन सक्ने व्यवस्था गरिएको छ। विज्ञप्तिमा तर उक्त दफामा प्रयोग भएको 'वा' भन्ने शब्दलाई आधार मान्ने होभने अदालतले केवल जरिवाना गराई दर्ता नगरी सञ्चालन गरिरहेका सञ्चालकलाई रिहागर्न सक्ने अवस्था देखिन्छ। त्यसैले हाल करिब तीन हजारको संख्यामा रहेका दर्ताविहीन तथा अवैध कन्सल्टेन्सीहरुलाई कडा जरिवानासहित कानूनी दायरामा ल्याई दर्ताका लागि आह्वानगर्नु आवश्यक देखिन्छ भनिएको छ।

इजाजतपत्र नवीकरण नगरेको अवस्थामा लगातार तीन वर्षसम्म नवीकरण नगरेमा स्वतः इजाजतपत्र रद्ध हुने कानूनी व्यवस्था रहेको छ। त्यस्तो कानूनी व्यवस्थामा सञ्चालक वा व्यवसायीलाई पक्राउगरी फौजदारी अभियोजन चलाउने स्पष्ट कानूनी आधार नभएकाले नवीकरण नभएकालाई नवीकरणका आह्वान गर्न विज्ञप्तिमा आग्रह गरिएको छ। पछिल्लो समय वैदेशिक रोजगारीमा जानेहरु ह्वात्तै बढेका छन्। मुलुकमा पर्याप्त रोजगारी नहुँदा वैदेशिक रोजगारी नै नेपालीको भर बनेको छ। तर, वैदेशिक रोजगारीको नाममा ठगीधन्दा मौलाएको छ। विदेश उडाइदिनेभन्दै पैसा असुल्ने र अलपत्र पार्ने गिरोह सक्रिय भएको छ। तर, नियामक निकायभने यसबारे अनविज्ञझैं छ। म्यानपावर र कन्सल्टेन्सीले विदेश पठाउने भनेर ठगीधन्दा चलाइरहेको छ। मलेसियासहित खाडी मुलुक पठाइदिने भन्दै म्यानपावरले तीनदेखि छलाख रुपैयाँ उठाएको छ।

तर, विदेश पठाउने कहिले हो ? टुंगो छैन। आज र भोलि भन्दाभन्दै वर्षौ बितिसकेको पीडितहरुको गुनासो छ। पैसा र डकुमेन्ट्स लिएका छन्, फिर्ता माग्दा पनि दिँदैनन्। अन्तैबाट अप्लाई गर्छु, पैसा फिर्ता दिनु भन्दापनि मान्दैनन्। यता, कन्सल्टेन्सीहरुले जापान, अष्ट्रेलिया, क्यानडा, युरोपलगायतका मुलुक पठाउनेभन्दै १० देखि ४० लाख रुपैयाँसम्म असुलेको सुनिन्छ। तर, कन्सल्टेन्सीले पनि अलपत्र पार्ने काममात्रै गरिरहेको छ। पैसा लिइसकेका छन् तर पठाउने सुरसार छैन। म्यानपावर र कन्सल्टेन्सीमा जाँदा कर्मचारीचाँहि कोही भेटिँदैनन्। बिभिन्न बहाना बनाउँछन् र फिर्ता पठाउँछन्। यता, ऋण लिएर पैसा बुझाएकाहरु तनावमा परेका छन्। एकातिर ऋण बढेको बढ्यै छ, अर्कोतिर जान पाउने/नपाउने थाहा छैन। मासिक एक लाखको पाँच देखि ३० हजार रुपैयाँमा पैसा ऋण ल्याएर कन्सल्टेन्सी र म्यानपावरलाई बुझाइएको छ। म्यानपावर र कन्सल्टेन्सीको यो ठगीधन्दा हिजो पनि थियो र आज पनि चलिरहेको छ। जुन बन्दगर्न सरोकारवाला निकाय असमर्थ भएको छ। अधिकांश कन्सल्टेन्सी र म्यानपावरको दर्तानै छैन। दर्ताबिगर कन्सल्टेन्सी र म्यानपावर सञ्चालन हुँदा सरकारले बन्दगर्न सकेको छैन। एउटा कोठा लिने, कन्सल्टेन्सी र म्यानपावर खोल्ने, ठगीधन्दा चलाउने। एउटै घरमा दर्जनौंजस्तो कन्सल्टेन्सी र म्यानपावर सञ्चालनमा छ। तिनले गाउँ,गाउँमा एजेन्ट खटाएर सोझासोझीलाई आकर्षक तलबको प्रलोभनमा पैसा उठाइरहेका छन्। म्यानपावर र कन्सल्टेन्सीले तिनलाई २०-३० प्रतिशतसम्म कमिशन दिन्छ। कमिशनको लोभमा सर्वसाधारणलाई ऋणको चंगुलमा फसाउने र दुःखदिने काम भइरहेको छ। देशमा बेरोजगारी भएको फाइदा म्यानपावरलाई भएको छ। कन्सल्टेन्सीले मुलुकको शैक्षिक स्तर गुणस्तरीय छैनभन्ने भ्रम छरेर आफ्नो दोकान चलाइरहेको छ। काठमाडौं उपत्यकाभित्र होस् या बाहिर यहीं क्रम चलिरहेको छ। सर्वसाधारण र बिद्यार्थीलाई ठग्दा न शिक्षा तथा खेलकुद मन्त्रालयले अनुगमन र कारवाही गर्छ न श्रम मन्त्रालयले। नागरिक ठगिइरहेका छन्, सरकार रमिता हेरिरहेको छ। लाखौं मान्छेको अर्बौं रुपैयाँ म्यानपावर र कन्सल्टेन्सीले होल्ड गरिरहेको छ। तीन महिनादेखि **बाँकी ७ पेजमा**

# साहित्य र सिर्जना

## साहित्य महोत्सवको चौथो संस्करण हुँदै

काठमाडौं। काठमाडौंमा आगामी २३ र २४ गते साहित्य महोत्सवको चौथो संस्करण हुँदै छ। सीमाभन्दा परः परिवर्तनशील विश्वमा दक्षिण एशियाली साहित्य विषय रहेको दुईदिने महोत्सवमा दक्षिण एशियाका दर्जनौं चर्चित लेखक, कलाकार, चलचित्रकर्मी, संगीतकार, कूटनीतिज्ञ तथा बुद्धिजीवीको सहभागिता रहने महोत्सवकी निर्देशक रञ्जना निरौलाले जानकारी दिनुभएको छ। उहाँले महोत्सवमा पहिचान, बसाइँसराइ, समावेशिता, अध्यात्म, वातावरण र सामाजिक सहभागिताजस्ता विश्वव्यापी विषयमा दक्षिण एशियाली साहित्य र सांस्कृतिक परम्पराको बढ्दो महत्वलाई झल्काईने छ। महोत्सवमा दक्षिण एशियाली साहित्य, कला र बौद्धिक परम्पराले आजको विश्व परिवेश, सांस्कृतिक परिवर्तन, पहिचान, समावेशिता, अध्यात्म तथा सामाजिक परिवर्तनसँग कसरी सम्वाद गरिरहेका छन्भन्ने विषयमा छलफल गरिने बताउनु भएको छ। महोत्सवकी निर्देशक निरौलाले समूहगत छलफल, मुख्य वक्तव्य, कविता वाचन, सांगीतिक प्रस्तुति, लेखकसँग अन्तरक्रिया, पुस्तक विमोचन, कार्यशाला, सांस्कृतिक साँझ तथा अन्तरदेशीय साहित्यिक सहकार्यका कार्यक्रम आयोजना गरिने बताउनुभएको छ। महोत्सव यशस्वी प्रज्ञान प्रतिष्ठानको सहकार्यमा आयोजना हुनलागेको हो। यसपटकको संस्करणमा गीत सुन्ने कि हेर्ने ?, नेपाली काव्य, समाज, सभ्यता र संस्कृति, रातो पृथ्वी र तातो पृथ्वी, नारी लेखनः समानता र स्वतन्त्रता, देशभन्दा टाढा र स्मृतिभन्दा नजिक, विद्यावारिणी आवश्यक ताकि चुनौती, महोत्सवका चुनौतीहरु, नेपाल-भारत सिनेमालगायतका दुइदर्जन विषयमा समूहगत छलफल र अन्तरक्रियात्मक कार्यक्रम हुने आयोजकले जनाएको छ। भारतस्थित ओडिशाको भुवनेश्वरमा आधारित कलिङ साहित्य महोत्सव (केएलएफ) भारतको प्रमुख साहित्यिक तथा सांस्कृतिक महोत्सव मध्ये एक हो। सन् २०२२ देखि केएलएफले नेपाल, भारत तथा दक्षिण एशियाली देशहरुबीच साहित्यिक, सांस्कृतिक तथा बौद्धिक आदानप्रदानलाई केन्द्रमा राखी साहित्य महोत्सव आयोजनागर्दै आइरहेको पाइन्छ।

## सशक्त पत्रकारिता सम्मान प्रदान

काठमाडौं। नेपाल पत्रकार महासंघ कञ्चनपुर शाखाले यसवर्ष सशक्त पत्रकारिता सम्मान-०८३ बाट पत्रकार शेरबहादुर सिंहलाई सम्मान गरेको थाहा भएको छ। महासंघको २२ औं वार्षिक साधारणसभामा राससमा कार्यरत पत्रकार सिंहले जनमुखी पत्रकारितामार्फत समाजमा पुर्‍याएको योगदानको उच्च कदरगर्दै सुदूरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री हिरा सार्कीले सो सम्मान प्रदान गर्नुभएको हो। नेपाल पत्रकार महासंघ कञ्चनपुर शाखाका अध्यक्ष सुरेश सिंह धामीको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेश मन्त्री सार्कीका साथै सुदूरपश्चिम प्रदेशसभा सदस्य प्रकाश रावल, जिल्ला समन्वय समिति कञ्चनपुरका प्रमुख दुर्गादत्त बोहरा, बेदकोट नगरपालिकाका नगरप्रमुख भोजराज बोहरा, नेपाल पत्रकार महासंघका प्रदेश अध्यक्ष भरत शाह लगायतको सहभागितो थियो। कार्यक्रममा मन्त्री सार्कीले राससकर्मी सिंहसहित पत्रकार महासंघका पूर्वअध्यक्ष तथा आधा दर्जन पत्रकार सम्मान गरिएको नेपाल पत्रकार महासंघ कञ्चनपुर शाखाका सचिव कुन्दनराज पाण्डेयले जानकारी दिनुभएको थियो। कार्यक्रमको उद्घाटन समारोहमा सुदूरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री हिरा सार्कीले पत्रकारिताका माध्यमबाट हरेक तहका सरकारलाई सञ्चारजगत्ले सजक र सचेत गराउनुपर्नेमा जोड दिनुभएको थियो।

## नेपाली कविता संग्रह सार्बजनिक

काठमाडौं। अमेरिकामा नेपाली कविता संग्रह सार्बजनिक गरिएको छ। वरिष्ट श्रष्टा डा तुलसी आचार्यको पछिल्लो कविता संग्रह दिनभरि पानी परिरहन्छ सार्वजनिक भएको हो। अमेरिकाको कोलोराडोमा हालै आयोजित नवौं अन्तरराष्ट्रिय नेपाली साहित्य सम्मेलनमा कवि डा नवराज लम्साल र अन्तराष्ट्रिय नेपाली साहित्य समाजका केन्द्रीय सदस्यहरुले संयुक्तरुपमा पुस्तक विमोचन गर्नुभएको थियो। यही जेठ आठदेखि ११ गतेसम्म आयोजित सो सम्मेलनमा नेपाल र अमेरिकामा रहेका नेपाली साहित्यकार र साहित्य अनुरागीको सहभागीता रहेको थियो। सो कविता संग्रहभित्रका रचना आधुनिक डायस्पोरा र प्रयोगात्मक शैलीमा केन्द्रित छन्। पुस्तक अमेजन र प्रमुख डिजिटल र मिडिया प्लेटफर्महरुमा पनि उपलब्ध रहेको बताइएको छ। यसअघि डा आचार्यले संस्मरण, कथा र अनुसन्धानका विषयमा एकदर्जन पुस्तकहरु रचना गरिसक्नुभएको छ।

## नेपालमा..

बीचको सम्बन्धमा कुनै दरारको अवस्था सिर्जना भएको छैन। त्यसैले पाकिस्तानबाट कुनै चुनौती पनि छैन। त्यसैगरी नेपालमा अमेरिकी चासोसँगै सुरक्षा चुनौती पनि बढिरहेको छ। हालको अवस्थामा अमेरिकालाई विश्वकै सबैभन्दा शक्तिशाली मुलुक मानिन्छ। अमेरिकी विदेश नीति हेर्दा उनीहरु शीतयुद्धकाल अर्थात सन् १९४९ मा चीनमा कम्युनिष्टहरु शक्तिशाली भएदेखिनै चीनप्रति सशंकित रहँदैआएका छन्। नेपालमाथि हुने चिनियाँ चासो भारतलाई भन्दा अमेरिकालाई बढी बिझाउने गरेको देखिएको छ। उसले त्यसलाई कसरी सन्तुलनगर्न सकिन्छ ? भन्ने प्रयास गरेको देखिएको छ। त्यसैगरी नेपालमा चिनियाँ प्रभुत्व नबढोस्भन्ने अमेरिकाको मुख्य चासो रहने गरेको देखिन्छ। अमेरिका र भारतभन्दा पनि चीन प्रभुत्वशाली भएको उनीहरु देख्न र सुन्न चाहादैनन्भन्ने पछिल्ला बिभिन्न घटनाक्रमहरुले स्पष्ट गरेका छन्। यस्तो अवस्थामा परम्परागत सुरक्षा नीतिका आधारमा हामीहरुले आफ्नो सुरक्षा नीति तर्जुमागर्न सक्दैनौं। किनभने आजकोजस्तो सूचना र सञ्चारको युगमा पनि सैन्य अवधारणाबाट अगाडि बढ्यौंभने हामी कहिँ पनि पुग्न सक्दैनौं। पछिल्ला केही दशक यता देशको साँध सीमाना जोगाउन नेपाली सेना अगाडि बढ्नु परेको छैन। जसलेगर्दा राष्ट्रिय सुरक्षा नीतिबारे सैन्य धारणाबाट हामी अगाडि बढ्यौंभने त्यो त्रुटीको कुरा हुन्छ। नेपालका ठूला सुरक्षा चुनौती केलाएर हेर्ने सन्दर्भमा अहिले पनि हाम्रो आन्तरिक सुरक्षाकै समस्या देखिन्छ। विपद् व्यवस्थापनको समस्या, लागूऔषध ओसारपसार, मानव तस्करी, अनौपचारिक अर्थतन्त्र सञ्चालनगर्ने समस्याहरुका बीचमा देशको सुरक्षागर्ने र राष्ट्रिय अखण्डतालाई जोगाएर राख्ने समस्या जाज्वल्यमान भएर अगाडि आएको छ। नेपालमा स्पष्टरुपले चीन, भारत र अमेरिकाबाट सुरक्षा चुनौती रहेको छ। जसको सामना बुद्धिमतापूर्ण रुपमा हुन सक्नुपर्दछ। त्यो भनेको सैन्य समाधान होइन। खासमा नेपालका सरकारहरुले राष्ट्रिय एकता र सहमतीय राजनीतिमा बढी जोड दिएको हुनुपर्दछ। त्यसलेमात्र अन्तराष्ट्रिय चासो र सुरक्षा चुनौतीलाई सन्तुलनगर्न सक्दछ। त्यसका लागि यहाँका दलहरुले आफूलाई अन्तराष्ट्रिय संलग्नताबाट मुक्त गराउनु जरुरी हुन्छ।

# न हट्यो बेरोजगारी र मँहगी न हटे बिचौलिया !

अनुसा थापा

## साझा मञ्च

नेपालमा रास्वपाको नयाँ सरकार गठन भएपछि गत शुक्रबार आब ०८३/०८४ का लागि नयाँ बजेट सार्बजनिक भएको छ। जसमा अर्थमन्त्रि स्वर्णिम वाग्लेले धेरै महत्वाक्याक्षी योजना अगाडि सारेको पाइन्छ। तर यातायात र मालपोत कार्यालयमा विगत लामो समयदेखि बिचौलियातन्त्र चलिरहेको छ। यी कार्यालयमा हरेक काम बिचौलिया मार्फत हुन्छ। सर्वसाधारण जाँदा काम रोकिन्छ, अड्काइन्छ, बिचौलियामार्फत जाँदा क्षणिकमा काम सकिन्छ। वालेन्द्र शाह नेतृत्वको सरकारले यसलाई मध्यनजरगर्दै बिचौलिया र लेखनदासलाई कार्यालयभित्र प्रवेश रोक्न निर्णय गऱ्यो। सोअनुरुप ती कार्यालयलाई पत्राचार गरियो र निर्णय कार्यान्वयनमा लगियो। तर, यो नौटंकीमात्रै रहेको प्रमाणित भएको छ। सरकारले चर्चा कमाउनका लागि त्यो नाटक रचेको पाइएको छ।

एकाध दिन बिचौलिया र लेखनदासलाई गेटबाहिर रोकियो। अहिले त उनीहरु निर्वाधरुपमा कार्यालय छिरिरहेका छन्। सरकारी कागजात बोकेर गेटबाहिर ल्याउने क्रम चलिरहेको छ। यातायातमा पाँच हजारमा हुने कामका लागि बिचौलियाले १५ हजार रुपैयाँ लिइरहेका छन्। त्यति रकम दिएपछि केही घण्टामै त्यो काम सकाइदिन्छन्। अनि कहाँनेर बिचौलिया हट्यो ? नाटक गर्न राष्ट्रिय स्वतन्त्र पार्टी र वालेन्द्र सरकारलाई कसैले नभ्याउने रहेछ। त्यसो त अहिलेसम्म कति बिचौलिया समातियो ? कति जेल गए ? कुन कुन कार्यालय बिचौलियामुक्त भएको छ ? यसको विवरण वालेन्द्र सरकारसँग छ ? नगरपालिकामा पनि बिचौलिया छ। बिचौलियाबिना काम नै हुँदैन। यातायात, मालपोत, अदालत, नगरपालिका, वडामा बिचौलिया छ्याप्छ्याप्ती भेटिन्छन्। अनि कहाँनेर बिचौलिया हट्यो ? आफ्नै निर्णय कार्यान्वयन गर्न सरकार असफल भएको छ। बिचौलियाहरु अहिलेपनि सरकारी कागजात घर लिएर जान्छन्। खोइ त रोक्न नसकेको ? एउटा विज्ञप्ति निकाल्दैमा बिचौलिया रोकिने भए त यो देश कहाँ पुगिसक्थ्यो।

हुन त प्रधानमन्त्री साहलाई जनताले कहाँ कहाँ समस्या खेपिरहेका छन् ? देशमा के के भइरहेको छ ? थाहा छैन। प्रधानमन्त्री भएपछि वालेन्द्र कतै बोलेका छैनन्। न सदनमै गएका छन्। जनताको आवाज राख्ने थलोमा गएर सांसदको कुरा सुनिदिने र समस्या समाधानको पहल थाल्ने उनको कतव्य हो। तर, उनी सदन र सांसदकै अपमान गरिरहेका छन्। यता, उनी कुनै सरकारी कार्यालय पनि गएका छैनन्। सरकारी कार्यालयमा जनताले कति दुःख पाइरहेका छन् ? उनी बेखबर छन्। सदन नजाने, जनताको कुरा नसुन्ने, कतै नदेखिने व्यक्तिलाई देश र जनताको अवस्थाबारे के थाहा ? हुन त उनको यो व्यवहार काठमाडौं महानगरपालिकाको मेयर हुँदै देखिइसकिएको थियो। उनी कामभन्दा पनि बिभिन्न कारणले पपुलर भइरहन्थें। जनताले पनि उनी आएपछि देशको मुहार नै कायापलट हुन्छ भन्ठाने। बिचौलिया समातिन्छन्, भ्रष्टाचारीहरु कानुनको दायरामा आउँछन्, सुशासन कायम गर्छन्, रोजगारी दिन्छन्, विकास गर्छन्लगायत जनताका यावत अपेक्षा थियो। तर, भयो के ? सदनमा उभिएर सांसदको प्रश्नको जवाफ दिन नसक्नेले सुशासन कायमगर्न सक्छ ? लेखनदास, बिचौलियाहरु हिजो काँग्रेस, एमाले, माओवादी थिए। अहिले उनीहरु रास्वपा भइसके। अब जनतालाई ठग्न पाइयो। उनीहरु मात्र होइन, सरकारी कर्मचारी, भूपू कर्मचारी, गुण्डा, सहकारी ठग, भूमाफियालगायत जम्मै रास्वपा बनिसके। शक्तिको पछाडि लागेर जोगिनु जो पऱ्यो। रास्वपामा धेरै ठग, दलालहरु छन्। रास्वपामा जोडिएकाहरु कुनै न कुनै काण्डमा जोडिएका छन्। हिजो अन्य पार्टीमा बसेर लुटे, अहिले तिनै रास्वपा बनेका छन्। सर्पले काँचुली फेरेजसरी दलाल र माफियाहरुले पार्टी फेरिरहेको छ।

सुशासन कायमगर्ने होभने पहिले आफ्नो पार्टीबाट गर। शुरुमा आफ्नो पार्टी सफा गर अनि मात्रै अरुमाथि प्रश्न उठाऊ। दलाल, ठग पालेको पार्टीले ठूलो कुरा नगर्दापनि हुन्छ। काँग्रेस, एमाले, माओवादी सकाउने यिनै दलाल हुन्। यो कुरा रास्वपाले बुझोस। नत्र पाँच वर्षपछि पुरानै राजनीतिक दलको हविगत होला। नेपालमा जति पार्टी खुलेका छन्, तिनको उद्देश्य देश लुट्ने र सकाउने रहेछ। पार्टी ठूलो बनाउनका निम्ति जस्तोपनि व्यक्तिलाई सदस्यता दिइँदैछ। व्यक्तिको विगतजस्तो होस्, पार्टीमा भित्र्याउने। यसले गर्दा देश सकियो। जनता महँगीको मारमा पर्नु पऱ्यो। गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा रास्वपा पहिलो पार्टी बन्यो।

रास्वपालाई भोट दिने भारतीय, चिनियाँ, अमेरिकन नागरिक होइनन्। हिजो एमाले, काँग्रेस, माओवादीलाई भोट हाल्नेहरुले नै रास्वपालाई मतदान गरेर जिताएका हुन्। एमाले, काँग्रेस, माओवादीको झोला बोके, फाइदा लिए अनि त्यहाँबाट फाइदा हुन छोडेपछि रास्वपामा आए। अब भनौं सबैभन्दा फटाहा को ? जनता कि नेता ? रास्वपाले पाँच वर्षको म्याण्डेट आएको छ। रास्वपाले के काम गर्छ ? जनता हेरेर बसेका छन्। काम गर्न सकेन भने पुराना दलभन्दा बढी बेजोग रास्वपाको हुन्छ। रास्वपाको १८२ सांसदमध्ये कुनैमाथि सरकारी सम्पत्ति कब्जाको आरोप छ। कुनैउपर विदेशी युवतीलाई गर्भवती बनाएर अलपत्र पारेको आरोप लागेको छ। सहकारी ठगी, मानव तस्करी, ठगीलगायतको आरोप रास्वपा सांसदहरुमाथि छ। वास्तवमा भन्ने होभने रास्वपामा चोखोभन्ने व्यक्ति नै भेटिँदैन। एकपछि अर्को गर्दै सांसदहरुको काण्ड बाहिरिरहेको छ। यस्तालाई जनताले भोट दिएर पठाए। अब थकथकाउनुबाहेक केही विकल्प नै छैन। रास्वपाको सरकार बन्नेबित्तिकै दैनिक उपभोग्य सामानको भाउ बढेको छ। मँहगीको भार जनताले खेप्न नसक्ने भइसके। जनताहरु रास्वपालाई बेकारमा भोट दिएछौं भन्न थालिसके। रास्वपा आएपछि के परिवर्तन भयो ? रास्वपाले ०७२ असोज ३ गतेको संविधान मान्छौं भनेको छ। प्रदेश र लोकतन्त्र गणतन्त्र मान्ने रास्वपाले जनाएको छ। अनि केचाँहि परिवर्तन भयो ? सबै पुरानै मान्नुपर्ने थियो भने त्यत्रो आन्दोलनको के औचित्य ? पुराना दलले नागरिकलाई विदेशमा बेच्यो, रोजगारी दिएन भनेर रास्वपाले विरोध गऱ्यो। अहिले त रास्वपाकै सरकार छ, जनता विदेश जानुपर्ने बाध्यताको किन अन्त्य भएन ? अहिले पनि दैनिक तीनदेखि चार हजार नागरिक एअरपोर्टबाट बाहिरिरहेका छन्।

पुराना दलले निजीकरण गरेको उद्योग सरकारको नाममा फिर्ता ल्याएर पुनः सञ्चालन गर्न सरकार असमर्थ देखिएको छ। सरकार गठन भएको दुई महिना बितिसक्दा देशमा सुधार हुने झिनो आशा पनि देखिएको छैन। के ७७ जनाको योगदान खेर गएकै हो ? सरकारी सम्पत्तिमा भएको क्षति खेर गएकै हो ? भ्रष्टाचार नियन्त्रण, मँहगी नियन्त्रण, सिण्डिकेट तोड्न, सरकारी निकायमा सुधार गर्न, सरकारी जग्गा खोज्न, उद्योग सञ्चालन गर्न सरकार नाकाम भएको छ। आन्दोलनले फाइदा भएको रवि, वालेन्द्र र रास्वपाका नेताहरुलाई मात्र हो। रवि जेलबाट निस्किए। अहिले अदालतले अभियोग पनि फिर्ता लियो। वालेन्द्र प्रधानमन्त्री भए। त्यो आन्दोलन नभएको सायदै वालेन्द्र यति छिटो प्रधानमन्त्री बन्थे होलान्। रास्वपाका नेताहरु सांसद बने। योभन्दा अरु के चाहियो ? यहाँ न हिजो जनताका लागि कुनै आन्दोलन भएको थियो न आज भएको छ। सबैले आफ्नो व्यक्तिगत स्वार्थको लागि जनता उचाल्ने हुन्। सडकमा सुरक्षाकर्मीको गोली खुवाएर मार्ने हुन्। अनि सत्तामा पुग्नेचाँहि ती नेता हुन्। नयाँ सरकारको नयाँ नीति तथा कार्यक्रम र बजेटले पनि बर्तमान सरकारको खास अवस्थाका बारेमा स्पष्ट गरेका छन्। तुजुकले मात्र कुनैपनि देशको शासन सत्ता चल्दैन भन्ने स्पष्ट भएको छ।

# समाचार विविध

## ४९ वटा झोलुंगे पुल अलपत्र

काठमाडौं। देशका बिभिन्न स्थानमा ४९ वटा झोलुंगे पुल अलपत्र परेको थाहा भएको छ। तुइन विस्थापनगरी नागरिकलाई सहज रुपमा आब त-जावतगर्न निर्माण शुरुगरिएका ४९ वटा झोलुंगे पुल अलपत्र अवस्थामा रहेको पाइएको हो। महालेखापरीक्षकको कार्यालयको ६३ औं वार्षिक प्रतिवेदनमा झोलुंगे पुल निर्माणको जिम्मालिई अलपत्र पार्ने निर्माण व्यवसायीलाई जिम्मेवार बनाउन सुझाव समेत दिएको छ। सस्पनेन्सन ब्रिज डिभिजनबाट आब०६९/७० देखि आब ०७८/७९ सम्ममा झोलुंगे पुल निर्माणका लागि एक अर्ब ३९ करोड १२ लाख बराबरको खरिद सम्झौता भएको थियो। त्यसमध्ये ७८ करोड ३४ लाख ४३ हजार बराबर भुक्तानी भएको छ। बजेट लिएर पनि ४९ वटा पुल निर्माण प्रक्रिया अलपत्र पार्ने निर्माण व्यवसायीलाई तत्काल कानूनी दायरामा ल्याउन आग्रह गरिएको छ। सार्वजनिक खरिद नियमावलीअनुसार, अधुरा ठेक्काको पेश्की जमानत प्राप्तगर्ने, पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने, कालोसूचीमा राख्ने र काम पूरागर्न नपुग रकम भराउने प्रावधान भए पनि सो अनुसार नभएको प्रतिवेदनमा उल्लेख छ। सरकारले ०७२ असोज २५ निर्णयबाट तुइन भएको स्थानमा झोलुंगे पुल निर्माणगरी जनतालाई सुरक्षित एबं भरपर्दो सेवा उपलब्ध गराउने अभिप्रायले तुइन प्रतिस्थापन कार्यक्रम अघिबढाइरहेको छ। कूल ३०० झोलुंगे पुल निर्माणगर्ने लक्ष्य रहेकोमा २९१ को निर्माण कार्य सम्पन्न भएको छ। तुइन भएका १४३ स्थानमध्ये १४१ मा भने झोलुंगे पुल निर्माण भएको छ। सुर्खेत र कैलाली जोड्ने बुगाडघाटको तुइन प्रतिस्थापन गरी कर्णाली नदीमाथि झोलुंगे पुल निर्माणगर्न ०७४ माघ २३ मा ५६ लाख नौहजार बराबरको आयोजना स्वीकृति भएकामा सातौं पटक आगामी असार ३० गतेसम्म म्याद थप भएपनि भौतिक प्रगति न्यून रहेको प्रतिवेदनमा उल्लेख छ। महाकालीको पश्चेश्वरघाटमा रहेको तुइन प्रतिस्थापनगर्ने कार्यक्रम कार्यान्वयन नभएकाले सम्बन्धित पक्षसँग समन्वयगरी लक्ष्यअनुसारको कार्य सम्पन्नगर्न सुझाव दिइएको छ। सस्पेन्सन ब्रिज डिभिजनबाट निर्माणाधीन पिन्डलवारी मल्टिस्पान झोलुंगे पुल झापाको निर्माणका लागि रु छ करोड ५९ लाख ९४ हजार बराबरको ठेक्का सम्झौता भएको थियो। सम्झौताअनुसार गत मंसिर १६ मा सो पुल निर्माण सम्पन्न गर्नुपर्ने थियो। पुलको मुख्य एङ्करिङ ब्लकको पायलको कार्यभई ९१ लाख ५६ हजार भुक्तानी भएको थियो। तोकिएबमोजिम काम नभएपछि ०८२ साल जेठ ३० गते ठेक्का सम्झौता अन्त्य गरिएको बताइन्छ।

## बिद्युतीय प्रदर्शनी आयोजना हुँदै

काठमाडौं। आगामी २२ देखि २५ गतेसम्म नेपाल बिद्युतीय व्यवसायी महासंघको आयोजनामा बिद्युत, इलेक्ट्रोनिक्स, सञ्चार, सूचना प्रविधि तथा वैकल्पिक ऊर्जा क्षेत्रसँग सम्बन्धित अन्तरराष्ट्रियस्तरको बृहत् प्रदर्शनी आयोजना गरिने भएको छ। सो प्रदर्शनीमा नेपालमा जलबिद्युत उत्पादन, बिद्युत पहुँच विस्तार, औद्योगिक विकास तथा डिजिटल प्रविधिको प्रयोगका बारेमा जानकारी दिइनेछ। फिन इलेक्ट्रोटेक-२०२६ नाम दिइएको प्रदर्शनीमा बिद्युतीय सामग्रीको माग र प्रयोग दिन प्रतिदिन बढिरहेको अवस्थामा उपभोक्ता, व्यवसायी तथा प्राविधिक क्षेत्रलाई नवीनतम् प्रविधि, अन्तरराष्ट्रिय मापदण्ड, सुरक्षा प्रणाली तथा ऊर्जा दक्ष समाधानबारे जानकारी गराउने उद्देश्य राखिएको छ। नेपालमा बिद्युतीय उद्योगको विकास, स्वदेशी उत्पादनको प्रवर्द्धन, विदेशी प्रविधि तथा लगानी आकर्षण, व्यावसायिक नेटवर्क विस्तार तथा अन्तरराष्ट्रिय व्यापार सहकार्यलाई थपमजबुत बनाउने अपेक्षा राखिएको छ। चार दिनसम्म सञ्चालन हुने यस अन्तरराष्ट्रिय प्रदर्शनीमा नेपालसहित बिभिन्न देशका प्रतिष्ठित कम्पनी, उत्पादक, आयातकर्ता, वितरक तथा प्रविधि प्रदायक संस्थाहरुको सहभागिता रहनेछ। प्रदर्शनीमा ट्रान्समिसन तथा डिष्ट्रिब्युसन सामग्री, स्मार्ट ऊर्जा समाधान, औद्योगिक तथा घरेलु बिद्युतीय उपकरण, वायर, केबुल तथा कन्डक्टर, एलइडी लाइटिङ, स्मार्ट स्विच, सुरक्षा प्रणाली, सौर्य ऊर्जा, अटोमेसन प्रणाली, सूचना प्रविधि तथा अत्याधुनिक इलेक्ट्रोनिक्स सामग्रीहरुको प्रदर्शन गरिने फिन इलेक्ट्रोटेक-२०२६, मूल आयोजक समिति संयोजक दिलीपकुमार अग्रवालले जानकारी दिनुभएको छ। प्रदर्शनीमा नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्सलगायत बिभिन्न सरोकारवाला संस्थाहरुको सहयोग तथा सहभागिता रहने बताइएको छ।

## समस्याग्रस्त सहकारीका ऋणीको खोजी

काठमाडौं। समस्याग्रस्त सहकारीका ऋणीको खोजी थालिएको थाहा भएको छ। समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले समस्याग्रस्त चार सहकारीका ऋणीको नामावली सार्वजनिक गरेको छ। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गतको समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले समस्याग्रस्त घोषित चारवटा सहकारी संस्थाका ऋणीको नामावली सार्वजनिक गरेको छ। समितिले एक सूचना जारीगर्दै सरकारबाट ०८० चैत १९ गते समस्याग्रस्त घोषित भएका घेदुङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, तपाई हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, नागरिक कल्याण बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड र आइडियल यमुना बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका ऋणीहरुको नामावली सार्वजनिक गरेको हो। समितिको पछिल्लो निर्णयअनुसार उपलब्ध ऋण विवरणका आधारमा नामावली सार्वजनिक गरिएको हो। साविकमा ऋण चुक्ता गरिसकेका तर नामावलीमा नाम समावेश भएका ऋणीलाई सप्रमाण कार्यालयमा उपस्थित हुन समितिले आग्रह गरेको छ। यसैगरी, हालसम्म ऋण चुक्ता नगरेका ऋणीलाई यथाशीघ्र बुद्धनगरस्थित समितिको कार्यालयमा सम्पर्क गरी ऋण चुक्तागर्न निर्देशन दिइएको छ। तोकिएको समयभित्र ऋण चुक्ता नगरेमा कानूनबमोजिम कडा कारवाहीगरी असुलउपर गरिने समितिद्वारा जारी सूचनामा उल्लेख छ।

## बक्यौता असुली र लेखापरीक्षणको समस्या

काठमाडौं। सञ्चार क्षेत्रमा बक्यौता असुली र लेखापरीक्षणको समस्या रहेको चर्चा भैरहेकै बेला सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले मन्त्रालय मातहतका सञ्चार संस्थाहरुको वार्षिक लेखापरीक्षण चाँडो सम्पन्नगर्न तथा लामो समयदेखि उठ्न बाँकी बक्यौता रकम असुली प्रक्रियालाई तीव्रता दिन निर्देशन दिनुभएको छ। ती संस्थाका प्रमुखहरुसँग गतसाता मन्त्रालयमा भएको छलफलका क्रममा सञ्चारमन्त्री डा तिमिल्सिनाले वर्षौंदेखि थाँती रहेका **बाँकी ७ पेजमा**

## बैदेशिक..

आजादीको यस व्यवस्था स्थापनाका लागि जीवन गुमाउनुहुने अमर शहीदहरु र अग्रजहरुप्रति भावपूर्ण श्रद्धार्पण गर्दछु भन्नुभएको छ। अध्यक्ष ओलीले गणतन्त्र केवल शासन प्रणाली परिवर्तन नभई नेपाली समाजको चेतनामा आएको गहिरो रुपान्तरण भएको बताउनुभएको छ। शताब्दीयौँसम्म प्रजा भएर बाँचेको समाज संविधानमार्फत सार्वभौम नागरिकमा रुपान्तरित भएको उहाँको भनाइ छ। अध्यक्ष ओलीले स्थानीय सरकारको विस्तार, महिला, दलित, जनजाति, मधेशी तथा पीछडिएको समुदायको प्रतिनिधित्व वृद्धि, नागरिक स्वतन्त्रता, डिजिटल सेवामा पहुँच, सडक तथा सञ्चार विस्तारलाई गणतन्त्रका उपलब्धिकारुपमा व्याख्या गर्नुभएको छ। उहाँले चाहेजति गतिमा परिवर्तन हुननसक्दा प्रणालीसँगै असन्तुष्टि हुनपनि सक्छ, तर ती असन्तुष्टिको वैधानिक रुपमा सम्बोधनगर्न पनि गणतान्त्रिक प्रणाली नै चाहिन्छ भन्नुभएको छ। उहाँले जनताको निराशाबाट लाभ लिन लोकतान्त्रिक संस्थामाथि अविश्वास फैलाउने प्रवृत्तिप्रति सचेत गराउँदै यस्तो कार्यले अधिनायकवादको जोखिम बढाउने चेतावनी दिनुभएको छ। उहाँले लोकतान्त्रिक व्यवस्था र लोकप्रिय नारा बीचको भिन्नता समाजले तत्काल होइन, जीवन भोगाइको नतिजामा बिस्तारै थाहापाउने कुरा हो। जनताको निराशाबाट लाभ लिन संस्थामाथि अविश्वास रोप्ने र भावनालाई दुरुत्साहन गरेर लोकतान्त्रिक संरचनालाई कमजोर बनाउने प्रवृत्तिबाट लोकतान्त्रिक अधिकार कमजोरबन्ने तथा अधिनायक तन्त्र हुर्किने जोखिम रहन्छ भन्नुभएको छ। अध्यक्ष ओलीले संविधान, संसद, न्यायपालिका र स्वतन्त्र प्रेसको अधिकारक्षेत्रको अनतिक्रम्यता र रक्षानै, यसबेला समग्रमा हाम्रो गणतन्त्रको रक्षा हो। लोकतान्त्रिक गणतन्त्र नभए केके गुमाउनु पर्छभन्ने कुरा गणतन्त्र नरहेका बेलामात्रै समाजले महशुसगर्न पाउँछ, जुन हाम्रो अघिल्लो पुस्ताले भोगेको थियो भन्नुभएको छ। उहाँले लोकतन्त्रका यी संस्थाहरु कमजोर भएभने कुनै पनि समाज बलियो रहँदैन, जनताले सुख पनि पाउँदैनन्। तसर्थ, लोकतान्त्रिक गणतन्त्रका यी अंगहरुको रक्षागर्नु भनेको हामी सबैको भविष्यको रक्षागर्नु हो भन्नुभएको छ।

**कमी कमजोरीलाई सुधार्न सकिने :** नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहालले गणतन्त्रको विकल्प अझ समुन्नत र समावेशी गणतन्त्र भएको बताउनुभएको छ। गत शुक्रबार गणतन्त्र दिवसका उपलक्षमा शुभकामना सन्देश जारीगर्दै उहाँले लोकतान्त्रिक गणतन्त्र नेपाली जनताको लामो संघर्ष, हजारौं शहीदहरुको बलिदान, त्याग र समर्पणबाट प्राप्त ऐतिहासिक उपलब्धि भएको उल्लेख गर्नुभएको छ। उहाँले नेपालको संविधानले सुनिश्चित गरेको लोकतान्त्रिक गणतन्त्र बिभिन्न कालखण्डमा नेपाली जनताले गरेको लामो संघर्ष, हजारौं सहिदहरुको बलिदान, त्याग र समर्पणको ऐतिहासिक उपलब्धि हो। यो व्यवस्था कुनै व्यक्ति वा दलको नभएर परिवर्तनका आक्यांक्षी सम्पूर्ण नेपाली जनताको साझा उपलब्धि हो भन्नुभएको छ। उहाँले संविधानको मूलमर्मबाट पछिहट्ने वा यसका मूल्य, मान्यता र उपलब्धिमाथि सम्झौतागर्ने छुट कसैलाई नभएको उल्लेख गर्नुभएको छ। संयोजक दाहालले संविधानको कार्यान्वयनमा देखिएका कमजोरीहरुलाई सच्याउँदै, राज्य सञ्चालनको प्रक्रियामा बिद्यमान परम्परागत परिपाटी र स्वेच्छाचारिताको अन्त्यगर्नु आजको आवश्यकता हो। जनताको अधिकार, लोकतान्त्रिक मूल्य र समावेशितालाई अझ सुदृढ बनाउँदै अघिबढ्नुनै साँचो अर्थमा गणतन्त्रप्रतिको सम्मान हो भन्नुभएको छ। उहाँले उपेक्षित, उत्पीडित वर्ग, समुदाय र क्षेत्रका अधिकारलाई अझ मजबुत बनाउनुपर्नेमा जोडदिनुभएको छ। दाहालले राजनीतिक स्थायित्व, सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धिका लागि सबै राजनीतिक शक्ति तथा नागरिकबीच एकता आवश्यक रहेको बताउनु भएको छ। उहाँले सामाजिक न्यायसहितको समृद्धिमार्फत समाजवादी नेपाल निर्माण साझा राष्ट्रिय संकल्प भएको उल्लेख गर्नुभएको छ। उहाँले हामीबीच राजनीतिक मतभेद हुनसक्छन्, संसदीय परिपाटीमा संख्यात्मक अंकगणित फरक हुनसक्छ, तर राष्ट्रिय सरोकारका मुद्दामा संवाद र सहकार्य हाम्रो संस्कार बन्नुपर्छ। संविधान, लोकतन्त्र र गणतन्त्रको रक्षा हामी सबैको पहिलो जिम्मेवारी हो भन्नुभएको छ। उहाँले परिवर्तनका उपलब्धिलाई कमजोर बनाउने कुनैपनि प्रयासप्रति सचेत रहन आग्रहगर्दै समृद्ध, न्यायपूर्ण र आत्मनिर्भर नेपाल निर्माणमा सबै एकजुट हुनुपर्ने आह्वानसमेत गर्नुभएको छ।

**समृद्ध बनाउन सकिने :** नेपाली कांग्रेसका सभापति गगन थापाले नेपालको संविधानको संरक्षण तथा लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको संस्थागत सुदृढीकरणबाट मात्रै नेपाललाई सभ्य, समुन्नत, सुखी र समृद्ध राष्ट्रकारुपमा रुपान्तरणगर्न सकिने बताउनुभएको छ। गणतन्त्र दिवसको अवसरमा गत शुक्रबार एक शुभकामना सन्देश जारीगर्दै उहाँले संविधान र गणतन्त्रको रक्षा तथा सुदृढीकरणका लागि सबैले आआफ्नो स्थानबाट जिम्मेवार भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता औंल्याउनुभएको छ। सभापति थापाले नेपाली जनताको त्याग, संघर्ष र बलिदानको परिणाम स्वरुप ऐतिहासिक जन आन्दोलन ०६२/६३ सफल भएको उल्लेखगर्दै त्यसपछि नेपाली कांग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा संविधानसभा निर्वाचन सम्पन्न भएको स्मरण गर्नुभएको छ। उहाँले शुभकामना सन्देशमा ०६५ जेठ १५ गते संविधानसभाको पहिलो बैठकबाट नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्र घोषणागर्दै राजतन्त्रको अन्त्य गरिएको थियो। यही ऐतिहासिक उपलब्धिको स्मरणमा हामी हरेकवर्ष जेठ १५ लाई गौरवकासाथ गणतन्त्र दिवसकारुपमा मनाउँदै आएका छौं भन्नुभयो। उहाँले मुलुकलाई आर्थिक समृद्धितर्फ अघिबढाउँदै लोकतान्त्रिक मूल्य, मान्यता र संस्कृतिमा आधारित न्यायपूर्ण तथा समतामूलक समाज निर्माण गर्नुपर्नेमा जोड दिनुभएको छ।

## बक्यौता...

लेखापरीक्षण तथा बक्यौता व्यवस्थापनलाई प्राथमिकतामा राख्न निर्देशन दिनुभएको हो । विशेषगरी गोरखापत्र संस्थान, सार्वजनिक सेवा प्रसारण संस्था र रासस जस्ता पुराना सरकारी सञ्चार संस्थाहरु लामो समयदेखि आर्थिक सङ्कट, संरचनागत जटिलता, जनशक्ति व्यवस्थापन तथा डिजिटल रुपान्तरणको चुनौतीसँग जुधिरहेका छन् । विज्ञापन बजार सङ्कुचन, सरकारी निकायबाट हुने भुक्तानीमा ढिलाइ तथा परम्परागत सञ्चालन प्रणालीका कारण ती संस्थाहरुको आम्दानीमा दबाब बढ्दै गएको देखिन्छ । बैठकमा गोरखापत्र संस्थान र सार्वजनिक सेवा प्रसारण नेपाल (पूर्व नेपाल टेलिभिजन तथा रेडियो नेपाल संरचना समेटिएको संस्था) को आब ०७९/८० यताका लेखापरीक्षण कार्य अझै सम्पन्न हुननसकेको जानकारी गराइएको थियो । यसप्रति असन्तुष्टि जनाउनुहुँदै सञ्चारमन्त्री तिमिल्सिनाले रोकिएको लेखापरीक्षण तत्काल अघि बढाएर निर्धारित समयभित्र टुंग्याउन सम्बन्धित निकायका प्रमुखलाई निर्देशन दिनुभयो । उहाँले लेखापरीक्षण ढिलाहुँदा संस्थागत पारदर्शिता कमजोर हुने, आर्थिक गतिविधिमाथि प्रश्न उठ्ने तथा सार्वजनिक संस्थामाथिको विश्वासमा असर पर्ने बताउनुभयो । सञ्चारमन्त्री तिमिल्सिनाले ती संस्थाहरुको उठ्न बाँकी रकम असुलीका लागि स्पष्ट कार्ययोजना बनाउन, आवश्यक परे कानूनी प्रक्रिया अघिबढाउन र नियमित अनुगमनगर्न पनि निर्देशन दिनुभएको थियो । उहाँले राज्यको श्रोत उपयोग गरेर सञ्चालन भएका संस्थाहरुले आफ्नो वित्तीय व्यवस्थापनलाई व्यवस्थित बनाउनु अनिवार्य छ । यसका लागि हरेक कर्मचारीले जिम्मेवार भएर काम गर्नुहोला भन्नुभएको थियो । छलफलकाक्रममा जानकारी गराइएअनुसार सार्वजनिक सेवा प्रसारण संस्थाको करिब ३५ करोड, गोरखापत्र संस्थानको करिब ४१ करोड तथा राष्ट्रिय समाचार समितिको करिब एककरोड बक्यौता रकम उठ्न बाँकी रहेको छ । ती रकम बिभिन्न सरकारी निकाय, विज्ञापन एजेन्सी, विज्ञापनदाता संस्था तथा सेवा उपयोगकर्ताबाट असुल हुन बाँकी रहेको जनाइएको छ । सञ्चारमन्त्री डा तिमिल्सिनाले आगामी दिनमा बक्यौता नै नरहनेगरी कारोबार प्रणाली विकास गर्नुपर्नेमा पनि जोड दिनुभएको थियो । सेवाग्राहीसँगको सम्झौता, विज्ञापन प्रकाशन तथा प्रसारण प्रक्रियालाई डिजिटल र पारदर्शी बनाउँदै समयमै भुक्तानी सुनिश्चितगर्ने प्रणाली विकास गर्नुपर्ने उहाँले बताउनुभयो । त्यसैगरी सञ्चारमन्त्री डा तिमिल्सिनाले सरकारी सञ्चार संस्थाहरुलाई केवल राज्यको अनुदानमा निर्भररहने संरचनाबाट बाहिर निकालेर व्यवसायिकरुपमा सक्षम बनाउनु आवश्यक रहेको बताउनुभएको थियो । उहाँले बजार प्रतिश्पर्धा , डिजिटल सञ्चारको विस्तार र निजी सञ्चारमाध्यमको प्रभावबीच सरकारी सञ्चार संस्थाले आफ्नो विश्वसनीयता र आर्थिक आधार दुवै बलियो बनाउनुपर्ने आवश्यकता औंल्याउनुभएको थियो ।

## बैदेशिक..

वर्षदिन बितिसक्दा कन्सल्टेन्सी र म्यानपावरले विदेश उडाएको छैन । कन्सल्टेन्सी र म्यानपावर दिनैपिच्छे धाउने र निराश भएर फर्किने क्रम चलिरहेको छ । ब्याज पाकेको पाक्यै छ, विदेश जाने टुंगो लाग्दैन । उनीहरुलाई कति पीडा भएको होला ? कोठाभाडा तिर्नुपर्‍यो, कन्सल्टेन्सी र म्यानपावरको कार्यालय दिनकै धाउनुपर्‍यो, खानुपर्‍यो । कसरी गुजारा गरिरहेका होलान् उनीहरुले ? वालेन्द्र नेतृत्वको सरकार गठन भएको दुईमहिना भयो । सरकारले चुनावअघि नेपालीलाई स्वदेशमै रोजगारीको व्यवस्थागर्ने वाचा गरेको थियो । के भयो वाचाको ? अहिलेपनि दिनहुँ हजारौं नागरिक एअरपोर्टबाट वैदेशिक रोजगारीका लागि बाहिरिरहेका छन् । कोही वैध माध्यमबाट बाहिरिएका छन् त कोही अवैध । अर्कोतिर, विदेश जानका लागि बुझाएको पैसा फसेकाहरु यत्तिकै छन् । उनीहरुलाई न्याय कसले दिने ? न सरकार देशमै रोजगारीको सिर्जना गरेर विदेश जानबाट रोक्न सक्छ न त विदेश जानेलाई सहज वातावरण नै बनाउन । देशमै गुणस्तरीय शिक्षा छभनि सरकारले जनतालाई विश्वास पनि दिलाउन सकेको छैन । कन्सल्टेन्सीले भ्रम छरिरहेको छ, सरकार मौन छ । सरकार भन्छ-फ्रि टिकट, फ्रि भिसा । तर, म्यानपावरहरुले खाडी जानलाई तीनदेखि छलाख रुपैयाँ असुलिरहेको छ । अनि सरकार कहाँ छ ? सरकार छ र ? पैसा तिरेर पनि सहज रुपमा जान पाए त हुन्थ्यो नि । म्यानपावर र कन्सल्टेन्सी सञ्चालकले पैसा लिन्छन्, घरजग्गा र सेयरमा लगानी गर्छन् । उनीहरु गाडी चढेर हिँड्छन्, हातभर सुन लगाउँछन् । पैसा दिनेचाँहि आफ्नो पैसाका लागि म्यानपावर र कन्सल्टेन्सी धाइरहेको छ । वाणिज्य विभागको कतिपय महानिर्देशकहुँदा कन्सल्टेन्सीमाथि अनुमान बढाइएको थियो । त्यतिबेला अधिकांश कन्सल्टेन्सीको दर्ता भेटिएन । कड्याइँ गरेपछि सरकारले सरुवा गरिहाल्यो । अरुले अनुगमनगर्ने आँट गर्दैनन् । म्यानपावरले मेडिकलबापत पनि श्रमिकबाट ठग्दै आएको छ । सरकार अस्पतालमा पाँच सयमा हुने मेडिकल निजी अस्पतालमा गर्न लगाउँछन् । श्रमिकहरु चार,पाँच हजार रुपैया तिरेर मेडिकल गरिरहेका छन् । त्यहाँबाट कन्सल्टेन्सी सञ्चालकले कमिशन खान्छन् । अनि कहाँ आयो सुशासन ? वालेन्द्र सरकारको सुशासन यहीं हो ? कानूनले दर्ता नगरिकन कुनै व्यवसाय सञ्चालन गर्न नपाउने व्यवस्था गरेको छ । घरधनीले पनि वडामा सम्झौता नगरिकन घरभाडामा दिन मिल्दैन । तर, दर्ता र सम्झौताबेगर नै व्यवसाय सञ्चालन गरिएको छ । यहाँ त तैँचुप मैचुपको अवस्था छ । कर छलनका लागि घरधनी र व्यवसायीको मिलेमतोमा यो धन्दा चलिरहेको छ । सरकारले त्यस्ता कारोवारीहरुमाथि कारवाही थाल्नु जरुरी भएको छ ।

## आजको...

साम्राज्यवादको आँडभरोसमा चलेका सत्ताहरुको नियति योभन्दा अर्को हुन् पनि सक्तैन भन्ने शिक्षा विश्वभरीका घटनाक्रमले दिइरहेका छन् । यस्ता गतिबिधिहरुबाट शोषित तथा उत्पीडित जनता सचेत हुनै पदर्छ । यथार्थतः सही दिशामा अर्थात स्वाधीन जन गणतन्त्रको दिशामा अघि बढ्ने प्रस्थान बिन्दू नै यही हो । यसको कुनै बिकल्प छैन र हुन पनि सक्तैन । गणतन्त्र दिबसले यथार्थतः परिबर्तनका सम्वाहक सबैमा राजनीतकि, आर्थिक, समाजिक तथा साँस्कृतिक बिकृति र बिसंगतिका बिरुद्ध लड्न र तिनलाई चिरेर अघि बढ्न प्रेरणा दिन सकेमामात्र त्यो सार्थक र सही दिशातर्फको प्रस्थान बिन्दू हुनसक्छ । **(लेखक : नेकपाका संयोजक हुनुहुन्छ । )**

## अन्तराष्ट्रिय..

सो योजनामा उल्लेख छ । सन् २०१३ मा वान बेल्ट वान रोड (अहिलेको बेल्ट एन्ड रोड इनिसिएटिभ( बीआरआई) परियोजना सार्वजनिक गरेदेखिनै चीनले आफ्नो विश्वव्यापी उपस्थिति बलियो बनाउँदै गएको छ । सन् २०२६ सम्म आइपुग्दा १५० भन्दा धेरै देशले यस परियोजनामा हस्ताक्षर गरिसकेका छन् । तर लगानी र ऋणमा सहमति जुट्न बाँकी रहेकाले धेरै देशमा यो योजना कार्यान्वयन भइसकेको छैन । राष्ट्रपति सी जीनपिङको महत्वाक्यांक्षी लक्ष्य चिनियाँ सपनाअनुसार चीनले सन् २०४९ भित्र आफूलाई विश्वको नम्बरएक शक्तिकारुपमा उभ्याउन चाहेको छ । जनगणतन्त्र चीन स्थापनाको शतवार्षिकीसम्म आर्थिक, राजनीतिक, कूटनीतिक क्षेत्रमा एउटा अब्बल समाजवादी राष्ट्रकारुपमा चीनलाई उभ्याउने योजना सीले बनाएको देखिन्छ । जसलाई चिनियाँ सपना वा चिनियाँ पुनरुदय भनिएको पाइन्छ ।। ट्रम्पको हालैको भ्रमणका दौरान भएको सम्झौतामा मेक अमेरिका ग्रेट अगेनसँगै चिनियाँ पुनरुदयको विषय पनि समेटिएको छ । अमेरिकाले चीनलाई आफू वा सोसरहको मान्यता दिएको यसले देखाउँछ । शीतयुद्धपछि लामो समय एकल ध्रुवीय विश्वको नेतृत्व अमेरिकाले गरिरहेको थियो । तर बहुध्रुवीय विश्वमा अहिले चीनको भूमिका बढेर गएको छ । त्यहीकारण चीनसँग सम्बन्ध बनाउनका लागि अन्य देशहरु पनि आकर्षित देखिन्छन् । चीनको बढ्दो कूटनीतिक सञ्जाल, हाईटेक उद्योगमा बढ्दो उपस्थिति र शान्तिप्रतिको प्रतिबद्धताले पनि यसमा ठूलो भूमिका खेलेको पाइएको छ । इरानदेखि भेनेजुएलासम्म चलेको भूराजनीतिक द्वन्द र विशेषगरी इरानमा लक्ष्य हाशिलगर्न असफल हुँदाको अवस्थाले अमेरिका अस्थिर भएको सन्देश विश्वलाई दिएको छ । अमेरिकाले युद्ध टुंग्याउनका लागि चीनको साथ खोजेको देखिन्छ । त्यसैगरी चीनले झन्डै ५० बर्षदेखि कुनै पनि देशसँग ठूला युद्ध लडेको छैन । राजनीतिक शक्ति सन्तुलनको कोणबाट होस् वा व्यापार सम्बन्धमा, उसले सहअस्तित्वको सिद्धान्तअनुसार सम्बन्ध बिस्तार गरिरहेको देखिएको छ । धेरैजसो शक्तिराष्ट्रहरु अन्तर्राष्ट्रिय नियमअनुसार संसार चलिरहेका छैनन् । यस्तोमा चीनको उदय र विधि-प्रक्रियामाथिको उसको प्रतिबद्धताले पनि राजनीतिक शक्ति सन्तुलनमा उसको भूमिकालाई बढावा दिएको छ ।'उनले थपे, 'सन् २०१० अघिसम्म गार्मेन्ट र घरायसी सामग्रीको उत्पादनमा केन्द्रित चिनियाँहरु अहिले स्मार्टफोन, एरोस्पेस, पानीजहाज, हतियार तथा खरखजाना, ड्रोन, एआई, रोबेटिक, विद्युतीय सवारी, टेली कम्युनिकेसन्सलगायत हाई टेक उद्योगमा अग्रणी भूमिकामा छन् । विश्वका धेरै देशका अर्थतन्त्रहरु दबाबबाट गुज्रिएको अवस्थामा चीनले आधुनिक प्रविधिमा आधारित उद्योगहरुमा सहकार्यका लागि अवसर प्रदान गरेको छ । दुर्लभ खनिजमाथिको नियन्त्रण, विशाल आपूर्ति चक्र, आर्थिक वृद्धिदरलगायत कारणले विश्वका अन्य अर्थतन्त्र चीनसँग सहकार्यका लागि इच्छुक देखिन्छन् । यी सबैका बाबजुद चीनको अन्तर्राष्ट्रिय सम्बन्ध चुनौतीरहित छैन । चीनका आफ्नै जटिलता पनि छन् । उदाहारणका लागि उद्योगहरुलाई बन्द हुनबाट रोक्न तथा आर्थिक वृद्धिको लक्ष्य हाशिलगर्न बेइजिङले केही उत्पादनशील क्षेत्रमा ठूलो परिमाणमा अनुदान उपलब्ध गराउँदै आएको छ । जसबाट सिर्जना हुने अतिरिक्त उत्पादनलाई युरोपेली युनियनसहित विश्वभर सस्तोमूल्यमा निर्यात गरिन्छ । जसले त्यहाँका घरेलु उद्योगहरुलाई समस्यामा पारेको भएपनि निर्यात रोक्न सक्ने अवस्थामा चीन छैन । अर्कोतर्फ चीनको आर्थिक विकासका लागि पश्चिमा बजार महत्वपूर्ण हुँदाहुँदै पनि रुस र इरानलाई उसले समर्थन दिइरहेको छ । यसरी नेपालको छिमेकी चीन विश्वकै आकर्षणको केन्द्रहुँदा नेपालले भने त्यसबाट पर्याप्त लाभ लिन नसकेको देखिएको छ । जुन हालको बिचारणिय पक्ष पनि हो ।

## औषधी...

हुनुपर्नेमा उहाँको जोड थियो । नेपाली औषधि उद्योगले नेपालको मागको ८० प्रतिशत पूरा गर्नसक्ने क्षमता रहेकोभन्दै क्षेत्रीले केही खोप र नयाँ नयाँ मलिकूल (प्याटेन्ट लगाएका) मा उत्पादन भएको औषधिबाहेक सबै नेपालमा उत्पादन हुन्छ भन्नुभएको छ । अहिले नेपाली उद्योगहरुले २० देखि ४० प्रतिशत क्षमतामा एक सत्र (सिफ्ट) मात्र सञ्चालन भइरहेकाभन्दै दुई सिफ्टमात्रै सञ्चालनगर्ने हो भने पनि नेपाली उद्योगले नेपाली मागको ८० प्रतिशत औषधि यही उत्पादन गर्नसक्ने क्षेत्रीले बताउनुभएको छ । नेपाल औषधि उत्पादक संघका केन्द्रीय अध्यक्ष विप्लव अधिकारीले नेपाली औषधि उद्योगमा ४० अर्बभन्दा बढी लगानी भइसकेको बताउनुभएको छ । त्यसको ५० देखि ६० प्रतिशत बैंकको लगानी रहेको छ । उहाँले भएका उद्योगमध्ये ५० वटा हाराहारी बन्दहुने अवस्थामा पुगेको बताउनुभयो । उहाँले उद्योगमध्ये पनि १० वटामात्रै राम्रोसँग सञ्चालन हुन सकेका छन् । बाँकी अप्ठ्यारो अवस्थामा (सिक इण्डस्टिजका रुपमा परिणत भएका) छन् । कतिपयले कामदारलाई तलब खुवाउन र बैंक तिर्न पनि सकेका छैनन् भन्नुभएको छ । ०७४ सालमा तत्कालीन सरकारले ३० वटा नेपालमा उत्पादन हुने औषधि आयात रोक्ने निर्णय गरेको भएपनि कार्यान्वयन हुन नसकेको उहाँको भनाइ छ । उहाँले यहाँ उत्पादन हुने औषधि आयात रोक्न सकियोभने यहाँको उद्योग चल्छन्, सरकारको राजस्व बढ्छ भन्नुभएको छ । त्यससँगै विदेशीने ठूलो धनराशी स्वदेशी बजारमानै चलायमान हुने अध्यक्ष अधिकारीको भनाइ छ । उद्योग स्थापनागर्दा लाग्ने भन्सार र मूल्य अभिवृद्धि कर (भ्याट)जस्ता कारण उद्योगको लागत बढेकोभन्दै उहाँले उत्पादन शुरु भएपछि मात्रै कर लिने नीति सरकारले लिनुपर्ने बताउनुभयो । औषधिको लाइसेन्स लिने क्रममा ढिलासुस्तीको व्यवसायीहरुले भोग्दै आएको उहाँको भनाई छ । उहाँले उद्योगीलाई राज्यले सहजीकरण होइन कि नियन्त्रण गर्नुपर्छ भन्ने मान्यता छ, यसलाई बन्द गर्नुपर्छ भन्नुभएको छ । नेपालमा औषधिमात्रै वार्षिक सातअर्ब हाराहारीको खपत हुने आँकलन छ । त्यसमध्ये आधामात्रै नेपाली औषधि बिक्री हुन्छ । नेपाली उत्पादनको गुणस्तर राम्रो भएकोभन्दै उहाँले कतिपय उद्योगहरुले विदेशसमेत निर्यात गर्नेगरेको बताउनुभएको छ । एपोनका उपाध्यक्ष सन्तोष बरालले सरकारले नेपाली औषधि उद्योग बचाउनका लागि विदेशबाट औषधि आयातमा कड्याइँ गर्नुपर्ने बताउनुभयो । उहाँले बैंकको ब्याजमा अनुदान दिन आग्रहगर्दै प्रविधि भित्र्याउन र औषधि निर्यातगर्न राज्यले सहजीकरण गर्नुपर्ने बताउनुभएको छ ।

## प्रलेसको...

हुँदै गएको छ । समाजवादी यथार्थवादी पद्धतिलाई अँगालेर प्रगतिवादी समालोचनाको विकास करिबकरिब ठप्पै छभन्दा पनि हुन्छ । प्रगतिशील लेखक संघले समालोचनात्मक चेत भएका र प्रगतिशील साहित्यको बाटो हिँड्न चाहने प्रतिभाको विधागत समूह बनाएर योजनाबद्ध रुपमा काम अघि बढाउनुपर्दछ । सर्वप्रथम त प्रतिबद्ध लेखनको बारेमा प्रगतिशील लेखक संघको नेतृत्वमा बस्नेहरु नै प्रष्ट हुनुपर्छ । प्रगतिशील लेखकको लेखन वर्गप्रतिबद्ध लेखन हो । प्रगतिशील लेखक संघले संघमा आबद्ध नभएका वर्गप्रतिबद्ध लेखकको पहिचान गरी रोस्टर तयार गर्दै उनीहरुलाई संगठित बनाउने कोसिस गर्नुपर्छ । प्रगतिशील साहित्यकारले सिर्जना र अध्ययन दुबै क्षेत्रबाट हस्तक्षेप बढाउन जरुरी छ । प्रगतिशील लेखक संघका सदस्यले के के लेखिरहेका छन् ? के के पढिरहेका छन् ? अनुगमन गर्न जरुरी छ । सिर्जनाविनाको सक्रियताको प्रलेसले लोभ गर्नुहुँदैन । प्रलेसका सदस्यको सौन्दर्य सिर्जनामा देखिनुपर्छ । सिर्जनालाई प्राथमिक र संगठनात्मक सक्रियतालाई सहायक महत्व दिनुपर्दछ, नत्र प्रलेस लेखकविनाको संगठनमा रुपान्तरित हुँदै जाने खतरा बन्छ । प्रगतिशील लेखक संघले सिर्जनालाई पहिलो महत्व दिने कार्यक्रम अघि बढाउनुपर्दछ ।

**प्रकाशनको क्षेत्रमा :** प्रगतिशील पत्रिकाको प्रकाशनलाई जोड दिनुपर्छ । प्रगतिशील लेखक संघमा आबद्ध सदस्यले चलाएका साहित्यिक पत्रिका कतिपय अवस्थामा प्रगतिशील मूल्यलाई आत्मसात गरेको पाइँदैन । संघका सदस्यलाई प्रगतिशील मूल्यलाई आत्मसात गरेका सामग्री प्रकाशनगर्न उत्प्रेरितगर्नु र कर्तव्यबोध गराउन पहल लिनुपर्दछ । सरदर बजारमा निस्कने पत्रिका र प्रगतिशील पत्रिकाको फरक बुझाउन साहित्यिक पत्रिका प्रकाशन गरिरहेका प्रलेसका सदस्य सम्मिलित गराएर छलफल र अन्तरक्रियाको कार्यक्रम चलाउनुपर्छ । सेवापत्रिकादेखि लिएर उत्साह, वेदना, संकल्प, झिसमिसे, लहर, कलम, इच्छुक आदिजस्ता वर्तमान चरणसम्म निस्किरहेका प्रगतिशील/प्रगतिवादी साहित्यिक पत्रिका खोजी गरेर एकीकृतरुपमा अनलाइनमार्फत अध्ययन गर्ने व्यवस्था मिलाउन सकिन्छ । त्योमार्फत् नयाँ पुस्ताले इतिहासको विरासतबाट प्रभाव ग्रहण गर्न सक्छन् । आजको युग डिजिटल प्रविधिले पूर्णतया प्रभावित गरेको युग हो । यसलाई हामीले समयको माग बुझेर उपयोग गर्न सकिरहेका छैनौं । यसको अर्थ छापा प्रकाशनको महत्व छैन भन्ने अर्थमा बुझ्नु आवश्यक छैन तर प्रकाशनको मञ्च छापा दुनियाँबाट डिजिटल दुनियाँतिर फट्को मार्दैगरेको अवस्था हो । यो परिवर्तनलाई जति चाँडो हामीले आत्मसात गर्न सक्यौं, त्यति नै नयाँ पुस्तासँग सम्वाद बढाउन सक्नेछौं, नत्र समयले हामीलाई धेरै पहाडि छाड्नेछ ।

**संगठनको क्षेत्रमा :** प्रलेसका शाखालाई ७७ वटै जिल्ला र तल्लो तहसम्म विस्तार गरी संगठनलाई अझ सुदृढ, समावेशी र गतिशील बनाउने अभियान सञ्चालनगर्न जरुरी छ । डिजिटल माध्यम (अनलाइन पोर्टल, सामाजिक सञ्जाल) को उपयोग गरेर प्रगतिशील विचार, साहित्य र सन्देशलाई युवा पुस्तामाझ व्यापक रुपमा पुर्‍याउने योजना बनाउनुपर्छ । प्रगतिशील लेखक संघ संयुक्त मोर्चा खालको संगठन हो । बिभिन्न साहित्यिक/सांस्कृतिक संगठनसँग सम्बन्धित सदस्य यो संघमा सहभागी हुनुहुन्छ । संयुक्त मोर्चाको संस्कृतिलाई स्थापित गर्न सकियो भने यस प्रकारका संस्था प्रभावकारी ढंगबाट सञ्चालन हुनेछन् ।

**संघर्षको क्षेत्रमा :** जनजीविका, जनतन्त्र र राष्ट्रियताको पक्षमा प्रगतिशील लेखक संघले स्थापना कालदेखि संघर्ष उठाउँदै आएको छ । प्रगतिशील लेखक संघको इतिहासमा यो संस्थाले दिल्ली सम्झौता, कोशी सम्झौता, गण्डक सम्झौताजस्ता राष्ट्रघाती सम्झौताको विरुद्धमा आबाज बुलन्द बनाएको हामीले पढ्न पायौं । त्यो अभियानलाई कमजोरपार्न दिनुहुन्न । पछिल्लोपटक गरिएका महाकाली सन्धि र एमसिसी सम्झौताजस्ता राष्ट्रघाती सम्झौताका विरुद्धमा अभियान चलाएर नयाँ पुस्तालाई प्रशिक्षण गराउनु जरुरी छ । एकता-आलोचना र फेरि एकताको सही तरिकाले कार्यान्वयन गर्नु अहिलेको समयको आवश्यक ता हो । जुट्नुको अर्थ विचार परित्याग गर्नु होइन । विचारविनाको एकताले हामीलाई सही ठाउँमा पुर्‍याउँदैन । अर्कातिर, सामान्य कार्यशैलीगत मतभेदलाई पहाड बनाएर द्वन्द सिर्जनागर्दा प्रहार गरिनुपर्ने ठाउँ छुट्ने सम्भावना हुन्छ । त्यसैले संघर्ष र आलोचनालाई ठीक ढंगले अघिबढाइयो भने मात्र संयुक्त मोर्चा प्रकृतिका संस्था प्रभावकारी रुपमा सञ्चालित हुन्छन् ।

**श्रष्टा हकहित र ऐक्यबद्धता :** लेखक तथा साहित्यकारको बौद्धिक सम्पत्तिको संरक्षण, अभिव्यक्ति स्वतन्त्रताको पक्षमा वकालत र देशभरिका श्रष्टाका बिचमा आपसी ऐक्यबद्धता कायमगर्दै अघि बढ्नुपर्छ । श्रमजीवी जनतासँग हाम्रो सम्बन्धको दुरी झन् झन् बढ्दै गइरहेको छ । श्रमजीवी जनतासँग टाढा भएर एकान्त कोठामा बसेर लेखिएको प्रगतिशील साहित्यले जनताको मन जित्न सक्दैन । जनताको लागि साहित्य लेख्न चाहने लेखकले जनतालाईर अध्ययनको विषय मात्र होइन, आफ्नो सहयात्री र प्रेरणाको श्रोत बनाउनुपर्छ । जनतासँगै हाँस्ने, रुने, श्रमगर्ने र संघर्षगर्ने लेखकले मात्र जीवनको साँचो स्पन्दन भेट्याउन सक्छ । त्यसैले जनताको साहित्य लेख्ने सबैभन्दा भरपर्दो बाटो भनेको जनतासँगै घुलमिल हुनु हो । प्रगतिशील लेखक संघले मुलुकका अग्रज पुस्ताका प्रगतिशील श्रष्टाको सार्वजनिक सम्मानगर्ने प्रचलनलाई निरन्तरता दिनुपर्छ । विगतमा युद्धप्रसाद मिश्र, श्यामप्रसाद शर्मा, आनन्ददेव भट्टजस्ता विराट प्रगतिशील प्रतिभाको सामूहिक अभिनन्दन गरियो । यो अभियानमा धेरै प्रतिभालाई जोड्नुपर्छ । उहाँहरुको योगदान समेटिएको विशेषांक प्रकाशन गर्नुपर्छ । यो अभियान अग्रजको सम्मान मात्र होइन, नयाँ पुस्तालाई इतिहासप्रति जानकारी गराउनु पनि हो ।

**केही मुद्धा :** प्रगतिशील साहित्यको मूलउद्देश्य समाजको यथार्थलाई उद्घाटित गर्नु, शोषण-उत्पीडनका संरचनालाई चिनाउनु र न्यायपूर्ण तथा मानवीय समाज निर्माणको पक्षमा वैचारिक-सांस्कृतिक हस्तक्षेपगर्नु हो । समयसँगै समाजका समस्या र अन्तर्विरोध बदलिँदै गएका छन् । त्यसैले आजको प्रगतिशील साहित्यले परम्परागत वर्गीय शोषणका प्रश्नसँगै नयाँ सामाजिक, सांस्कृतिक, वैज्ञानिक र वैश्विक मुद्धालाई पनि केन्द्रमा ल्याउन आवश्यक छ । प्रगतिशील साहित्यको लक्ष्य समाजलाई उन्नत बनाउनु नै हो । समाजलाई उन्नत बनाउन प्रयत्न नगर्ने साहित्यप्रति प्रगतिशील साहित्यको खासै सरोकार रहँदैन । प्रगतिशील साहित्यले हर आफ्नो युगमा उभिएर नयाँ युगको माग गर्नुपर्छ । जलवायु संकट र पर्यावरणीय न्यायको प्रश्नलाई हामीले कहिल्यै पनि प्राथमिकतामा पारेनौं । साम्राज्यवादले नाफा कमाउने नाममा पर्यावरणलाई नष्ट गरिरहेको छ । अब यो विषयलाई पनि प्रगतिशील साहित्यको केन्द्रमा ल्याउनुपर्छ । जलवायु परिवर्तनका कारण हिमाल पग्लिनु, पानीको संकट बढ्नु, जैविक विविधताको ह्रास हुनु, र विपन्न समुदायमाथि पर्ने असमान असरलाई प्रगतिशील साहित्यले गहिराइका साथ उठाउनुपर्छ । डिजिटल पूँजीवाद र कृत्रिम बुद्धिमत्ताले सिर्जनामा पार्ने असर, श्रम, शिक्षा र रोजगारीमा ल्याउने परिवर्तन, डिजिटल असमानता र मानिसको आत्मपहिचानमा पर्ने प्रभाव पनि अब हाम्रो साहित्यको विषय बन्नुपर्छ । प्रगतिशील बालसाहित्यको क्षेत्रमा हाम्रो ध्यान विगतमा आवश्यक ताअनुसार पुग्न नसकेको सत्य हो । अहिलेका बालक नै भोलिका नागरिक हुन् । उनीहरुलाई वैज्ञानिक खुराक दिने साहित्य हाम्रो प्राथमिकतामा पर्नुपर्छ । बालसाहित्यलाई बढ्ता ध्यान केन्द्रित गर्न ज्ररुरी छ ।

**निष्कर्ष :** प्रगतिशील लेखक संघ, नेपाल एक ऐतिहासिक जिम्मेवारी बोकेको संस्था हो । यसले अतीतमा परिवर्तनको बिउ रोपेको थियो तर अबको चुनौती त्यो बिउलाई नयाँ माटो, नयाँ समय र नयाँ चेतनासँग मलजल गरेर हुर्काउनु हो । नेपाली समाजमा परिवर्तन आइरहेको छ । हाम्रा आँखाले देख्नेगरी आइरहेको छ । कैयौं पुराना विश्वास र मान्यताका जग हल्लिरहेका छन् । प्रगतिशील लेखक संघले समाजलाई नयाँ गति दिने र समयको पदचापलाई विश्लेषण गर्ने नयाँशक्तिको रुपमा आफूलाई परिवर्तितगर्न जरुरी छ । सही प्रगतिवादी दृष्टिकोणमाथि चौतर्फी रुपमा आक्रमण भइरहेकै छन् । प्रगतिशील आन्दोलन जति अघिबढ्दै जान्छ, प्रतिक्र्यावादीको योजनाबद्ध आक्रमण पनि पक्कै बढ्दै जान्छ । आम नागरिकको आबाज बोल्ने लेखनधारा कमजोर बन्दैछ कि भन्ने चिन्ता पुरानो पुस्तामा बढ्दो छ । मानिसमा विकसितहुँदै गरेको यो चिन्तालाई निराकरणगर्दैभरपर्दोबाटो पहिल्याउनु प्रलेसको अहिलेको प्रमुख कार्यभार हुनुपर्दछ । **( ०८३ जेठ १० गते प्रगतिशील लेखक संघद्वारा आयोजित राष्ट्रिय साहित्यिक विचारगोष्ठी मा प्रस्तुत विचारपत्र)**

## नेपालका...

अराजनीतिभित्र राजनीति खोज्नु के हो त ? यसको के अर्थ हुन्छ ? संसद् पुनर्स्थापनाको सर्वोच्चमा रिट हालेर सुविधाजनक अवतरणको बाटो रोज्नु सरकार र व्यवस्था गुमिसकेपछिको वामपन्थको के औचित्य ? थियोभन्ने प्रश्न हालसम्म पनि उठिरहेको छ । नेपालको राजनीतिमा लोकतन्त्रवादी भनिएकाहरुकै दुर्दशा रहेको अवस्थामा वामपन्थीको उभार देखिनुपर्ने, जनमतको र लोकप्रियताको दृष्टिले पनि कम्युनिष्ट झुकाव राम्रो रहेको हुनुपर्ने हो ।